## मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण

# राष्ट्रिय प्रतिवेदन

## २०७१

नेपाल सरकार
**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**
सिंहदरबार, काठमाडौं, नेपाल

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण

# राष्ट्रिय प्रतिवेदन

## २०७९


नेपाल सरकार

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

सिंहदरबार, काठमाडौं नेपाल

फोन नं. ०१-४२००२१६, ४२००४०८, फ्याक्स नं. : ४२००११६

**Email. mail@mowcsw.gov.np, Web www.mowcsw.gov.np**

**प्रकाशन**

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय प्रतिवेदन–२०७९

**प्रकाशक**

नेपाल सरकार

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

सिंहदरबार, काठमाडौं, नेपाल

**प्रकाशन प्रति**

*२०० प्रति*

**मुद्रण**

**एनीटाइम प्रिन्टिङ् एण्ड सप्लायर्स प्रा.लि.**

नेपाल सरकार

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ०१-४२००१६४/४२००१६८
४२०००८२/४२००४१३/४२००४०८
फ्याक्स : ४२००११६
E-mail : mail@mowcsw.gov.np
Website : www.mowcsw.gov.np

पत्र संख्या :
चलानी नं.:

# भूमिका

मानव बेचबिखन तथा ओसारपसार एक बहुआयामिक, बहुक्षेत्रगत एवं विश्वव्यापी समस्याको रुपमा रहेको छ। अशिक्षित, विपन्न वर्ग लगायत महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार बढी हुने गरेको छ। मानव बेचबिखन तथा ओसारपसारलाई कानूनत समाजको जघन्य अपराधको रुपमा लिने गरिन्छ। नेपालमा सदियौदेखि मानव बेचबिखन तथा ओसारपसार हुँदै आएको छ। प्रविधिको विकाससँगै मानव बेचबिखनका स्वरुप तथा आयामहरु समेत परिवर्तन भएको छ। अपराधमा संलग्न पक्षहरुले समाजमा रहेको गरिबी र पछौटेपनको फाइदा उठाईरहेका छन्।यस किसिमका जघन्य अपराध गर्ने अपराधीहरुलाई कानूनको दायरामा ल्याई पीडितलाई न्याय दिन चुनौती छ। विगतमा खुला सिमानाका कारण छिमेकी देश भारतमा यौन शोषणका लागि बेचबिखन गर्ने प्रवृति थियो भने वर्तमानमा आन्तरिक र वैदेशिक बजारहरुमा मानव बेचबिखन भइरहेको छ।यौन शोषण, दासता, मानव अंग प्रत्यारोपण, जोखिमपूर्ण कार्य, मनोरञ्जन, वैदेशिक रोजगारी, तथा घरेलु कामदार लगायतका कार्यहरुको लागि महिला तथा बालबालिकाहरुको बेचबिखन हुने गरेको पाइन्छ। द्वन्द, प्राकृतिक प्रकोप तथा विभिन्न विपत्ती लगायतका असहज परिस्थितीले आफ्नो बास स्थानबाट विस्थापित हुन पुगेका महिला तथा बालबालिकाहरु बेचबिखनमा पर्न सक्ने हुँदा यस्तो असहज परिस्थितिमा थप सजग हुनुपर्ने देखिन्छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिलाई मानव बेचबिखन तथा ओसारपसार विरुद्धको विषय सम्बोधन गर्नका लागि सम्पर्क निकायको रुपमा तोकिएको छ। राष्ट्रिय समितिमा विभिन्न निकायबाट उच्च तहका पदाधिकारीहरु रहने व्यवस्था रहेको र यसबाट विभिन्न निकायको सहयोग, समन्वय र सहकार्यमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका कार्यहरु गर्ने, स्वदेश तथा विदेशमा अलपत्र परेका व्यक्तिहरुको उद्धार तथा संरक्षण गर्ने कार्यमा सहयोग पुग्नुका साथै मानव बेचबिखनबाट पीडित तथा प्रभावितहरुलाई कानूनी सहायता तथा क्षतिपूर्ति उपलब्ध गराउने कार्यमा प्रभावकारिता आएको छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय तथा अन्तर्गतका निकायहरुले आ व ०७८।०७९ मा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा सम्पादन गरेका कार्यहरुको वार्षिक प्रगती प्रकाशनगर्ने क्रममा यो एघारौं प्रतिवेदनको रुपमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय प्रतिवेदन, २०७९ प्रकाशन गरिएको छ। यस प्रतिवेदनमा मुख्यतः यस विषयसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने विभिन्न मन्त्रालय, विभाग, निकाय तथा गैर सरकारी संस्थाहरुबाट सञ्चालन गरिएका कार्यक्रमहरु समेट्ने प्रयास गरिएको छ।

सरकारी तथा गैरसरकारी निकायहरुबाट यस क्षेत्रका सरोकारवाला सबै निकायहरुलाई भविष्यमा नीति निर्माण गर्न सहयोग पुर्‍याउनुको साथै विद्यार्थी सोधकर्ता लगायत सम्पूर्ण समुदायका लागि प्रस्तुत प्रतिवेदन उपयोगी हुने विश्वास लिएका छौं। प्रतिवेदन तयारीका क्रममा विभिन्न माध्यमबाट सहयोग पुर्‍याउने सरकारी तथा गैरसरकारी निकायका कर्मचारी, महिला सशक्तिकरण महाशाखाका महाशाखा प्रमुख तथा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखाका सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

**सिंहदरबार**

# विषयसूची


**प्रतिवेदनको सारांश** ७

परिच्छेद-एक

**परिचय** ९

१.१ पृष्ठभूमि ९

१.२ मानव बेचबिखन तथा ओसारपसारको परिभाषा ९

१.३ मानव बेचबिखन तथा ओसारपसारको अवस्था १२

१.४ प्रतिवेदनको औचित्य १४

१.५ प्रतिवेदनको उद्देश्य १५

१.६ सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन १५

१.७ तथ्याङ्क/सूचना सङ्कलन १६

१.८ तथ्याङ्कको विश्लेषण १६

१.९ प्रतिवेदनको सीमा १६

परिच्छेद दुई

**मानव बेचबिखनविरुद्धका नीति, कानून तथा संस्थागत व्यवस्था** १७

२.१ नीतिगत व्यवस्था १७

२.२ कानूनी व्यवस्था १८

२.३ नेपालले अनुमोदन गरेका अन्तरराष्ट्रिय कानूनहरू २०

२.४ मानव बेचबिखन नियन्त्रण सम्बन्धी संलग्न संस्थागत संरचनाहरू र भूमिका २१

२.५ मानव बेचबिखन नियन्त्रणकालागि न्यायपालिकाको भूमिका र सुधारका पक्षहरु ३१

२.६ अन्य कार्ययोजनाहरू ३४

२.७ निर्देशिका, कार्यविधि तथा मापदण्डहरू ३४

परिच्छेद तीन

३.१ निरोधजन्य क्रियाकलापहरू ३७

३.१.१०. सञ्चार माध्यमको क्षमता र संवेदनशीलताको अभिवृद्धि ५१

३.१.११. अध्ययन प्रतिवेदन ५३

३.२ संरक्षणात्मक क्रियाकलापहरू ५३

३.३ न्यायमा पहुँच र कानूनी कारबाही ५९

३.४ क्षमता विकास ८३

परिच्छेद चार

**मानव बेचबिखन नियन्त्रणका समस्या, चुनौती, निष्कर्ष र सुझावहरू** ८७

४.१ समस्याहरू ८७

४.२ चुनौतीहरू ८८

४.३ संरक्षणसम्बन्धी चुनौति ९०

४.४ कानूनी कारबाही ९२

४.५ क्षमता विकास सम्बन्धी चुनौति ९३

४.६ समन्वय, सहयोग र सहकार्य सम्बन्धी चुनौति ९४

४.७ निष्कर्ष ९५

४.८ सुझावहरू ९७

अनुसूची ७ ११६

सोसेक नेपाल, दैलेख ११६

अनुसूची ९ १२२

माइती नेपाल, गौशाला १२२

सन्दर्भ सामग्रीहरू १४०

# प्रतिवेदनको सारांश

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले महिला हिंसा, मानव बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गर्ने जिम्मेवारी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई तोकेको छ।सोही बमोजिम यस मन्त्रालयले महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको अधिकार सुनिश्चतता र प्रवर्द्धनका लागि आवश्यक नीति, योजना तथा कार्यक्रम तयार गरी सरोकारवाला निकायहरुसँगको समन्वय र सहकार्यमा कार्यान्वयन गर्दै आएको छ ।

यस मन्त्रालयको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखाबाट वार्षिक रुपमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, राष्ट्रिय प्रतिवेदन प्रकाशन हुदै आएको छ।यस आ.व. २०७८/७९ मा पनि मानव बेचविखन नियन्त्रणका लागि सम्पादन भएका निरोधजन्य, संरक्षणात्मक, कानूनी कारबाही, क्षमता विकास र साझेदारीहरुको आपसी समन्वय र सहकारीको प्रयासहरू समेटी "मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, राष्ट्रिय प्रतिवेदन २०७९" प्रकाशन गरिएको छ ।

यस मन्त्रालयले राष्ट्रिय प्रतिवेदनमार्फत नेपालमा मानव बेचबिखन तथा ओसारपसारको अवस्था झल्कने वस्तुगत विवरणको सङ्कलन, अभिलेखिकरण, विश्लेषण, मानव बेचबिखन विरुद्व गरिएका प्रयास तथा उपलब्धिको समीक्षा गरी मानव बेचबिखन तथा ओसारपसार विरुद्धको कार्यलाई प्रभावकारी बनाउन सरोकारवाला सबैलाई सिफारिस गर्दै आएको छ।

नेपाल प्रहरी मानव बेचबिखन अनुसन्धान ब्यूरोमा दर्ता भएका उजुरीहरूको अध्ययन तथा विश्लेषण गर्दा देशभित्र (आन्तरीक) बेचबिखनको अवस्था बढ्दो देखिन्छ।देशका मुख्य शहरहरूमा संचालनमा रहेका दोहोरी साँझ, डान्सवार, मसाज सेन्टर, खाजा घर, पार्लर जस्ता मनोरञ्जन तथा सत्कार सेवाका क्षेत्रहरूमा विशेष गरी महिला तथा किशोरीहरूमाथि श्रम शोषण, यौन दुर्व्यवहार एवं शोषण, मानसिक उत्पीडन जस्ता कार्यहरू भईरहेको पाइन्छ।देशभित्र नै बालबालिकाहरू बाध्यकारी श्रम, यौन दुर्व्यवहार तथा शोषणबाट पीडित तथा प्रभावित भई मानव बेचबिखनको उच्च जोखिममा रहेको देखिन्छ ।

बाह्य बेचबिखनको हकमा भारतमा यौन व्यवसाय, श्रमिकको रुपमा, बालबिवाह तथा चीन लगाएत अन्य देशमा विवाह, सांस्कृतिक कार्यक्रमको नाममा, सञ्जाल व्यवसायको नाममा, आर्केष्ट्रामा नाच्ने प्रयोजनार्थ, घुमफिरका नाममा, मनोरञ्जनक्षेत्रमा रोजगार दिलाउने बहानामा समेत बेचबिखन तथा ओसारपसार भईरहेको पाइन्छ।वैदेशिक रोजगारको नाममा वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति नलिइकन भारतको भूमि प्रयोग गरी कानूनी रुपमा अभिलेखीकरण नगरी गएका व्यक्तिहरू बेचबिखनमा परेका घटनाहरू अधिकतम रुपमा रहेका छन् ।

राष्ट्रिय बाल अधिकार परिषद्ले प्रकाशन गरेको बालबालिकाको स्थिति प्रतिवेदन, २०७९ अनुसार १२४५ जना बालक र ३४३१ बालिका गरी जम्मा ४६७६ जना बालबालिका हराएकोमा ११२५ जना बालक र ३१४४ गरी जम्मा ४२६९ फेला परेका थिए । मानव बेचबिखन अनुसन्धान व्यूरोमा आ.व २०७८/२०७९ मा दर्ता भएका मुद्धाको विश्लेषण गर्दा सबैभन्दा बढी यौन पेशामा ३६ महिला र १८ बालिका गरी ५४ जना, श्रमशोषण/वैदेशिक रोजगारमा पीडित महिला ४ र २ पुरूष र ४ बालिका गरी १० जना , विदेश पठाउने बाहनाबाट पीडित हुनेमा १० महिला, १ पुरुष ५ बालिका गरी १६ जना, मानव अङ्ग निकाली पीडित हुने ३ पुरुष रहेका छन्।वैवाहिक सम्बन्धमा जोडिने बाहनाबाट पीडित हुनेमा ११ महिला र १४ बालिका,

यौनशोषण/जबरजस्ती करणीबाट २१ महिला, १४ बालिका, PR दिलाउने प्रलोभनबाट पीडित हुनेमा ८ महिला, १ पुरुष, १ बालक र ६ बालिका गरी १६ जना पीडित भएका थिए।बेचबिखनबाट २९ जना महिला, ३ जना पुरुष, २० जना बालिका गरी जम्मा ५२ जना पीडित भएका थिए।सबै घटनामा कुलजम्मा २११ जना पीडित भएका थिए। आ.व. २०७८/०७९ मा श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका कामदारहरू मध्ये मृत्यु भएका ४६ महिला र १४३३ पुरुष गरी कूल १४७९ जना नेपाली श्रमिकहरूका नजिकको हकदारलाई बैदेशिक रोजगार बोर्डको सचिवालयबाट नियमानुसार कुल रु ८३ करोड ६० लाख ९९ हजार आर्थिक सहायता प्रदान गरिएको छ।

महान्याधिवक्ताको कार्यालयबाट प्रकाशित वार्षिक प्रतिवेदन अनुसार आ.व. २०७७/७८ र आ.व. २०७८/७९ मा महान्याधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा बहस पैरवी भएका मानव बेचबिखन सम्बन्धी मुद्दाको लगत समेत गरी जम्मा ३९७ मुद्दामा ८० वटा मुद्दा मात्र (२०.१५ प्रतिशत) फछर्यौट भएको देखिन्छ।उच्च सरकारी वकिलको कार्यालयहरूबाट उच्च अदालतमा आर्थिक वर्ष आ.व.२०७७/७८ र आ.व.२०७८/७९ का लगत समेत जम्मा ४८२ मुद्दामा १९८ (४०.०७ प्रतिशत) मुद्दाको फछर्यौट भएको देखिन्छ।आ.व.२०७७/७८ र आ.व.२०७८/७९ मा जिल्ला सरकारी वकिलको कार्यालयहरूबाट जिल्ला अदालतहरूमा मानव बेचबिखन तथा ओसारपसारका लगत समेत जम्मा ७८७ वटा मुद्दामा ३०४ वटा मुद्दा (३८.६२ प्रतिशत) मात्र फर्छौट भएको देखिन्छ।

पन्ध्रौ आवधिक योजनामा संविधानले नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकारको सरंक्षण र सम्वर्द्धन गर्दै प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक अन्तर्गत इच्छा विरूद्ध काममा लगाउन नपाइने व्यवस्थाको प्रत्याभूति गरेको विषय उल्लेख गरेको छ। मानव बेचखबिन तथा ओसारपसार बहुआयमिक, बहुक्षेत्रगत एवम् विश्वव्यापी समस्या भएको हुँदा यसको निरोध, पीडितको सरंक्षण, सम्वर्द्धन र कानूनी उपचार सम्बन्धी कार्य निरन्तर भईरहेको छ।यस योजनामा दिगो विकासका लक्ष्यहरूलाई आन्तरीकीकरण गर्ने क्रममा आवधिक योजना मार्फत सूचक निर्माण गरी सार्वजनिक गरेको छ।

न्यायपालिकाबाट मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित मुद्धालाई संक्षिप्त कार्यविधि ऐन, २०२८ को कार्यान्वयन मार्फत छिटो छरितो रुपमा न्याय सम्पादन गरिदै आएको छ।अदालतबाट मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित पीडितलाई एकीकृत कानूनी सहायता नीति, २०७६ मा उल्लेख गरिए बमोजिम आर्थिक तथा सामाजिक कारणबाट आफ्नो कानूनी हकहित संरक्षण गर्न असमर्थ पक्षलाई सहज रुपमा गुणस्तरीय निःशुल्क कानूनी सहायता उपलब्ध गराउँदै आएको छ।

# परिचय

## १.१ पृष्ठभूमि

मानव बेचबिखन तथा ओसारपसार मानव समाजको उत्पत्तिसँगै भएको अनुमान गर्न सकिन्छ।विगतका वर्षहरूमा नेपालका विभिन्न नाकाहरूबाट महिला तथा बालिकाहरू भारतका मुम्बई, दिल्ली लगायतका प्रमुख शहरहरूमा यौन व्यवसायका लागि बेचबिखन हुने गरेकोमा समय र प्रविधिको विकास र प्रयोगसँगै परिवर्तन हुँदै गएको छ।हालको अवस्थामा अशिक्षित, पिछडिएका वर्ग तथा क्षेत्रका सबै लिङ्गका मानिसहरूमा वैदेशिक रोजगारी, शैक्षिक परामर्श, अन्तरदेशीय विवाह, पर्यटन तथा साँस्कृतिक कार्यक्रम, बालश्रम, बाल दासत्व, धर्मपुत्र/धर्मपुत्री, जबर्जस्ती बालविवाह, बँधुवा, श्रम तथा दासत्व, मानव अङ्ग प्रत्यारोपण, यौन दासत्व, व्यवसायिक यौन शोषण, गैरकानूनी आप्रवासन आदि जस्ता कार्यको रुपमा मानव बेचबिखन हुने गरेको पाइन्छ । नेपालबाट लगिएका बालबालिकाहरूलाई उमेर सानो छँदासम्म सर्कस, इम्ब्रायोडरी र पटका उद्योगजस्ता खतरापूर्ण कार्यहरूमा प्रयोग गर्ने र वयस्क भए पश्चात महिलाहरूलाई यौन व्यवसायमा लगाउने गरेको पाइन्छ।मानव बेचबिखनमा परेका अधिकांस व्यक्तिहरू एचआईभी/एड्स जस्ता यौनजन्य रोगहरूको शिकार भएपछि फर्काइदिने र फर्किएका कतिपय व्यक्तिहरू समाजमा अपहेलित र विभेदित जीवन बिताइरहेका हुन्छन।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले समय सापेक्ष नीति तथा ऐन निर्माण तथा संशोधन गर्दै आएको छ।यसै क्रममा मन्त्रालयले "यौन तथा श्रम शोषणका लागि महिला तथा बालबालिका बेचबिखनविरुद्धको राष्ट्रिय कार्ययोजना, २०५६" तर्जुमा गरी दक्षिण एसियामै पहिलो पटक योजनाबद्ध ढङ्गले मानव बेचबिखन नियन्त्रणका कार्यक्रमहरू शुरू गरेको थियो।वर्तमान समयमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र नियमावली २०६५ अनुसारका उद्देश्य हासिल गर्न सङ्घीय, प्रादेशिक तथा स्थानीय गरी तीनै तहका सरकारसँग सहकार्य, समन्वय तथा संयोजनकारी भूमिका निर्वाह गर्दै आएको छ।मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कार्य राष्ट्रिय कार्ययोजना, २०६८ तथा यसको कार्यान्वयन योजना, २०७१ बमोजिम भइरहेको छ।महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका सचिवको संयोजकत्वमा गठन भएको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिले यस ऐन तथा नियमावलीमा गरिएको व्यवस्था अनुसार कार्य सम्पादन गर्दै आएको छ । मानव बेचबिखन नियन्त्रण कार्य देशभर विभिन्न सरकारी तथा गैरसरकारी संस्था र सञ्जालहरू एवम् विकास साझेदाररूसँग समन्वय गरी सम्पन्न हुदै आएको छ।

## १.२ मानव बेचबिखन तथा ओसारपसारको परिभाषा

प्रविधिको तिव्र विकास तथा प्रयोगसँगै मानव बेचबिखन तथा ओसारपसारको स्वरुप तथा क्षेत्रमा पनि परिवर्तन तथा विस्तार हुँदै आएकोले मानव बेचबिखन तथा ओसारपसार कार्यलाई फरक फरक ढङ्गले परिभाषित गरिएको पाइन्छ । नेपालको राष्ट्रिय कानून लगायत अन्य दस्तावेजमा उल्लेख गरिएका मानव बेचबिखन तथा ओसारपसारका केही परिभाषाहरू देहायको तालिकामा प्रस्तुत गरिएको छः

## तालिका नं १: मानव बेचबिखन तथा ओसारपसारको परिभाषा

| क्र.स. | स्रोत दस्तावेज | परिभाषा |
|---|---|---|
| १ | मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ (दफा ४) | मानव बेचबिखन तथा ओसारपसार भन्नाले मानव बेच्ने वा किन्ने, वेश्यागमन गर्ने, कानूनबमोजिम बाहेक अङ्ग झिक्ने तथा वेश्यावृत्तिमा लगाउने कार्यलाई समेट्दछ।<br>**मानव बेचबिखनः** यस दस्तावेजमा उल्लेख भए अनुसार देहायको कुनै कार्य गरेमा मानव बेचबिखन गरेको मानिने छः<br>(क) कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने,<br>(ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,<br>(ग) प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने,<br>(घ) वेश्यागमन गर्ने।<br>**ओसारपसारः** यस दस्तावेजमा उल्लेख भए अनुसार कसैले देहायको कुनै कार्य गरेमा मानव ओसारपसार गरेको मानिनेछः<br>(क) किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने,<br>(ख) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने। |
| २ | "मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोकथाम गर्ने, दबाउने र सजाय गर्ने पुरक आलेख, २०००" अन्तरदेशीय संगठित अपराधविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको पुरक (पालेर्मो) प्रोटोकल | संयुक्त राष्ट्रसंघको बेचबिखनको पुरक आलेख २००० अनुसार मानव बेचबिखन तथा ओसारपसार भन्नाले यौन शोषण, अन्य प्रकारको शोषण, बलपूर्वक लगाइने श्रम, दासत्व वा दासत्वजस्तै व्यवहार, कमाराकमारी राख्ने वा मानव अङ्ग झिक्ने उद्देश्यकासाथ धम्की/बल प्रयोग/ करकाप वा अन्य प्रकारले अपहरण, जालसाजी गरी झुक्याएर, शक्तिको दुरूपयोग गरेर, नाजुक स्थितिको व्यक्तिलाई ओहदाको दुरुपयोग गरेर वा लोभ देखाएर, पैसा लिएर अन्य कुनै व्यक्तिमाथि नियन्त्रण कायम गरी बिक्री गर्ने उद्देश्यका साथ एक ठाउँबाट अर्को ठाउँमा लैजाने, भर्ती गर्ने, थुन्ने, हस्तान्तरण गर्ने वा आश्रय दिने कार्यलाई जनाउँछ। |
| ३ | वेश्यावृतिकालागि महिला र बालबालिका बेचबिखन विरुद्धको सार्क महासन्धि, २००२ | सन् २००२ मा काठमाडौँमा सम्पन्न सार्कको एघारौँ शिखर सम्मेलनबाट पारित महिला तथा बालबालिका बेचबिखन विरुद्धको सार्क महासन्धि,२००२ लाई २०६३ भदौ २० गतेका दिन तत्कालीन व्यवस्थापिका संसदबाट अनुमोदन भएपछि सोही दिनको स्मरणमा २०६४ साल देखि प्रत्येक वर्ष भदौ २० गतेका दिन यो दिवस मनाउन थालिएको छ। यस महासन्धिले सार्क क्षेत्रका विभिन्न राष्ट्रहरूको कानूनहरूले बेचबिखन तथा ओसारपसारलाई विभिन्न रुपमा परिभाषित गरिरहेको परिप्रेक्ष्यमा बेचबिखन तथा ओसारपसारको परिभाषामा एकरुपता ल्याउने प्रयास गरेको छ। जस अनुसार महासन्धिले बेचबिखन तथा ओसारपसारलाई धम्की वा शक्ति वा अरू कुनै प्रकारको बल प्रयोग गरी, कब्जा गरी जालसाजी गरी, छलछाम गरी, पदको वा जोखिमी अवस्थाको दुरूपयोग गरी वा अर्को व्यक्तिमाथि नियन्त्रण राख्ने कुनै व्यक्तिको स्वीकृति प्राप्त गर्न रकम वा लाभ दिनेलिने गरी व्यक्तिहरूलाई भर्ती गर्ने, ओसारपसार गर्ने, स्थानान्तरण गर्ने, आश्रय दिने वा प्राप्त गर्नेलाई बुझाउँछ। |

| क्र.स. | स्रोत दस्तावेज | परिभाषा |
|---|---|---|
| | | शोषण भन्नाले अरूलाई यौन व्यवसायमा लगाएर वा अन्य प्रकारको यौन शोषण गरेर गरिने शोषण, बाध्यकारी श्रम वा सेवाहरू, दासत्व वा दासतापूर्ण अभ्यास, कमाराकमारी वा मानव अङ्ग झिक्नुलाई बुझाउँछ। १८ वर्ष मुनिका कुनैपनि व्यक्तिलाई शोषण गर्ने उद्देश्यले भर्ती गर्ने ओसारपसार गर्ने, स्थानान्तरण गर्ने आश्रय दिने वा प्राप्त गर्ने कार्य मानव बेचबिखन मानिने छ।"बालबालिका" भन्नाले १८ वर्ष मुनिका कुनैपनि व्यक्तिलाई मान्नुपर्दछ। |
| ४ | The Global Alliance Against Traffic in Women (GAATW) | यस सस्था अनुसार "कुनै पनि व्यक्तिलाई ललाई फकाई डर देखाई धम्काई बल प्रयोग गरी बधुवा बनाई वा आफ्नै हैकम प्रयोग गरी यौन शोषण वा अन्य जुनसुकै प्रयोजनको निम्ति एक ठाउँबाट अर्को ठाउँमा लग्नु" बेचबिखन हो भनी परिभाषित गरेको छ। |
| ५ | संयुक्त राष्ट्र संघ मानव अधिकार उच्च आयुक्तको कार्यालय, संयुक्त राष्ट्र बाल कोष र अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन (OHCHR, UNICEF & IOM). | "दासता, बाध्यात्मक श्रम (बँधुवा मजदुरी वा ऋणी बनाइएका व्यक्तिहरूको श्रमलगायत) र दासतापूर्ण व्यवहारकालागि कुनै पनि व्यक्तिलाई डर, धाक देखाई, जालझेल गरी वा शक्ति र पदको दुरूपयोग गरी काममा लगाउनु वा ओसारपसार गर्नु वा एक ठाउँबाट अर्को ठाउँमा लैजानु वा लैजानकालागि सहयोग गर्नु वा आश्रय दिनु वा अरूद्वारा त्यस्तो कामको निम्ति सहयोग प्राप्त गर्नु बेचबिखन तथा ओसारपसार हो।" |
| ६ | बेचबिखनमा परेका व्यक्तिको उपचारकालागि मानव अधिकार मापदण्ड (Human Rights Standards for the Treatment of Trafficked Person) | "कुनै कार्यकालागि भर्ना गर्दा, देशको सीमाभित्र वा बाहिर ओसार पसार गर्दा, खरिद बिक्री गर्दा, स्थानान्तरण गर्दा, धोका दिएर कुनै व्यक्तिलाई ग्रहण गर्दा, शक्ति वा अख्तियारको दुरूपयोग वा धम्कीको प्रयोग लगायतका जबरजस्ती गरिने कार्यहरू वा कसैलाई ऋण बन्धनमा पारेर कब्जामा राख्ने, बिना पारिश्रमिक वा पारिश्रमिकसहित अनिच्छापूर्वक दासी बनाएर राख्ने (घरेलु, यौन दासी वा प्रजननको प्रयोजनकालागि) कार्यहरू तथा आफू शुरूको अवस्थामा रहेको समुदाय भन्दा फरक समुदायमा कसैलाई जबरजस्ती श्रम लुटेर बँधुवा मजदुरका रूपमा वा दासतापूर्ण परिस्थितिमा राख्न बाध्य गराउने क्रियाकलापहरू उल्लेख गरिएका छन्। |

**अन्तर्राष्ट्रिय दस्तावेजहरू**

मानव बेचबिखन विरुद्ध अन्तर्राष्ट्रियस्तरको विभिन्न महासन्धि, अभिसन्धि तथा प्रतिज्ञापत्रहरूमध्ये धैरैलाई नेपालले समेत अनुमोदन गरी स्वीकार गरिसकेको अवस्था छ।महिला, बालबालिका तथा जुनसुकै किसिमका मानव बेचबिखन नियन्त्रणसँग सम्बन्धित अन्तर्राष्ट्रिय दस्तावेजहरूमध्ये केही निम्नानुसार रहेका छन्:

१) सबै आप्रवासी कामदारहरू तथा तिनीहरूका परिवारका सदस्यहरूको अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९०

२) नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र,१९६६

३) बालअधिकारसम्बन्धी महासन्धि, १९८९

४) महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि,१९७९

५) बहुराष्ट्रिय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धि अन्तर्गत मानव बेचबिखन, खास गरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा ब्यवस्था भएको पूरक आलेख

६) वेश्यावृत्तिकालागि महिला र बालबालिका बेचबिखनविरूद्धको सार्क महासन्धि,२००२

७) बेचबिखनमा परेका व्यक्तिको उपचारका लागि मानव अधिकार मापदण्ड

## १.३ मानव बेचबिखन तथा ओसारपसारको अवस्था

मानव बेचबिखन तथा ओसारपसार समस्याको ऐतिहासिक पृष्ठभूमि बिश्लेषण गर्दा राणाकालिन समयदेखि नै भारत गन्तब्य र नेपाल स्रोतको रुपमा रहेको पाइन्छ। सो समयमा घरेलु कामदारको रुपमा महिलाहरूलाई राख्ने गरिएको र ती महिलाहरुको श्रम शोषण तथा यौन शोषण हुने गरेको पाइन्छ। नेपालमा बसोबास गरेका तिब्बती शरणार्थीहरूले नेपाली विपन्न महिलाहरूसँग विवाह गरी बस्ने र व्यापारको शिलसिलामा भारतमा गइ बसेको पाइन्छ। भारतमा तिब्बती शरणार्थीहरूको पहिचान खुलेपछि भारतबाट बिस्थापित हुँदा नेपाली महिलाहरू यौनजन्य क्रियाकलाममा संलग्न भएको जनविश्वास रहेको छ। सो समयदेखिनै नेपाल स्रोत र भारत गन्तब्य मुलुकको रुपमा रहेको पाइन्छ।

नेपालको सन्दर्भमा विगत लामो समयदेखिनै कमैया प्रथा, हलिया प्रथा, दास प्रथा जस्ता मानव शोषण गर्ने हानिकारक अभ्यासहरु विद्यमान थिए। इतिहासको विभिन्न कालखण्डमा दास प्रथालाई अन्त्य गर्ने विभिन्न प्रयासहरु भएपनि वि.सं.१९८१ बैशाखमा तत्कालिन प्रधानमन्त्री चन्द्र समशेरले ५९८५३(उनन्साठी हजार आठ सय त्रिपन्न) जना दासदासीहरू मुक्त गरी आधिकारिक रूपमा दास प्रथाको अन्त्यको घोषणा गरेको पाइन्छ। बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा रहेको कमैया प्रथा वि.सं. २०५७ साउन २ गते कानूनी रुपमा नै अन्त्य गरियो।त्यसै गरी नेपालको विभिन्न जिल्लाहरूमा रहेको हलिया प्रथा वि.सं.२०६५ भदौ २१ गते अन्त्य भएको थियो।

घरेलु हिंसाबाट पीडित/प्रभावित भई आफ्ना छोराछोरी लिएर परिवारबाट अलग भई बस्नुपर्ने बाध्यता भएका महिलाहरूका छोराछोरीहरूलाई यौन शोषण गर्न, कमारा/कमारी राख्न, मानव अङ्ग झिक्न, डान्स बार, क्याबिन रेस्टुरेन्ट, मसाज पार्लर, खाजा पसलहरूमा काम लगाउन, सर्कस लगायत अन्य मनोरञ्जनका क्षेत्रमा प्रयोग गर्न र घरेलु कामदारका रुपमा लगाउने गरेको पाइन्छ। यसको साथै अपराधमा संलग्न व्यक्तिहरूले अशिक्षा तथा चरम गरीबीबाट पीडित/प्रभावित किशोरीहरूलाई प्रेमजालमा पारेर विवाह गरी वा विवाह गर्ने बाहनामा बेचबिखन गर्ने पनि गर्दछन। कुनै विवाह किशोरीका बाबु/आमा तथा आफन्तहरूलाई समेत प्रलोभनमा पारी राजीखुशी गराउछन भने कैयौ विवाह युवतीको मात्र राजीखुशीमा भागी विवाहमा हुने गरेको पाइन्छ।

गरिबी, सामाजिक भेदभाव र अशिक्षा, जनचेतनाको कमी, लैङ्गिक विभेद र घरेलु हिंसा, बिग्रँदो पारिवारिक अवस्थामा रहेका विपन्न समुदायका बालबालिकाहरूलाई शिक्षा, खाना र आवासका नाममा शहरका सम्पन्न परिवारका घरायसी काममा लगाइरहेको पाइन्छ। परिवारको सहमतिमा घरायासी काममा लगाइएका बालबालिकाहरूको एकिन तथ्याङ्क भेटिदैन। श्रम शोषणमा परेका तर तथ्याङ्कमा नसमेटिएका अन्य व्यक्तिहरूमा निर्वाहमुखी कृषि क्षेत्रका मालिक वा जमिन्दारको घरखेतका चरुवा, गोठाला, खेतालाको रुपमा काममा लगाइएका विपन्न परिवारका महिला तथा बालबालिकाहरू पर्दछन।

वर्तमान अवस्थामा सरोगेसी (कोख भाडामा दिई बच्चा जन्माउने) र विदेशी नागरिकहरूसँग विवाह गर्ने नाममा पनि मानव बेचबिखन तथा ओसारपसारको जोखिम बढिरहेको छ। रोजगारीका लागि गैरकानूनी रुपमा तेस्रो मुलुकमा पठाउँदा भारतको भूमि प्रयोग गरी खाडी मुलुकहरू, जापान, हङकङ, कोरिया, आदिमा पठाउने हुँदा यस्ता कामदारहरूको नेपाल सरकारसँग एकिन तथ्याङ्क उपलब्ध छैन। नेपालका तराईका जिल्लाहरूबाट भारतमा दैनिक उपभोग्य सामानहरू खरिद गर्न जाने प्रवृतिले पनि जोखिम बढिरहेको छ।

बेचबिखनबाट पीडित/प्रभावित महिला तथा बालिकाहरूलाई उद्धार गरी समाजमा पुनर्स्थापना गर्दा उनीहरूलाई समाजले हेर्ने दृष्टिकोण सकारात्मक नहुँदा अन्य व्यक्तिसरह समाजिकीरण हुन कठिनाई छ। ग्रामीण क्षेत्रका घरेलु हिंसाबाट पीडित/प्रभावित भई कसैको संरक्षणको खोजीमा रहेका महिलाहरूलाई विवाहको माध्यमबाट देश भित्रका बिभिन्न शहर तथा देशबाहिर घुम्न जाने, काममा लगाइदिने आदि बाहनामा बेचबिखन गर्ने गरेको पाइएको छ।गाउँघरका सोझा युवतीहरूलाई

मात्र होइन, शहरका पढेलेखेका युवतीहरूलाई फिल्म र सर्कसमा खेलाउने लगायतका प्रलोभनमा पारी स्वदेश तथा विदेशमा लगेर बेचबिखन गर्ने गरेको पाइएको छ । अप्ठ्यारो परिस्थितीमा रहेका, आफन्त तथा परिवारबाट छुट्टिएका युवतीहरूलाई सहयोग गर्ने तथा आफन्तलाई भेटाई दिने बाहनामा युवतीहरूलाई आफन्तले बोलाएको छ, मसँग आउनु भनेको छ भन्ने जस्ता झुठा बाहना बनाएर, लागू औषध वा नशालु पदार्थ सेवन गराई बेहोस पारेर देशभित्र तथा बाहिर लगेर बेचबिखन गर्ने पनि पाइएको छ । हाल नेपालबाट वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिन १११ देशमा खुल्ला गरिएको छ।लिविया, इरान र अफगानिस्तान जस्ता प्रतिवन्धित देशहरुमा अवैध तरिकाबाट जाने गरेको पाइन्छ ।

मानव अधिकार आयोगको अनुगमन प्रतिवेदनहरूमा उल्लेख भए अनुसार नेपालबाट भारततर्फ विशेष गरी महिला तथा किशोरीहरूको ओसारपसार बढेको देखिएको छ।कामको खोजीमा भारत जाने लाखौं नेपाली कामदारहरू अनौपचारिक क्षेत्रमा संलग्न हुने, कम पारिश्रमिक पाउने, शारीरिक तथा मानसिक हिंसा, यौनजन्य शोषणमा पर्ने गरेको पाइन्छ । अनौपचारिक रुपमा भारत जान वाध्य हुने किशोरी, युवती, तथा बालबालिकाहरू मानव अङ्ग बेचबिखन, वयस्क मनोरञ्जन व्यवसाय, यौन व्यवसाय जस्ता क्षेत्रमा संलग्न गराइएको पाइन्छ ।

सामान्य बुझाई र परम्परागत भोगाइमा मानव बेचबिखन नेपालबाट बाहिर हुने बेचबिखनलाई मात्र बुझिने गरिएकोमा पछिल्लो समयमा आन्तरिक रूपमा पनि मानव बेचबिखन वृद्धि हुँदै गएको छ । सुविधाको खोजीमा असुरक्षित बसाईसराई, बढ्दो शहरीकरण, आर्थिक क्रियाकलापमा भएको वृद्धि, वैदेशिक रोजगारमा युवाहरूको उच्च संलग्नता आदि जस्ता कारणले गर्दा आन्तरिकरूपमा पनि मानव बेचबिखनको प्रभाव बढ्दै गएको पाइन्छ । मानव बेचबिखनबाट महिला र किशोरीहरू बढी पीडित/प्रभावित हुने गरेकामा पछिल्लो समयमा पुरुषको सङ्ख्या पनि बढ्दै गएको छ ।

**(१) अन्तर्राष्ट्रिय बजार**

खुल्ला सिमाना भएको छिमेकी राष्ट्र भारतमा ठूलो सङ्ख्यामा नेपालका विभिन्न जिल्लाहरूबाट यौन तथा श्रम शोषणकालागि महिला, किशोरी तथा बालबालिकाहरू र पुरुषहरूसमेत बेचबिखन तथा ओसारपसारमा परिरहेको विभिन्न समयमा गरिएको अध्ययन प्रतिवेदनले देखाएको छ । यसबाहेक रोजगारीको प्रलोभनमा परी भारतको भूमी हुदै नेपाल सरकारले श्रम स्वीकृति नदिएका तेश्रो राष्ट्रहरूको बजारमा पुर्‍याइरहेका छन् । खाडी मुलुकहरूमा महिलाहरूलाई घरेलु कामको लागि श्रम स्वीकृति दिन बन्द गरेपछि दलालले महिलाहरुलाई विश्वासमा पारी श्रीलंका, बर्मा माल्दिभ्स हुँदै गन्तब्य मुलुक (खाडीमुलुक) पुग्नु अघि विभिन्न मुलुकमा जेलमा परी सहयोगको याचना गर्दै पीडित/प्रभावितहरू सम्पर्कमा आउने गरेको समाचार सञ्चार माध्यमबाट सुनिने गरेको छ । वैदेशिक रोजगारीको नाममा विदेश जाने नेपाली महिला तथा पुरूषहरूमध्ये महिलाहरू मानव बेचबिखनको उच्च जोखिममा रहेको पाईन्छ ।

यसरी विभिन्न बाहनामा अन्तर्राष्ट्रिय बजारमा नेपाली महिला तथा किशोरीहरू अन्य मुलुकमा सञ्चालन भएका कोठी, डान्सबार तथा घरेलु कामदारका रुपमा पुर्‍याई श्रम शोषण तथा यौन शोषण हुने गरेको घटनाहरूले नेपालबाट व्यवसायिक ढङ्गले संगठित रुपमा मानव बेचबिखन तथा ओसारपसार कार्य अन्तरदेशीय रुपमा भएको पुष्टी हुन आउँछ ।

बाह्य बेचबिखनको हकमा भारतमा यौन व्यवसाय, श्रमिकको रुपमा, चीनमा विवाह तथा सांस्कृतिक कार्यक्रमको नाममा, सञ्जाल व्यवसायको नाममा, आर्केष्ट्रामा नाच्नका लागि, घुमफिरका नाममा, मनोरञ्जन क्षेत्रमा रोजगार दिलाउने बहानामा समेत बेचबिखन तथा ओसारपसार भईरहेको पाइन्छ।साथै वैदेशिक रोजगारका लागि तर कानूनी रुपमा अभिलेखीकरण नगरी गएका व्यक्तिहरू मानव बेचविखनबाट पीडित/प्रभावित भएका घटनाहरू प्राप्त भएका छन् ।

**(२) आन्तरिक बजार**

नेपालको ग्रामीण भेगमा बसोबास गर्ने महिला, किशोरी तथा बालबालिकाहरूलाई बेचबिखन गरी काठमाण्डौं, पोखरा, बुटवल, नेपालगञ्ज, धनगढी, विर्तामोड, विराटनगर, इटहरी, लगायतका नेपालका प्रमुख शहरहरूका होटेल तथा रेष्टुराहरू र घरेलु काममा लगाउने, व्यावसायिक यौन पेशामा संलग्न गराउने जस्ता क्रियाकलापहरू बढ्दै गएको विभिन्न अध्ययन प्रतिवेदनहरूले देखाएको छ । स्थानीय दलालको रुपमा परिवारका सदस्यहरू तथा नातेदारहरूसमेत मानव बेचबिखन तथा ओसारपसार कार्यमा संलग्न रहने हुँदा यो समस्या आन्तरिक बजारमा झन जटिल बन्दै गएको देखिन्छ। यसरी मानव बेचबिखन तथा ओसारपसारको समस्या राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बहुआयामिक, बहुक्षेत्रगत एवं अन्तर्देशीय संगठित अपराध बन्दै गएको छ।

## १.४ प्रतिवेदनको औचित्य

विश्वमा मानव बेचबिखन तथा ओसारपसार विकराल समस्याको रुपमा रहेको छ । यसलाई हातहतियार तथा लागु औषध ओसारपसार पछिको दोस्रो अवैध जघन्य मानवता विरुद्धको संगठित अपराध मानिन्छ । Global Estimates २०२१ प्रतिवेदन अनुसार विश्वमा ५ करोड मानिसहरू आधुनिक दासत्वको शिकार भएको पाइन्छ । ती मध्ये २ करोड ८० लाख बाध्यकारी श्रम(forced labour) र २ करोड २० लाख मानिस जबर्जस्ती विवाह बन्धनमा बाँधिएको पाइन्छ।Global Estimates of Modern Slavery २०१६ अनुसार ४ करोड मानिसहरू (पुरुष, महिला तथा बालबालिका) आधुनिक दासत्वको शिकार भएका थिए । ५ वर्षको अवधिमा १ करोड मानिसहरू आधुनिक दासत्वको शिकार हुन पुगेको देखिन्छ । यसको अर्थ एक व्यक्तिले अर्को व्यक्तिको मजबुरीको फाइदा उठाई शोषण, शारीरिक, आर्थिक वा मनोवैज्ञानिक रुपमा नियन्त्रण गर्नु हो।आधुनिक दासत्व (श्रम शोषण,यौन शोषण) प्राय मानव तस्करीसँग जोडिएको हुन्छ ।

विगतमा गरिएको विभिन्न अध्ययनबाट समाजका अति विपन्न समुदायका सामाजिक एवं आर्थिक रुपले पिछडिएका, सिमान्तकृत वर्गका, पारिवारिक कलह तथा घरेलु हिंसामा परेका व्यक्तिहरू बेचबिखनको उच्च जोखिममा रहेको देखिन्छ । गरीबीका कारण एक पटक बेचबिखनमा परेको व्यक्ति पुनः बेचबिखनमा पर्ने गरेको मानव बेचबिखन नियन्त्रणमा काम गर्ने संघ संस्थाहरु बताउँछन् । अन्तर्राष्ट्रिय आप्रवासी संगठनले सन् २०१० मा प्रकाशन गरेको प्रतिवेदनमा एक पटक बेचबिखनमा परेको व्यक्ति पुनः बेचबिखनमा पर्ने उच्च जोखिम भएका तथ्यहरू प्राप्त भएका छन् ।

दिगो विकासको लक्ष्य को लक्ष्य नं ५.२ मा मानव बेचबिखन र यौन लगायत अन्य शोषण सहित सार्वजनिक र निजी क्षेत्रमा महिला, बालिका र किशोरीमाथि हुने सबै प्रकारका हिंसाको अन्त्य गर्ने उल्लेख गरिएको छ।लक्ष्य ८.७ मा बाध्यकारी श्रम, आधुनिक दासत्व र मानव तस्करी उन्मूलन गर्न तत्कालिन र प्रभावकारी उपायहरू अपनाउने र लक्ष्य १६.२ ले दुरुपयोग, शोषण, तस्करी र बालबालिका माथिको यातना तथा सबै प्रकारका हिंसा समाप्त गर्ने भनी उल्लेख छ। नेपालले वि.सं.२१०० सम्ममा बालबालिका तथा किशोरकिशोरीहरूलाई सबै प्रकारका हिसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरूको हक अधिकार संरक्षण तथा प्रवर्द्धन गर्ने मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका समूह/समुदायको सामाजिक आर्थिक रुपान्तरण गर्ने,गरीबीको रेखामूनि रहेको जनसङ्ख्या एकल अङ्गमा ल्याउने, उत्पादनशील क्षेत्रमा रोजगारी अभिवृद्धि गरी बेरोजगारी दर तथा श्रमको अल्प उपयोगमा उल्लेखनीय रुपमा कमी ल्याउने लक्ष्य लिएको छ ।

नेपाल मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले स्रोत, ट्रान्जिट तथा गन्तब्य राष्ट्रको रुपमा परिणत भएको छ । मानव बेचबिखन र ओसारपसार विरुद्धको कार्यलाई प्रभावकारी बनाउनका लागि नेपाल सरकारबाट कार्यान्वयनमा ल्याइएको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को मुल उद्देश्य मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्नु

र त्यस्तो कार्यबाट पीडित/प्रभावितहरूको संरक्षण गर्नु रहेको छ । नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक तथा नेपालले अनुमोदन गरेका मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय सन्धि सम्झौता बमोजिम नेपाल सरकारले विभिन्न नीति नियमहरू लागु गरेको छ।

नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम, बजेट, क्षेत्रगत नीति, कानूनहरूमध्ये मुलुकी अपराध संहिता, २०७४, मुलुकी अपराध कार्यविधि संहिता, २०७४, घरेलु हिंसा(कसुर र सजाय) ऐन, २०६६, बालबालिका सम्बन्धी ऐन, २०७५, बालश्रम (निषेध र नियमित) ऐन, २०५६, श्रम ऐन, २०७४, अपराध पीडित संरक्षण ऐन, २०७५ कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१, आदि प्रमुख रुपमा रहेका छन् ।

नेपाल मानव अधिकारसम्बन्धी विभिन्न सन्धि, अभिसन्धिहरूको पक्ष राष्ट्र भईसकेकोले नेपाल अन्तरदेशीय संगठित अपराध नियन्त्रण गर्ने संयुक्त राष्ट्र सङ्घीय महासन्धि, २००० को पक्ष राष्ट्र भएको छ । वि.सं.२०७६ सालमा नेपालले पालेर्मो प्रोटोकल अनुमोदन गरिसकेकोले मानव बेचबिखन विरुद्धको कार्यलाई अझ प्रभावकारी र सबल बनाउने अभियानमा लागिरहेको छ ।

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी कार्यको नेतृत्व यस मन्त्रालयले गर्दै आएको परिप्रेक्ष्यमा देशभरका सरकारी तथा गैर सरकारी संघसंस्थाहरूले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि वर्ष भरी सम्पन्न गरेका गतिविधिहरू समेटेर प्रकाशन गर्ने **"मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, राष्ट्रिय प्रतिवेदन २०७९"** मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा उपयोगी हुनेछ ।

## १.५ प्रतिवेदनको उद्देश्य

आ.व.२०७८/७९ मा सरकारी तथा गैर सरकारी संघसंस्थाहरूले मानव बेचबिखन तथा ओसारपसारका नियन्त्रणका क्षेत्रमा गरेका निरोधात्मक, संरक्षणात्मक, कानूनी कारवाही, क्षमता अभिवृद्धि तथा समन्वय सहकार्यका क्षेत्रमा सम्पादन भएका कार्यहरू समेटेर **"मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय प्रतिवेदन, २०७९"** तयार पार्नु यस प्रतिवेदनको प्रमुख उद्देश्य रहेको छ । यसका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन्:

क) आ.व.२०७८/७९ को अवधिमा देशभर मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको लागि सरकारी तथा गैरसरकारी संस्थाहरूको प्रयासबाट सम्पन्न भए गरेका क्रियाकलापहरू र त्यसको उपलब्धिहरूबारे जानकारी गराउनु ।

ख) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कार्यमा भावी कार्यदिशाको लागि मार्गदर्शन प्रदान गर्नु ।

## १.६ सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन

यस अध्ययनका लागि मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसँग सम्बन्धित सरकारी तथा गैर सरकारी संघ संस्थाहरूबाट आ.व. २०७८/७९ मा सम्पादन भएका सबै किसिमका सान्दर्भिक सामग्रीहरूको सङ्कलन तथा अध्ययन गरिएको छ । सम्पादित विभिन्न क्रियाकलापहरूलाई मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ र सोको कार्यान्वयन कार्ययोजना, २०७१ ले तय गरेका रणनीति अनुसारका उपलब्धिहरू विश्लेषण गरी सो को आधारमा देखिएका मानव बेचबिखन नियन्त्रण सम्बन्धी समस्या तथा चुनौतीहरुलाई समेट्ने प्रयास गरिएको छ ।

## १.७ तथ्याङ्क/सूचना सङ्कलन

यस अध्ययन कार्य सम्पन्न गर्नकालागि द्वितीय (Secondary) तथ्याङ्क सङ्कलन मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरुको प्रकाशित प्रतिवेदन तथा तथ्याङ्क, विभिन्न निकाय तथा संस्थाहरूको वेवसाइट र तपशिलमा उल्लेखित दस्तावेजहरुको अध्ययनबाट सङ्कलन गरिएको छः

१ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका क्षेत्रमा कार्यरत विभिन्न सरकारी तथा तथा गैरसरकारी संघ संस्थाहरूको गत आ.व.को प्रगति विवरणको अध्ययन,

२ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी ऐन, नियमावली तथा नीतिहरूको व्यवस्था सम्बन्धी अध्ययन,

३ गत आ.व. मा स्थानीय तहबाट सम्पादन गरिएका कार्यहरुको विवरण संकलन

४ मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतिवेदनहरूको अध्ययन

५ विगतका वर्षहरूमा प्रकाशित मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय प्रतिवेदनहरूको अध्ययन

## १.८ तथ्याङ्कको विश्लेक्षण

प्राथमिक तथा द्वितीय स्रोतबाट सङ्कलन गरिएको तथ्याकलाई विश्लेषण गरी सङ्ख्यात्मक तथ्याङ्कलाई तालिकामा देखाइएको छ भने गुणात्मक तथ्याङ्कलाई व्याख्यात्मक रुपमा विश्लेषण गरिएको छ।

## १.९ प्रतिवेदनको सीमा

यो प्रतिवेदन विभिन्न सरकारी तथा गैर सरकारी संघसंस्थाहरूले आ.व.२०७८/७९ मा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका क्षेत्रमा गरेको कार्यहरूको प्रतिवेदन तथा प्राप्त तथ्याङ्कमा आधारित छ। संघसस्थाहरूले विगत वर्षहरूदेखि कार्यान्वयनमा रहेको मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६८ र सो अन्तर्गतको कार्यान्वयन योजना, २०७१ ले तय गरेका रणनीतिहरू अनुसार सम्पन्न गरिएका कार्यहरूको आधारमा यो प्रतिवेदन तयार गरिएको छ। यो कार्ययोजनाको समयावधि समाप्त भई नयाँ कार्ययोजनाको मस्यौदा तयार भएको छ। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि आ.व.२०७८/७९ मा सम्पादन भएका गतिविधिहरूबाट प्राप्त विवरण प्रस्तुत गर्ने क्रममा पूर्व प्रतिवेदनहरूमा रहेका केही आवश्यक अंशहरूसमेत प्रतिवेदनमा समेटी तुलनात्मक विश्लेषण गरिएका छन्। कार्ययोजनाले निर्धारण गरेका प्राथमिकताका क्षेत्रहरू-निरोधात्मक, संरक्षणात्मक, कानूनी कारबाही,क्षमता विकास र साझेदारहरूको आपसी समन्वय र सहकार्यलाई यो प्रतिवेदनको आधार बनाइएको छ।मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित सूचना तथा तथ्याङ्क एकीकृत रुपमा प्राप्त हुन नसके पनि सम्बन्धित सबै सरोकारवालासँग सूचना तथा तथ्याङ्क सङ्कलन गरी यो प्रतिवेदन तयार पारिएको छ।

परिच्छेद दुई

# मानव बेचविखनविरुद्धका नीति, कानून तथा संस्थागत व्यवस्था

नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि विभिन्न नीतिगत, कानूनी, संरचनागत तथा कार्यक्रमहरू सम्पादन गर्दै आएको छ।नेपालले लागु गरेका नीति तथा कानूनी व्यवस्था, संरचना, सञ्चालित गतिविधि र त्यसको समग्र प्रभावकारितालाई यस खण्डमा विवेचना गरिएको छ।

## २.१ नीतिगत व्यवस्था

मानव बेचविखन तथा ओसारपसार नियन्त्रण कार्यमा नेपाल सरकारले गरेका नीतिगत व्यवस्था तपशिल बमोजिम रहेका छन्।

### २.१.१ मानव बेचबिखनसँग सम्बन्धित मुख्य नीतिहरूको समीक्षा

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि विगत लामो समयदेखि कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।नेपालले मानव बेचबिखन तथा ओसारपसारलाई गम्भिर अपराधको रुपमा स्वीकार गरी अन्तर्राष्ट्रिय र क्षेत्रिय सन्धिहरू अनुमोदन गर्दै आएको छ। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणकालागि नेपालले अवलम्बन गरेका मुख्य नीतिहरू, नीति कार्यान्वयनमा देखिएका समस्या र सुधार गर्नुपर्ने पक्षलाई तालिकाको माध्यमबाट एकीकृत रुपमा प्रस्तुत गरिएको छ।

**तालिका नं २: मानव बेचबिखनसँग सम्बन्धित नीतिहरूको समीक्षा**

| विद्यमान नीति | कार्यान्वयनको अवस्था | कम्जोर पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|---|---|
| **नीतिगत व्यवस्था** | | | |
| **बैदेशिक रोजगार नीति, २०६८** | • अन्तर्राष्ट्रिय श्रम बजारमा रोजगारका अवसरहरूको पहिचान तथा प्रवर्द्धन गर्ने,<br>• प्रतिपर्धात्मक क्षमता सहितका सीपयुक्त जनशक्ति विकास गरी वैदेशिक रोजगारको लाभलाई अधिकतम गर्ने,<br>• वैदेशिक रोजगारका समग्र चरणहरू तथा प्रक्रियाहरूलाई सरल, पारदर्शी, भरपर्दो, व्यवस्थित र सुरक्षित बनाउने,<br>• श्रम बजारमा महिला कामदारका सवालहरूलाई सम्बोधन गर्दै समग्र आप्रवासन चक्रमा उनीहरूको अधिकार सुनिश्चित गर्ने,<br>• वैदेशिक रोजगार व्यवस्थापनमा सुशासनको प्रत्याभुत गर्ने, | • वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित र भरपर्दो बनाउँदै वैदेशिक रोजगारबाट हुने आर्थिक तथा गैर आर्थिक लाभबाट गरिबी निवारण तथा राष्ट्रको दिगो आर्थिक विकासमा अधिकतम योगदान दिन नसकेको<br>• नेपालको जनशक्तिलाई अन्तरराष्ट्रिय बजारको माग अनुरुप ज्ञान र सीप प्रदान प्रयाप्त रुपमा नसकेको | • स्थानीय तहलाई नै सक्रिय बनाई नेपालको जनशक्तिलाई दक्ष बनाउन स्थानीयस्तरमै तालिम सञ्चालन गराउने<br>• स्थानीय तहमा नै स्वरोजगारका अवसरहरू सृजना गराउने<br>• वैदेशिक रोजगारीमा जान चाहने जनशक्तिलाई आवश्यक तालिम उपलब्ध गराउने<br>• छिमेकी देश भारतमा काम गर्न जानेको अभलेख राख्ने व्यवस्था गर्नु पर्ने |

| विद्यमान नीति | कार्यान्वयनको अवस्था | कम्जोर पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|---|---|
| **बैदेशिक रोजगार नीति, २०६८** | • वैदेशिक रोजगार व्यवस्थापनमा स्थानीय, राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्रोत परिचालन गर्दै क्षेत्रगत साझेदारीको अभिवृद्धिबाट सहकार्य प्रवर्द्धन गर्ने,<br>• विप्रेषणलाई मानव विकास तथा उत्पादनमूलक क्षेत्रमा अधिकाधिक रुपमा परिचालन गर्ने | • दक्ष, क्षमतावान् र प्रतिस्पर्धी श्रमशक्तिको रुपमा विकास गर्दै वैदेशिक रोजगारमा उनीहरूको प्रवेशलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन नसकेको | • वैदेशिक रोजगारीमा जाँदा ज्यान गुमाउने, भोतिक हिंसा र यौन हिंसाका साथै मानव तस्करीका विषयहरु पिन समावेश गर्नुपर्ने |
| बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ | • बालबालिकाहरूलाई सबै किसिमका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार परित्याग, उपेक्षा, शोषण वा यौन दुर्व्यवहारबाट संरक्षण गर्ने,<br>• बालबालिकाहरू जन्मनु अघि र जन्मेपछि आवश्यक स्याहार, पोषण र शिक्षा प्रदान गरी उनीहरूको शारीरिक, मानसिक र शैक्षिक विकास गर्ने,<br>• बालबालिकाहरूसँग सम्बद्ध विषयहरूमा आफ्ना विचारहरू अभिव्यक्त गर्ने अवसर दिई बाल सहभागिता अभिवृद्धि गर्ने,<br>• बालबालिका विरुद्धको विभेद अन्त्य गर्ने<br>• बाल न्याय प्रणालीलाई सुदृढ गर्ने | • आर्थिक अभावका कारण बालबालिकाहरू विद्यालयमा पढ्दा पढ्दै छाड्ने परिस्थिति बन्ने गरेको<br>• बाल अधिकार पूर्ण रुपमा कार्यान्वयन हुन नसकेको<br>• बालबालिकाहरू घरेलु हिंसाबाट पीडित भएर सडकमा आउन वाध्य हुने गरेको<br>• बालबालिकाहरू छुवाछुतबाट अझै पनि पीडित हुने गरेको | • यस नीतिमा उल्लेख गरिएका विषयहरू प्रभावकारी रुपमा लागु गर्नुपर्ने<br>• |

## २.२ कानूनी व्यवस्था

मानव बेचविखन तथा ओसारपसार नियन्त्रणमा नेपाल सरकारले गरेका कानूनी व्यवस्थाको समीक्षा तपशिल बमोजिम रहेका छन् ।

**तालिका नं ३: मानव बेचबिखनसँग सम्बन्धित कानूनहरूको समीक्षा**

| विद्यमान कानून | कार्यान्वयनको अवस्था | कमजोर पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|---|---|
| नेपालको संविधानमा भएको मानव बेचबिखन तथा ओसारपसार विरुद्धको व्यवस्था | • नेपालको संविधानले कुनै पनि महिला, पुरूष र बालबालिकालाई बेचबिखन गर्न, दास वा बाँधा बनाउन र इच्छाविरुद्ध काममा लगाउन नपाईने व्यवस्था गरेको<br>• हिंसा, शोषण तथा अनुचित प्रयोग गर्न नपाइने व्यवस्था गरी बालबालिका र महिलाका विशेष अधिकारहरू प्रत्याभूत गरिएको<br>• संविधानको धारा २९ को शोषण विरूद्धको हक अन्तर्गत उपधारा (३) ले प्रष्ट रुपमा मानव बेचबिखनलाई निषेध गरेको<br>• धारा ३८ मा महिलाको हक र धारा ३९ मा बालबालिकाको हकको व्यवस्था भएको | • संविधानको कार्यान्वयनको पक्ष फितलो रहेको | • संविधानको मर्म अनुसार कार्य गर्न सरोकारवालाहरूलाई प्रोत्साहन गर्नुपर्ने |

| विद्यमान कानून | कार्यान्वयनको अवस्था | कमजोर पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|---|---|
| **मुलुकी फौजदारी कार्यविधि संहिता २०७४** | • मुलुकी ऐन, २०२० लाई प्रतिस्थापन गरेको मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ६४ मा विदेशमा रहे बसेका अभियुक्तका नाममा पक्राउ पूर्जी जारी गर्न वा समाह्वान तामेल गर्न सकिने] व्यवस्था गरिएको छ।<br>• सोही ऐनको दफा ११६ को उपदफा (२) मा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्धा फिर्ता लिन नसकिने ब्यवस्था गरिएको छ। | • अभियुक्तहरू मानव बेचबिखनसँग सम्बन्धी मुद्धालाई मानव तस्कर सम्बन्धी भनी उन्मुक्ति पाएको अवस्था छ। | मानव तस्कर सम्बन्धी कानून निर्माण गरी कार्बाहीको प्रक्रिया अघि बढाउनु पर्ने देखिन्छ। |
| **मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा नियमावली २०६५** | • यो ऐन बमोजिम मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको कार्यहरू भईरहेको<br>• यस ऐन अन्तर्गत मानव बेचबिखन बिषेश गरी महिला तथा बालबालिकाहरुको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना (२०६८/२०७८) को समय समाप्त भएकोले नयाँ कार्ययोजना तर्जुमा भइरहेको | • यस ऐनले मानव बेचबिखनको परिभाषा भित्र पर्ने श्रम शोषण, अनौपचारिक यौन व्यवसाय, वैदेशिक रोजगारीको भ्रममा हुने श्रम शोषण तथा मानव तस्करी जस्ता पक्षलाई समेटन नसकेको।<br>• अन्य ऐन कानूनसँग सामञ्जस्यता हुन नसक्दा मानव बेचबिखनबाट पीडित/प्रभावितको न्यायमा चुनौती थपिएको। | • मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ संशोधनको प्रक्रियामा रहेको।<br>• वैदेशिक रोजगार ऐन, २०६४ लगायत अन्य ऐन कानूनसँग तादात्म्यता हुने गरी ऐन कानून संशोधन गर्नु पर्ने।<br>• मानव बेचबिखन बिषेश गरी महिला तथा बालबालिकाहरुको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजनाको समयावधि समाप्त भएकोले नयाँ कार्ययोजनाको निर्माण गर्नुपर्ने। |
| वैदेशिक रोजगार ऐन, २०६४ तथा नियमावली २०६४ | • वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन नाबालिगलाई पठाउन नपाउने व्यवस्था गरेको<br>• वैदेशिक रोजगारीमा पठाउँदा लैङ्गिक विभेद नगरी पठाउनु पर्ने<br>• इजाजत पत्र विना वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न नपाइने व्यवस्था गरिएको<br>• श्रम स्वीकृति, वैदेशिक रोजगार व्यवसायीको नियमन, कामदारको सुरक्षा, उद्दार, पुनर्एकीकरण, क्षमता विकासका कामहरू सञ्चालन हुँदै आएको<br>• यस ऐन बमोजिम विभिन्न कार्यविधि, निर्देशिका, म्यानुअल कार्यान्वयनमा आएको। | • मानव बेचबिखनको प्रकृतिसँग मिल्ने कार्यलाई पनि यही ऐन अन्तर्गत राखिएकोले नियन्त्रणमा बाधा पुगेको<br>• वैदेशिक रोजगारीमा पठाउनकालागि जो सुकै व्यक्ति पनि एजेन्टहरू हुने गरेको<br>• वैदेशिक रोजगार ऐनमा व्यवस्था गरिएको दण्ड र सजाय थोरै हुँदा मानव बेचबिखनको मुद्धा पनि यही ऐन मार्फत सम्बोधन हुने गरेको | • मानव बेचबिखनको प्रकृतिका अपराधको मुद्दालाई वैदेशिक रोजगार ऐनमा सम्बोधन नगर्ने व्यवस्था मिलाउने गरी ऐनमा सशोधन गर्नुपर्ने<br>• वैदेशिक रोजगारीमा कामदार पठाउने एजेन्टहरूलाई अनुमति पत्रको व्यवस्था मिलाउने गरी ऐनमा संशोधान गर्ने<br>• वैदेशिक रोजगारीमा जाने कामदारलाई जस्तै एजेन्टहरूलाई पनि तालिमको व्यवस्था मिलाउने गरी ऐन तथा नियमावलीमा नै व्यवस्था मिलाउने गरी ऐन संशोधान गर्ने |

## २.३ नेपालले अनुमोदन गरेका अन्तरराष्ट्रिय कानूनहरू

नेपाल सरकारले संयुक्त राष्ट्रसङ्घले पारित गरेका प्रमुख मानव अधिकार महासन्धिहरू र अन्तर्राष्ट्रिय श्रम संगठनका महासन्धिहरू अनुमोदन गरेपछि ती महासन्धिहरूलाई नेपालको व्यवस्थापिका संसदबाट अनुमोदन गर्नु पर्ने भनी नेपाल सन्धि ऐन, २०४७ मा उल्लेख गरिएको छ।नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय महासन्धिहरू जसलाई नेपाल सरकारले अनुमोदन गरी नेपालको कानून सरह मानेका दस्तावेजहरू तलको तालिकामा दिइएको छ।

**तालिका नं ४: मानव बेचबिखन तथा ओसारपसार विरूद्ध नेपालले अनुमोदन गरेका केही दस्तावेजहरू**

| क्र.सं. | नेपाल पक्ष राष्ट्र भएका उपकरणहरू | अनुमोदन गरेको मिति |
|---|---|---|
| १ १ | महिला विरुद्ध हुनै सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ | ९ वैशाख २०४८ |
| २ २ | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ | ३१ वैशाख २०४८ |
| ३ | बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ | २९ भाद्र २०४७ |
| ४४ | बालबालिकाको बेचबिखन, बालवेश्यावृत्ति तथा बाल अश्लील चित्रण सम्बन्धमा व्यवस्था भएको बालअधिकारसम्बन्धी महासन्धिको पुरक आलेख, २००० | ७ माघ २०६२ |
| ५५ | मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकामा हुने बेचबिखन नियन्त्रण र सजाय गर्ने प्रलेख, (२०००) पालेर्मो प्रलेख | २०७६ फागुण २९ |
| ६६ | वेश्यावृत्तिका लागि महिला तथा बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्ने र सो विरुद्ध संघर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन महासन्धि, २००२ | १४ कार्तिक २०६२ |
| ७७ | बलपूर्वकको श्रम उन्मूलनसम्बन्धी महासन्धि, १९३० (नं. २९) | २८ भाद्र २०५८ |
| ८८ | सङ्गठन गर्ने र सामूहिक सौदाबाजी सम्बन्धी सिद्धान्त प्रयोग सम्बन्धी महासन्धि, १९४९ (नं ९८) | १८ आश्विन २०५३ |
| ९९ | रोजगारी तथा व्यवसायमा हुने भेदभावसम्बन्धी महासन्धि, १९५८ (नं. १११) | ३ आश्विन २०३१ |
| ११० | रोजगारी प्राप्तिका लागि न्यूनतम उमेरसम्बन्धी महासन्धि, १९७३ (नं. १३८) | १८ आश्विन २०५३ |
| १११ | बालश्रमका निकृष्ट रूपहरूको उन्मुलन सम्बन्धी महासन्धि, १९९९ (नं. १८२) | २८ भाद्र २०५८ |
| ११२ | समान कामका लागि महिला र पुरुष कामदारलाई समान पारिश्रमिक प्रदान गर्नेसम्बन्धी महासन्धि, १९५१ (नं. १००) | २० आश्विन २०३३ |

*स्रोतः कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय*

## २.४ मानव बेचबिखन नियन्त्रण सम्बन्धी संलग्न संस्थागत संरचनाहरू र भूमिका

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणकालागि तर्जुमा गरिएका नीति तथा कानूनको प्रभावकारी कार्यान्वयनमा सरकार, निजी क्षेत्र, नागरिक समाज तथा अन्तर्राष्ट्रिय समुदाय लगायत सबैको एकीकृत एवं सार्थक प्रयासबाट मात्र मानव बेचबिखन तथा ओसारपसार जस्तो जघन्य अपराधको संजाललाई तोड्न सकिन्छ। यसका लागि सरकारका सबै अङ्ग र समाजको सबै पक्ष एकजुट हुन जरुरी छ। यस कार्यमा नियामक मन्त्रालयहरू, संवैधानिक आयोगहरू, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति, नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरो लगायतका सरकारी निकायहरू र सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, नागरिक समाज, सञ्चार माध्यम, आदि विभिन्न पक्षहरू आ-आफ्ना भूमिकासहित क्रियाशिल रहदै आएका छन्।मानव बेचबिखन नियन्त्रणका लागि प्रत्यक्ष रुपमा संलग्न भएका मुख्य संरचनाहरू, जिम्मेवारी तथा भूमिका र सुधारका पक्षहरु उल्लेख गरिएको छ।

**तालिका नं ५: मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि क्रियाशिल मुख्य निकायहरू**

| सरकारी निकायको नाम | मुख्य जिम्मेवारी तथा निर्वाह गरेको भूमिका | सुधार गर्नुपर्ने पक्ष |
|---|---|---|
| **प्रतिनिधि सभा महिला तथा सामाजिक समिति** | • संविधानको धारा ९७ मा भएको व्यवस्था बमोजिम सङ्घीय संसद, प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७० अनुसार महिला तथा सामाजिक समिति गठन गरिएको।<br>• यसको कार्य क्षेत्रमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोग तोकिएको<br>• छाउपडी कुप्रथा न्यूनीकरणकालागि समितिको भूमिका रहेको<br>• बालगृहहरूमा देखिने समस्याको समाधानका लागि प्रत्येक प्रदेशमा प्रदेशस्तरीय बालगृह स्थापना संचालन तथा व्यवस्थापन गर्न ध्यानाकर्षण गराएको | • छाउपडी प्रथा कानूनी रुपमा उन्मूलन भएतापनि सामाजिक रुपमा कायम रहेको अवस्थामा सरोकारवालासँग अन्तरक्रिया गरी हटाउने उपायहरूको खोजी गर्ने<br>• महिला हिंसा विरुद्धको १६ दिने अभियानमा मात्र नभइ निरन्तर रुपमा कार्य संचालन गर्नका लागि पहल तथा पैरवी गर्ने<br>• यस समिति अन्तर्गत रहेका आयोगहरूलाई मानव बेचबिखन नियन्त्रणसँग सम्बन्धित विषयहरूलाई अनिवार्य समावेश गर्न प्रेरित गर्ने |
| **प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय** | • नेपाल पक्ष राष्ट्र भएका सन्धि, महासन्धि आदिको कार्यान्वयन गर्ने सम्बन्धित सबै पक्षसँग सहकार्य गर्ने गरी अनुगमन तथा मूल्याङ्कन गर्ने<br>• मानव बेचबिखन नियन्त्रणसम्बन्धी सिफारिसहरू कार्यान्वयन गर्न समन्वय गर्ने, मानव बेचबिखनसम्बन्धी नीति कानून बनाउन सहजीकरण गर्ने।<br>• सरकारको कार्य विभाजन नियमावली २०७४ अनुसार मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको जिम्मेवारी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई तोकिएको भएता पनि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले, हेलो सरकारको माध्यमबाट मानव बेचबिखन तथा ओसारपसारका उजुरी तथा गुनासाहरूको सम्बोधन गर्दै आएको | सामाजिक न्याय<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, पीडित/प्रभिवतहरूको उद्धार, संरक्षण र पुनर्स्थापना गर्न संघ, प्रदेश र स्थानीय तहका सरकारहरू बीच साझेदारी गर्ने संयन्त्र र संरचनाको क्षामता अभिवृद्धि तथा सरोकारवालाहरू बीच प्रभावकारी रुपमा साझेदारी कायम गर्ने।<br>• मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/ प्रभावितहरूको उद्धार, स्वदेश फिर्ती, संरक्षण तथा पुनर्स्थापनाको लागि स्थापित संयन्त्रहरूको सुदृढीकरण तथा विस्तार गर्ने। |

| सरकारी निकायको नाम | मुख्य जिम्मेवारी तथा निर्वाह गरेको भूमिका | सुधार गर्नुपर्ने पक्ष |
| --- | --- | --- |
| | • <br>• यस कार्यालयको सामाजिक विकास तथा रुपान्तरण महाशाखा अन्तर्गत महिला, बालबालिका, ज्येष्ठ नागरिक, श्रम तथा सामाजिक सुरक्षा शाखा रहेको ।<br>• सो शाखाले महिला, बालबालिका तथा सामाजिक सुरक्षा सम्बन्धी नीति, कानून र मापदण्डका विषयमा समन्वय, सहजीकरण, अनुगमन र विश्लेषण लगायतका कार्य गर्दै आएको ।<br>• मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (२०७७/७८/२०८१/८२) तथा विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) बाट प्राप्त सिफारिस कार्यान्वयन कार्ययोजना (२०७८/२०८२) मा मानव बेचबिखन नियन्त्रणका विषय समावेश गरिएको । | • प्रत्येक प्रदेशमा कम्तीमा एउटा एकीकृत सेवा सुविधासहितको दीर्घकालिन पुनर्स्थापना केन्द्र र आवश्यकता अनुसार स्थानीय तहमा पुनर्स्थापना केन्द्र निर्माण तथा सञ्चालन गर्ने ।<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ लाई पालेर्मो प्रोटोकलसहित तादम्यता हुने गरी आवश्यक परिमार्जन सहजीकरण गर्ने ।<br>• मानव बेचबिखन विशेष गरी महिला बालबालिकाको बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८ को समयावधी समाप्त भईसकेको हुँदा नयाँ निर्माण गर्ने ।<br>• सातै प्रदेशमा कम्तीमा एउटा एकीकृत सेवा सुविधासहितको दीर्घकालिन पुनर्स्थापनाका लागि आवश्यक पहल गर्ने ।<br>• केन्द्र र आवश्यकता अनुसार स्थानीय तहमा पुनर्स्थापना केन्द्रको बिस्तार तथा सञ्चालन गर्न आवश्यक निर्देशन दिने । |
| **कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय** | • नेपाल सरकारका क्षेत्रगत मन्त्रालयहरूलाई ऐन, नियम, अध्यादेश बनाउने सम्बन्धमा परामर्श दिने, मस्यौदा तयार पार्ने, मस्यौदामाथि छलफल र अन्तिम रुप दिन जाँच गर्ने ।<br>• नेपाल सरकारका लागि आवश्यक पर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी विवादको सम्बन्धमा आवश्यक राय परामर्श दिने, कानूनको एकीकरण तथा संहिताकरण, नेपाल कानून, अन्तर्राष्ट्रिय कानून, न्याय प्रणाली र न्याय प्रशासनको अनुसन्धान, पुनरावलोकन, सुधार तथा न्याय प्रशासन सम्बन्धी कार्य गर्ने ।<br>• मन्त्रालयले मानव बेचबिखन सम्बन्धी ऐन तर्जुमा तथा संशोधनमा सहजीकरण गर्ने, नेपाल सरकारले स्वीकार गरेका अन्तर्राष्ट्रिय प्रावधानहरूको सम्बन्धमा कानूनी सहयोग प्रदान गर्ने, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी कानून निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै  आएको । | • मन्त्रालयबाट एकीकृत कानूनी सहायता नीति, २०७६ तय गरिएको र यस नीति अन्तर्गत सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतमा आर्थिक तथा सामाजिक कारणबाट आफ्नो कानूनी हकहित संरक्षण गर्न असमर्थ पक्षलाई सहज रुपमा निःशुल्क कानूनी सहायता उपलब्ध गराउने व्यवस्थाको प्रचारप्रसार गर्नुपर्ने ।<br>• जिल्ला तहमा निःशुल्क कानूनी सहायता प्रदान गर्ने कानून व्यवसायीहरूले आफ्नो फर्म समेत चलाउन पाउने हुँदा पीडितले प्राप्त गर्ने निशुल्क सेवा प्रभावित हुने गरेको । |

| सरकारी निकायको नाम | मुख्य जिम्मेवारी तथा निर्वाह गरेको भूमिका | सुधार गर्नुपर्ने पक्ष |
|---|---|---|
| **गृह मन्त्रालय** | ● मुलुकमा अपराध रोकथाम तथा नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड तयार पारी अपराध अनुसन्धान र अपराध अनुसन्धानको अभिलेख राख्ने, मानव अधिकार र नागरिक स्वतन्त्रताको संरक्षण तथा प्रवर्धन गर्ने तथा अपराध नियन्त्रण गरी शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउ धन र स्वतन्त्रताको संरक्षण गर्नु<br>● जनताको माग र आधारभूत आवश्यकता अनुरूप गृह प्रशासनलाई सञ्चालन गरी देशमा भरपर्दो शान्ति सुरक्षा प्रदान गर्नु गृह प्रशासनको लक्ष्य मुताविक मानव बेचबिखन तथा ओसारपसार जस्ता कार्यको सुक्ष्म निगरानी गर्ने, पीडित/प्रभावितको खोजी तथा उद्धार गर्ने, पीडकलाई पक्राउ गर्ने, अपराधको पुर्पक्षमा रहेका वा कैद सजाय पाएका अभियुक्तहरूलाई कारागारमा राख्ने, नेपाल भारत सीमामा भारतीय समकक्षीहरूसँग सम्पर्क, सम्बन्ध, समन्वय गरी मानव बेचबिखन तथा ओसारपसार कार्य नियन्त्रण गर्ने ।<br>● बेचबिखनका पीडित/प्रभावितहरूको संरक्षणकालागि आवश्यक पहल, उद्धार, स्वदेश फिर्ती गराउने जस्ता कार्यहरू गर्ने । | ● मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी उजुरी दर्तालाई थप सहज बनाउने<br>● वैदेशिक रोजगार ऐन मार्फत हुने गरेको कारबाही नेपाल प्रहरी ऐन मार्फत गराउन पहल गर्ने<br>● मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणकालागि संवेदनशील क्षेत्रका समुदायलाई सुसुचित बनाउने<br>● मानव बेचबिखन तथा ओसारपसारलाई निरुत्साहित गर्न अध्यागमन बिभागलाई सजग गराउने। |
| नेपाल प्रहरी मानव बेचबिखन अनुसन्धान ब्यूरो | ● नेपाल प्रहरी मानव बेचबिखन अनुसन्धान ब्यूरो हाल प्रहरी नियमावली, २०७१ बमोजिम सञ्चालित भएको ।<br>● मानव बेचबिखन तथा ओसारपसारको रोकथाम, अनुसन्धान, पीडित/प्रभावितको उद्दार र संरक्षण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा समन्वय र साझेदारी गरी मानव बेचबखिन नियन्त्रणमा अग्रपंक्तिमा रहेर भूमिका निर्वाह गर्दै आएको ।<br>● मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दा दर्ता, पीडित/प्रभावित तथा पीडकहरूको तथ्याङ्क व्यवस्थापन गर्दै आएको । | ● विदेशमा अलपत्र भएका मानिसहरूलाई उद्धार गर्नका लागि आवश्यक बजेटको व्यवस्था गर्नुपर्ने ।<br>● पीडितहरूको उद्धार गर्नका लागि प्रहरी ऐन, २०७१ अनुसार कारबाही गर्ने व्यवस्था मिलाउने । |
| **परराष्ट्र मन्त्रालय** | ● मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि यस मन्त्रालयले विदेशमा रहेका नेपाली नागरिकको संरक्षण गर्ने, अन्तर्राष्ट्रिय र क्षेत्रिय सञ्जालहरूसँग समन्वय तथा सहकार्य गर्ने, नागरिकको रक्षाका लागि विदेशस्थित नेपाली नियोगसँग समन्वय गर्ने ।<br>● विदेशको भूमिमा घटेका वा विदेशी नागरिकको संलग्नता रहेको मानव बेचबिखन तथा ओसारपसारजस्तो अमानवीय अपराधिक घटना वा मामिलाको अनुसन्धान तथा आवश्यक कारबाहीमा सहयोग गर्ने । | ● विदेशमा कुनै सेमिनारमा भाग लिन जाने व्यक्तिहरू नक्कली कागजात पेश गरेर जाने भएकोले त्यसलाई नियन्त्रण गर्न आवश्यक ऐन तथा कार्यविधि बनाउने । |

| सरकारी निकायको नाम | मुख्य जिम्मेवारी तथा निर्वाह गरेको भूमिका | सुधार गर्नुपर्ने पक्ष |
|---|---|---|
| | • विदेशमा भएका बेचबिखनका पीडित/प्रभावितलाई उद्दार गरी सम्बन्धित देशको नेपाली राजदूतावास मार्फत स्वदेश फिर्ता पठाउने व्यवस्था मिलाउने पहल गर्ने ।<br>• रोजगारदाता देशहरुमा श्रम सहचारीको ब्यवस्था गर्ने।साउदी अरब, कुवेत, कतार र संयुक्त अरब इमिरेट्समा आवश्यक पर्दाको बखतमा अल्पकालीन सुरक्षा आवास गृहहरू सञ्चालन गर्ने गरिएको ।<br>• विदेशमा अलपत्र परेका नेपालीहरूको उद्धार, मृत्यु भएका कामदारहरूको शव नेपाल झिकाउने जस्ता कार्यहरू सम्पादन गर्नका लागि विदेश स्थित नेपाली नियोगहरूसँग आवश्यक समन्वय गर्ने । | |
| **महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय** | • नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार बेचबिखन तथा ओसारपसार नियन्त्रणको जिम्मेवारी पूरा गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने<br>• यस मन्त्रालयअन्तर्गत मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखा, महिला तथा बालबालिका विभाग, पुनर्स्थापना केन्द्र, राष्ट्रिय बाल अधिकार परिषद्, समाज कल्याण परिषद् आदि निकायहरू मानव बेचबिखन नियन्त्रण कार्यमा संलग्न रहेका छन् । | • महिला, बालबालिकाको क्षेत्रमा काम गर्न संघ, प्रदेश र स्थानीय तह बीच प्रभावकारी समन्वय संयन्त्र स्थापना हुन आवश्यक देखिएको । |
| **मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालय** | • मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा २३ तथा नियमावली, २०६५ को नियम ३ मा व्यवस्था गरिए बमोजिम महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका सचिवको अध्यक्षतामा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति गठन गरी सो समितिको सचिवालयको रुपमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखाले काम गरिरहेको।<br>• यस सचिवालयले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा गरी मन्त्रालयमा पेश गर्ने, स्वीकृत नीति, योजना, कार्यक्रम कार्यान्वयन गर्ने गराउने तथा अनुगमन गर्ने, विदेशमा अलपत्र परेका पीडित/प्रभावितको उद्धार गर्ने र निजको सहमतिमा स्वदेश फर्काउने लगायतका कार्यहरू गर्ने | |
| **महिला तथा बालबालिका विभाग** | • महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय अन्तर्गत महिला तथा बालबालिका विभागको स्थापना गरिएको<br>• यस विभागले ७५३ वटा स्थानीय तहमा हुने सामाजिक विकास शाखा/उपशाखा/इकाईसँग समन्वय गरी महिला बालबालिकासँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने | • मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणकालागि स्थानीय तहको कार्यक्षेत्रभित्र यस कार्यक्रमलाई समावेश गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा परिमार्जन गर्नुपर्ने |

| सरकारी निकायको नाम | मुख्य जिम्मेवारी तथा निर्वाह गरेको भूमिका | सुधार गर्नुपर्ने पक्ष |
|---|---|---|
| **पुनर्स्थापना केन्द्र** | • मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १३ तथा नियमावली, २०६५ को नियम ११ बमोजिम पीडित/प्रभावित व्यक्तिलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रुपमा पुनर्स्थापना गराउनकालागि नेपाल सरकारले आवश्यकता अनुसार पुनर्स्थापना र पुनर्मिलन गराउनको लागि नेपाल सरकारले आवश्यकता अनुसार पुनर्स्थापना केन्द्र स्थापना गर्न सक्ने व्यवस्था गरेको<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको आर्थिक सहयोग तथा समन्वय र गै.स.स. को सञ्चालन व्यवस्थापनमा झापा, पर्सा, चितवन, काठमाण्डौं, सिन्धुपाल्चोक, रूपन्देही, बाँके कास्की, सुर्खेत र कैलाली गरी १० वटा जिल्लाहरूमा पुनर्स्थापना केन्द्रहरू संचालनमा रहेका छन् । | |
| **राष्ट्रिय बाल अधिकार परिषद्** | • काठमाडौं उपत्यकाको हकमा १०४ नम्बर बालबालिका खोजतलास समन्वय केन्द्र भृकुटीमण्डपमा सञ्चालन गरिएको<br>• मुस्ताङ जिल्ला बाहेक अन्य जिल्लाको हकमा १०४ नम्बर जिल्ला प्रहरी कार्यालयमा रहेको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा सेवा सञ्चालन गरिएको<br>• बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र स्थापना र सञ्चालन गर्ने क्रममा प्रदेश नं.१, मधेश प्रदेश र लुम्बिनी प्रदेशमा विस्तार गरी बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र १०४ समेत सञ्चालन गरिएको<br>• हराएका बालबालिकाको खोजी गर्न बालबालिका खोजतलास सेवा केन्द्र १०४ र बाल हेल्पलाईन १०९८ सञ्चालनमा रहेको<br>• यसबाट सडक बालबालिका तथा हिंसामा परेका बालबालिकाको उद्धार संरक्षण तथा पुनर्स्थापना गर्ने कार्यले निरन्तरता पाइरहेको<br>• बेवारिस फेला परेका बालबालिकाको परिवारको खोजी र पहिचान गरी परिवारमा पुनर्मिलन गराउने कार्य भइरहेको<br>• जोखिमपूर्ण श्रममा संलग्न बालबालिकाको उद्धार तथा संरक्षण गर्न र बेचबिखन तथा ओसारपसारमा परेका बालबालिकाको उद्धार तथा संरक्षण गर्ने कार्य भइरहेको | • कानून नीति तथा योजनाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने<br>• बालश्रम, बालिविवाह बालबालिका विरुद्ध हुने अमानवीय यौनजन्य हिंसा, दुर्व्यवहार र विभेद, बालबालिकाको अन्तरिक तथा बाह्य ओसारपसार जस्ता गैर कानूनी घटनाहरूको अन्त्य गर्न पहल गर्ने |

| सरकारी निकायको नाम | मुख्य जिम्मेवारी तथा निर्वाह गरेको भूमिका | सुधार गर्नुपर्ने पक्ष |
|---|---|---|
| प्रदेश र स्थानीय तहको बाल अधिकार समिति | • नेपाल सरकारले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (१) मा प्रत्येक प्रदेशमा बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालयका मन्त्रीको अध्यक्षतामा प्रदेश बाल अधिकार समिति रहने व्यवस्था गरेको<br>• सोही दफाको उपदफा (२) मा प्रत्येक स्थानीय गाउँकार्यपालिका उपाध्यक्ष वा नगरपालिकाको उप प्रमुखले तोकेको कार्यपालिकाको अध्यक्षतामा स्थानीय बाल अधिकार समिति रहने व्यवस्था गरेको<br>• बाल अधिकार समितिको काम कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि प्रदेश र स्थानीय तहले निर्धारण गरे बमोजिम हुने। | • ७५३ वटै स्थानीय तहमा स्थानीय बाल अधिकार समिति गठन गर्न पहल गर्ने<br>• संवेदनशील क्षेत्र भएका स्थानीय तहमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्नकालागि स्थानीय तहलाई अनिवार्य बजेटको व्यवस्था गर्न पहल गर्ने |
| समाज कल्याण परिषद् | • समाज कल्याण परिषद् नेपालको सामाजिक आर्थिक विकासकालागि संस्था दर्ता ऐन अनुसार दर्ता भएका गैरसरकारी संस्थाहरूको नियमनकालागि गठन भएको<br>• नेपालमा कार्यरत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले नेपालका गैरसरकारी संस्थाहरू मार्फत सञ्चालन गर्ने परियोजनाहरूमा संझौता गर्ने, अनगुमन तथा मूल्याङ्कन गर्ने कार्य गर्ने | |
| श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | • वैदेशिक रोजगारको नीति निर्माण, मातहतका निकायको अनुगमन, नियमन र वैदेशिक रोजगारको समग्र व्यवस्थापन अनुकूल वातावरण निर्माण गर्नु<br>• नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ अन्तर्गत मन्त्रालयले वैदेशिक रोजगार सम्बन्धी नीति, कानून, मापदण्ड, व्यवस्थापन र नियमन, रोजगार सम्बन्धी तथ्याङ्क व्यवस्थापन, अध्ययन र अनुसन्धान, श्रम सहचारीको व्यवस्थापन, रोजगार उन्मुख सीपमूलक एवं व्यावसायिक तालिम सञ्चालन, मन्त्रालय सम्बन्धी अन्तर्राष्ट्रिय संघ संस्थासँग सन्धि सम्झौता, गर्ने कार्य गर्ने<br>• यस मन्त्रालयले Nepal labour migration report २०२२ प्रकाशन गरि वेवसाइटमा समेत अपलोड गरेको | • वैदेशिक रोजगार विभाग तथा वैदेशिक रोजगार बोर्डको सचिवालय र वैदेशिक रोजगार न्यायाधिकरणले आवश्यक कानून परिमार्जन गर्ने<br>• भारतको बाटो भएर श्रम स्वीकृति नलिइकन वैदेशिक रोजगारमा जाने प्रवृतिलाई रोक्नकालागि सरोकारवालासँग छलफल गरी निष्कर्षमा पुग्ने<br>• वैदेशिक रोजगारमा कामदारको खोजी गर्ने एजेन्टलाई अनुमति पत्रको व्यवस्था गरी निजहरूलाई पनि तालिम दिने नीति बनाउनु पर्ने |

| सरकारी निकायको नाम | मुख्य जिम्मेवारी तथा निर्वाह गरेको भूमिका | सुधार गर्नुपर्ने पक्ष |
|---|---|---|
| वैदेशिक रोजगार बोर्ड | • वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३८ अनुसार वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन र कामदार तथा व्यवसायीको हक हित प्रवर्द्धन गर्न वैदेशिक रोजगार बोर्डको गठन भएको<br>• नेपाली कामदारले विदेशमा कमाएको आय सरल र सुलभ तरिकाले नेपाल भित्र्याउने सम्बन्धमा आवश्यक प्रबन्ध मिलाउनको लागि नेपाल सरकारलाई परामर्श दिने कार्य गर्दै आएको<br>• कामदारको क्षमता अभिवृद्धि, सीप तालिम तथा सूचना प्रवाह गर्ने, कामदारको कल्याणसम्बन्धी कार्य गर्ने, अप्ठ्यारोमा परेका कामदारको उद्दार गर्ने, पुनएकीकरणका कार्यक्रम सञ्चालन गर्ने<br>• वैदेशिक रोजगारमा जाने कामदारकालागि बोर्डले स्वीकृत गरेको पाठ्यक्रम अनुसार अभिमुखीकरण, तालिम दिंदै आएको<br>• वैदेशिक रोजगारमा जाने कामदारले वैदेशिक रोजगार कल्याणकारी कोषमा निश्चित रकम जम्मा गर्नुपर्ने व्यवस्था छाउक्त रकम अभिमुखीकरण, तालिम र सूचनामुलक जानकारी सम्प्रेषण जस्ता कार्यहरूमा समेत खर्च गर्न सकिने व्यवस्था गरिएको | • वैदेशिक रोजगार तालिमलाई प्रभावकारी र नतिजामूलक बनाउने<br>• तालिमको विषयवस्तु प्रस्तुती गर्ने मात्र नभइ कामदार सुसुचित भएको सुनिश्चत गर्ने |
| वैदेशिक रोजगार विभाग | • वैदेशिक रोजगार ऐन, २०६४ ले वैदेशिक रोजगारमा जाने नेपाली कामदारहरूलाई श्रम स्वीकृति दिने अधिकार वैदेशिक रोजगार विभागलाई दिएको<br>• यस विभागले वैदेशिक रोजगारको नियमन गर्ने, श्रम स्वीकृति प्रदान गर्ने, वैदेशिक रोजगारमा हुने ठगी नियन्त्रण गर्ने, नेपाली कामदारको गन्तब्य मुलुकमा अधिकार रक्षाकालागि विविध कार्य गर्ने, पीडित/ प्रभावित कामदारलाई न्याय प्रदान गर्ने<br>• श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा जाने नेपाली कामदारहरूको विवरण वैदेशिक रोजगार व्यवस्थापन सूचना प्रणालीमा एकीकृत गरी राख्ने<br>• वैदेशिक रोजगारीमा जाने कामदारहरूको लागि वैदेशिक रोजगार विभाग सम्पर्क बिन्दु भएको कारण औपचारिक माध्यमबाट विप्रेषण भित्र्याई उत्पादनमुलक क्षेत्रमा उपयोग गर्नकालागि कामदारहरूलाई सूचना तथा जानकारी दिने<br>• नेपालले १११ वटा देशमा श्रम स्वीकृति लिएर विदेशमा काम गर्ने अनुमति दिंदै आएको | • वार्षिक रुपमा प्रगति प्रतिवेदन तयार पारी सार्वजानिक गर्नुपर्ने<br>• अनलाइन प्रविधिबाट श्रम स्वीकृतिको लागि निवेदन दिने प्रक्रियालाई सरलीकृत गर्दै लैजाने |

| सरकारी निकायको नाम | मुख्य जिम्मेवारी तथा निर्वाह गरेको भूमिका | सुधार गर्नुपर्ने पक्ष |
|---|---|---|
| वैदेशिक रोजगार न्यायाधिकरण | • वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ मा उल्लेख भएका कसूरहरूमध्ये वैदेशिक रोजगार विभागबाट सजाय हुने भनी लेखिएका कसूरबाहेक अन्य कसूरहरूमा शुरु कारबाही र किनारा लगाउनकालागि यस न्यायाधिकरणले कार्यसम्पादन गर्दै आइरहेको<br>• कानूनी व्यवस्था अनुसार निम्न प्रकृतिका कार्यहरू गरी भएका कसूरहरूको सुनुवाई यस न्यायाधिकरणबाट हुने<br>• इजाजतपत्र बिना वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमा<br>• इजाजतपत्रवालाले स्वीकृति नलिई कामदार विदेश पठाएमा<br>• नाबालिगलाई वैदेशिक रोजगारमा पठाएमा<br>• सरकारलेश्रमस्वीकृतीनलिएकामुलुकमाकामदारपठाएमा<br>• लिखत वा प्रतिवेदन लुकाएमा वा हेरफेर गरेमा<br>• इजाजत पत्रवालाले व्यक्तिगत रुपमा कामदार पठाएमा<br>• वैदेशिक रोजगारीमा जाँदा पीडित/प्रभावितहरुले यस न्यायाधिकरणबमा मुद्धा दायर गर्दा आर्थिक रुपले विपन्न व्यक्तिलाई निशुल्क कानूनी सहायता प्रदान गर्दै आएको<br>• यस न्यायाधिकरणमा दायर हुने वैदेशिक रोजगार कसुर मुद्धाका असमर्थ पक्षलाई निशुल्क कानूनी सहायता (प्रो बोनो सेवा) प्रदान गर्न ५१ जना कानून व्यवसायी तयार गरिएको | |
| प्रदेश सरकार | • साविकमा जिल्ला तहमा भएका महिला तथा बालबालिका कार्यालयहरू खारेज भई प्रदेश तथा स्थानीय तहमा समायोजन भईसकेपछि महिला तथा बालबालिकाका सवालहरू प्रदेश तथा स्थानीय तहले हेर्ने व्यवस्था मिलाईएको<br>• महिला तथा बालबालिका कार्यालयहरूबाट सम्बोधन हुँदै आएको मानव बेचबिखन तथा ओसारपसारविरुद्ध निरोधात्मक, संरक्षणात्मक तथा न्यायमा पहुँच अभिवृद्धिसम्बन्धी विभिन्न कार्यक्रमहरू हाल प्रदेश तथा स्थानीय सरकारबाट सञ्चालन हुने व्यवस्था गरिएको | • प्रदेश सरकारमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी संरचना निर्माण गर्ने ।<br>• प्रदेशमा तर्जुमा हुने नीति, कानून तथा कार्यक्रममा मानव बेचबिखन नियन्त्रणका व्यवस्थालाई प्राथमिकता दिने।<br>• बालबालिका तथा महिलाको मुद्धाहरू प्राथमिकताका साथ सम्बोधन गर्ने व्यवस्था मिलाउने । |

| सरकारी निकायको नाम | मुख्य जिम्मेवारी तथा निर्वाह गरेको भूमिका | सुधार गर्नुपर्ने पक्ष |
|---|---|---|
| स्थानीय सरकार | • विगतमा केन्द्र मातहत रहेका सम्वद्ध निकायहरू परिचालन गरी मानव बेचबिखन विरुद्धका कार्य गर्ने ।<br>• सबै स्थानीय तहमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी स्थानीय समिति गठन गर्ने ।<br>• स्थानीय नीति कानून र कार्यक्रममा मानव बेचबिखन नियन्त्रणको विषय समावेश गरिएको । | • स्थानीय तहमा मानव बेचबिखन तथा ओसारपसारको जोखिमउन्मुख समुह/समुदायको पहिचान गरि सो अपराध हुनबाट रोक्न विषेश कार्यक्रमहरु संचालन तथा समन्वय गर्ने ।<br>• स्थानीय कोषको व्यवस्था गर्ने । |
| **संवैधानिक आयोगहरू** | | |
| राष्ट्रिय योजना आयोग र आवधिक योजना | • तेहौं योजना (२०७०/७१/२०७२/७३) योजना अघिसम्म लैङ्गिक समानता तथा महिला सशक्तीकरण सम्बन्धी नीति, रणनीति तथा कार्यक्रमहरू अन्तर्गत मानव बेचबिखन तथा ओसारपसारलाई संक्षिप्त रूपमा राखिएको थियो।चौधौं योजनादेखि मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको विषयलाई छुट्टै परिच्छेदमा राखी प्रस्तुत गर्न थालिएको देखिन्छ।<br>• पन्ध्रौं योजना (२०७६/७७ /२०८०/८१) को शीर्षक ९.१३ मा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण अन्तर्गत प्रमुख समस्या, चुनौति तथा अवसर, सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र अपेक्षित उपलब्धि सहितको विवरण समावेश गरिएको ।<br>• पन्ध्रौं योजनामा मानव बेचबिखन तथा ओसारपसारमुक्त मर्यादित समाज निर्माण गर्ने दीर्घकालिन सोच तय गरेको यस आयोगको मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका समूह/समुदायको सामाजिक-आर्थिक रुपान्तरण गर्ने लक्ष्य रहेको ।<br>• निरोधात्मक अभियान मार्फत मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्नु ।<br>• मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरुको उद्धार, संरक्षण, न्यायमा पहुँच र पुनर्स्थापनाको सेवालाई प्रभावकारी बनाउनु ।<br>• पुनर्स्थापना केन्द्रहरुको सुदृढीकरण र विस्तार गर्ने । | • आवधिक योजनासँग तादम्यता हुने गरी प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा गर्नपर्ने |

| सरकारी निकायको नाम | मुख्य जिम्मेवारी तथा निर्वाह गरेको भूमिका | सुधार गर्नुपर्ने पक्ष |
|---|---|---|
| राष्ट्रिय महिला आयोग | ● मानव बेचबिखनको प्रमुख कारकका रुपमा रहेको लैङ्गिक हिंसा तथा असुरक्षित आप्रवासन न्यूनिकरण सम्बन्धी सचेतनामुलक कार्यक्रमहरू आयोजना,<br>● हिंसा पीडित/प्रभावितहरूको उद्धार, पुनर्स्थापना तथा स्वास्थ्य उपचारमा समन्वय र सहकार्य,<br>● मनोसामाजिक विमर्श र न्यायमा पहुँचकालागि निशुल्क कानूनी परामर्श र सहयोग,<br>● नेपाल भारत सिमानाका अनुगमन तथा सुरक्षा निकाय र गैर सरकारी संस्थाहरूसँग समन्वयकारी भूमिका,<br>● आयोगको अनुगमन, अन्तरक्रिया तथा सरोकारवालाहरूबाट आएका सुझावहरूलाई नीतिगत व्यवस्थापन गर्न सरकारलाई सिफारिस<br>● मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा नेपाल सरकारका विभिन्न निकायहरूको ध्यानाकर्षण, | |
| राष्ट्रिय मानव अधिकार आयोग | ● नेपालको संविधानको धारा २४८ ले राष्ट्रिय मानव अधिकार आयोग रहने व्यवस्था गरेको<br>● संविधानको व्यवस्था अनुसार स्थापित यस आयोगको सङ्घीय संरचना अनुसार नयाँ साङ्गठनिक संरचना स्वीकृति भएको।<br>● केन्द्रीय कार्यालय, सात प्रदेश कार्यालय र तीन शाखा कार्यालय गरी एघार कार्यालयबाट आयोगलाई तोकिएको जिम्मेवारी निर्वाह गर्दै आइरहेको<br>● आयोगले मानव बेचबिखन तथा ओसारपसार विरुद्धको सवाल सम्बोधन गर्न सामुहिक अधिकार महाशाखाको व्यवस्था समेत गरेको।<br>सामुहिक अधिकार महाशाखालाई तोकिएको जिम्मेवारीः<br>● मानव बेचबिखन सम्बन्धी अनुगमन,<br>● मानव बेचबिखन सम्बन्धी वार्षिक प्रतिवेदन तयार र सरकारलाई सिफारिस,<br>● मानव बेचबिखन सम्बन्धी भएका समाचार तथा उजुरीबारे अनुसन्धान महाशाखासँग समन्वय,<br>● मानव बेचबिखन सम्बन्धी तथ्याङ्क अध्यावधिक,<br>● मानव बेचबिखन सम्बन्धी कानून पुनरावलोकन (कानून महाशाखासँग समन्वय गरी) कालागि पहल,<br>● मानव बेचबिखन पीडित/प्रभावितको उद्धार पुर्नस्थापना समन्वय र सम्बन्धीत निकायमा सिफारिस | |

| सरकारी निकायको नाम | मुख्य जिम्मेवारी तथा निर्वाह गरेको भूमिका | सुधार गर्नुपर्ने पक्ष |
|---|---|---|
| राष्ट्रिय कार्ययोजनाहरू | • महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले साविक महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले लागु गरेको मानव बेचबिखन विशेष गरी "महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसार पसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८" को समयावधी समाप्त भएकोले नयाँ कार्ययोजनाको मस्यौदा तयार पारेको ।<br>• यस कार्ययोजनालाई सङ्घीय शासन प्रणाली बमोजिम कार्यान्वयनका लागि आवश्यक क्रियाकलापहरू, कार्यसम्पादन मापन गर्ने सूचक, समयावधि र त्यसको नतिजा, निर्दिष्ट कार्यहरू सम्पादनकालागि आवश्यक बजेट, सहयोगी निकाय, मुख्य तथा अन्तिम जिम्मेवारीहरू समेतमा समायोजन गर्न केन्द्रिय तहमा जिम्मेवार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रलायले नेतृत्व गरिरहेको | |
| दिगो विकासको लक्ष्य २०३० | • दिगो विकासको लक्ष्य २०३० को लक्ष्य नं ५.२ मा मानव बेचबिखन र यौन शोषण सहित सार्वजनिक र निजी क्षेत्रमा महिला, बालिका र किशोरीमाथि हुने सबै प्रकारका हिंसाको अन्त्य गर्ने,<br>• लक्ष्य १६.१ ले सबै स्वरुपका हिंसाहरु र यीसंग सम्बन्धित जुनसुकै क्षेत्रहरुमा हुने मृत्युहरु उल्लेखनीय रुपमा घटाउने, बालबालिकाहरु माथिको दुर्व्यवहार, शोषण, बेचबिखन र यिनीहरु विरुद्दका सबै प्रकारका हिंसा र शारीरिक मानसिक यातनाको अन्त्य गर्ने भनी उल्लेख भएको<br>• नेपालले २१०० सम्ममा बालबालिका तथा किशोरकिशोरीहरूलाई सबै प्रकारका हिसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरूको हक अधिकार संरक्षण तथा प्रवर्द्धन गर्ने मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका समूह/समुदायको सामाजिक आर्थिक रुपान्तरण गर्ने, गरीबीको रेखामूनि रहेको जनसङ्ख्या एकल अङ्गमा ल्याउने, उत्पादनशील क्षेत्रमा रोजगारी अभिवृद्धि गरी बेरोजगारी दर तथा श्रमको अल्प उपयोगमा उल्लेखनीय रुपमा कमी ल्याउने लक्ष्य लिएको | • दिगो विकासको लक्ष्यको स्थानीकीकरण गर्दा मानव बेचबिखन पनि समावेश गर्ने<br>• स्थानीय तहको आवधिक तथा वार्षिक योजना मा मानव बेचबिखन तथा ओसारपसार अनिवार्य रुपमा उल्लेख गराउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा यस विषयलाई पनि समावेश गराउन आवश्यक पहल गर्नुपर्ने |

## २.५ मानव बेचबिखन नियन्त्रणकालागि न्यायपालिकाको भूमिका र सुधारका पक्षहरु

संविधानको धारा १२७ को उपधारा (१) मा नेपालको संविधानले न्यायपालिकालाई प्रभावकारी बनाउन सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत गरी तीन तहका अदालतहरू रहने व्यवस्था गरेको छ । यी तीनै तहका अदालतहरूले आफ्नो कार्यक्षेत्रमा पर्ने अन्य प्रकारको मुद्धाको किनारा लगाउनुका साथै मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसँग सम्बन्धित मुद्धाहरूको पनि किनारा लगाउने कार्य गरिरहेका छन् ।

**तालिका नं ६: मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा न्यायपालिकाको भूमिका**

| न्याय सम्पादन गर्ने संस्था | मुख्य जिम्मेवारी तथा निर्वाह गरेको भूमिका | सुधार गर्नुपर्ने पक्ष |
|---|---|---|
| सर्वोच्च अदालत | • यस अदालतले अन्य प्रकृतिको मुद्धा लगायत मानव बेचबिखन तथा ओसारपसारको कार्यबाट पीडित/ प्रभावितहरूको संरक्षण र न्याय दिलाउने कार्यका लागि समय/समयमा महत्वपूर्ण फैसला, निर्णय तथा निर्देशनात्मक आदेशहरू जारी गरी नजिर बनाउने गरेको<br>• यसबाट मानव बेचबिखन तथा ओसारपसारका पीडित/ प्रभावितहरूको संरक्षण गरी उनीहरूलाई न्याय दिलाउने कार्यमा महत्वपूर्ण भूमिका रहेको<br>• अदालतको वार्षिक प्रतिवेदन २०७८ अनुसार मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी ४० वटा मुद्धाहरूको फैसला गरी नजिर स्थापना गरेको | • वैदेशिक रोजगारमा जाँदा पीडित भएको पक्ष मुद्धा फैसलामा हुने ढिलाका कारण फैसला नहुँदै पून विदेशमा जाने सम्भावना भएकोले संक्षिप्त कार्यविधि ऐन २०२८ अपनाएर छिटो छरितो रुपमा फैसला गर्न मातहतका निकायलाई निर्देशन दिनुपर्ने |
| उच्च अदालत | • संविधानको धारा १४४ को उपधारा (१) मा संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनकालागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार प्रयाप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनकालागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै कानूनी प्रश्नको निरुपणकालागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने अधिकार उच्च अदालतलाई दिएको<br>• यसको प्रयोजनकालागि उच्च अदालतले बन्दी प्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा जस्ता उपयुक्त आदेश जारी गर्न सक्ने<br>• सङ्घीय कानूनबमोजिम उच्च अदालतले शुरू मुद्दा हेर्ने, पुनरावेदन सुन्ने र साधक जाँच्ने लगायतका कार्यहरू ७ वटा प्रदेशमा स्थापित ७ वटा उच्च अदालत तथा उक्त उच्च अदालतका विभिन्न ९ वटा इजलास र २ वटा अस्थायी इजलास गरी कुल १८ वटा अदालत तथा इजलासहरूबाट हुँदै आएको<br>• उच्च अदालतले मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित मुद्धाहरूलाई संक्षिप्त कार्यविधि ऐन २०२८ अपनाएर छिटो छरितो रुपमा न्याय सम्पादन गर्ने प्रावधान राखिएको | |

| न्याय सम्पादन गर्ने संस्था | मुख्य जिम्मेवारी तथा निर्वाह गरेको भूमिका | सुधार गर्नुपर्ने पक्ष |
|---|---|---|
| जिल्ला अदालत | • नेपालको संविधानको धारा १४८ अनुसार ७७ जिल्लामा जिल्ला अदालतहरूको स्थापना गरिएको<br>• जिल्ला अदालतले न्याय प्रशासन ऐन, २०७३ को दफा ७ मा जिल्ला अदालतको अधिकार क्षेत्र तोकिएको<br>• यसै अधिकार क्षेत्रभित्र रहेर यस अदालतले अन्य प्रकृतिका मुद्धाहरूको अलावा मानव बेचबिखन र ओसारपसार सम्बन्धी मुद्दाहरूको समयमै मुद्दा फैसला गरी न्याय दिलाउने, गोपनीयता कायम राख्ने, पीडित/ प्रभावित तथा साक्षीको संरक्षण गर्ने, पीडित/ प्रभावितका तर्फबाट बहस पैरवी गर्ने कानून व्यवसायी नियुक्त गर्ने, कानून बमोजिमको सजाय तोक्ने, पीडित/ प्रभावितलाई क्षतिपूर्ति भराउने जस्ता उदाहरणीय फैसला तथा निर्णय गर्दै आएको<br>• यसको अलावा मानव बेचबिखनकालागि कारक तत्वको रुपमा रहेको घरेलु हिंसा सम्बन्धी स्थानीय तहबाट सिफारिस भई आएका मुद्धाहरू पनि जिल्ला अदालतले हेर्ने गरेको | |
| महान्यायधिवक्ताको कार्यालय | • महान्यायाधिवक्ताको कार्यालयले नेपाल सरकारलाई मुख्य कानूनी सल्लाहकारको भूमिका निभाई सरकारलाई संवैधानिक एवं कानूनी विषयमा राय सल्लाह प्रदान गर्ने गर्दछ।मानव बेचबिखन तथा ओसारपसार विरुद्धका मुद्दा सरकारवादी अन्तर्गत पर्ने हुँदा यस कार्यालयले तीमुद्दामा नेपाल सरकारको तर्फबाट अभियोजन गर्ने गरेको ।<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिमा महान्यायाधिवब्ताको कार्यालयका सहसचिव (सहकानूनी न्यायाधिवक्ता) सदस्य रहने कानूनी ब्यवस्था रहेको।<br>• नेपालको संविधानको धारा २० को उपधारा (१०) ले व्यवस्था गरे बमोजिम असमर्थ पक्षलाई कानून बमोजिम निःशुल्क कानूनी सहायता पाउने व्यवस्था तथा एकीकृत कानूनी सहायता नीति,२०७६ ले व्यवस्था गरे अनुसार असमर्थ पक्षको तर्फबाट कानूनी सहायता सम्बन्धी व्यवस्था गर्ने कार्यमा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीको अध्यक्षतामा गठन हुने १५ सदस्यीय राष्ट्रिय कानूनी सहायता परिषद्मा महान्यायाधिवक्ता पदेन सदस्य रहने व्यवस्था गरेको<br>• प्रदेशस्तरमा कानूनी प्रक्रिया गर्न असमर्थहरूका लागि कानूनी सहायता प्रदान गर्नकालागि प्रदेश र स्थानीय तहमा एकीकृत रुपमा कानूनी सहायता उपलब्ध गराउन प्रत्येक प्रदेशमा सम्बन्धित प्रदेश सरकारले गठन गरे बमोजिमको प्रदेश कानूनी सहायता समिति रहने व्यवस्था गरिएको | • एकीकृत कानूनी सहायता नीति,२०७६ अनुसार असमर्थ पक्षलाई कानून बमोजिम निःशुल्क कानूनी सहायता पाउने व्यवस्थालाई प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने<br>• प्रदेशस्तरमा कानूनी प्रक्रिया गर्न असमर्थहरूको लागि कानूनी सहायता प्रदान गर्नकालागि प्रदेश र स्थानीय तहमा एकीकृत रुपमा कानूनी सहायता उपलब्ध गराउन प्रत्येक प्रदेशमा सम्बन्धित प्रदेश सरकारले गठन गरे बमोजिमको प्रदेश कानूनी सहायता समिति रहने व्यवस्थालाई प्रभावकारी रुपमा लागु गर्ने |

| न्याय सम्पादन गर्ने संस्था | मुख्य जिम्मेवारी तथा निर्वाह गरेको भूमिका | सुधार गर्नुपर्ने पक्ष |
|---|---|---|
| महान्यायधिवक्ताको कार्यालय | • प्रदेश कानूनी सहायता समिति बनाउने अधिकार सम्बन्धित प्रदेशमा रहने व्यवस्था गरिएको<br>• प्रदेश कानूनी सहायता समितिले प्रदेश र स्थानीय स्तरमा कानूनी सहायता कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने, प्रदेश अन्तर्गतका जिल्ला कानूनी सहायता समितिहरू बीच समन्वय गर्ने तथा जिल्ला कानूनी सहायता समितिहरूको काम, कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाउने<br>• जिल्ला न्यायाधीसको अध्यक्षतामा गठन गरिने कानूनी सहायता समितिमा जिल्ला सरकारी वकिल कार्यालयका जिल्ला न्यायाधिवक्ता समेत सदस्य रहने व्यवस्था गरिएको | |

## २.६ अन्य कार्ययोजनाहरू

मानव बेचबिखन नियन्त्रण कार्यमा संलग्न विभिन्न सरकारी निकाय तथा गैरसरकारी संघसंस्थाहरूबाट मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि केही विषयगत कार्ययोजनाहरू बनाई लागु हुँदै आइरहेका पाइन्छ।

(क) बालश्रम उन्मूलनका लागि गुरुयोजना, २०५७ (२००१)

(ख) महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६०

(ग) बालबालिका सम्बन्धी १० वर्षे राष्ट्रिय कार्ययोजना, २०६०-२०७० (२००४-२०१४)

(घ) लैङ्गिक समानता तथा महिला सशक्तीकरण (बेइजिङ्ग कार्ययोजना) कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६१(२००४)

(ङ) संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्द्वारा पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, (२०६७/०६८-२०७१/०७२)

(च) लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, (२०६९/७०-२०७३/७४)

(छ) चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना (आ.व.२०७१/७२-२०७५/७६)

(ज) मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय कार्ययोजना (२०६८-२०७८)

## २.७ निर्देशिका, कार्यविधि तथा मापदण्डहरू

**मानव बेचबिखन नियन्त्रणका कार्यक्रमहरू समयबद्ध र प्रभावकारीरूपमा सञ्चालन गर्न मानव बेचबिखन** तथा ओसारपसार नियन्त्रणसँग सम्बन्धित निकायहरूबाट तर्जुमा भई लागु गरिएका केही निर्देशिका, कार्यविधि तथा मापदण्डहरू देहायबमोजिम रहेका छन्

१) मानव बेचबिखन विरुद्धको स्थानीय समिति (गठन तथा परिचालन) निर्देशिका, २०७०

२) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी सचेतना तथा क्षमता अभिवृद्धि तालिम पुस्तिका, २०७२

३) मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिका बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय समितिका सदस्यहरूको छनौट मापदण्ड, २०७४

४) मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६८

५) मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाको अभियोजन तथा अदालती कारबाही सम्बन्धी कार्यसञ्चालन निर्देशिका, २०६८

६) बाल हेल्पलाईन सञ्चालन कार्यविधि, २०६४

७) छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४

८) विशेष प्रकृतिको मुद्दाहरूको कारबाहीमा पक्षहरूको गोपनीयता कायम राख्ने सम्बन्धी (कार्यविधि) निर्देशिका, २०६४

९) नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने सर्त तथा प्रक्रिया, २०६५

१०) श्रमजीवी महिलाहरूप्रति डान्स रेस्टुरेन्ट, डान्स बारजस्ता कार्यस्थलमा हुने यौन उत्पिडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५

११) सर्वोच्च अदालतबाट भएको फैसला र निर्देशिका, २०६५

१२) वैदेशिक रोजगारसँग सम्बन्धित कसुरको अनुसन्धान तथा अभियोजन दिग्दर्शन, २०६७

१३) पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८

१४) पुनर्स्थापना कोष सञ्चालन निर्देशिका, २०६८

१५) मनोसामाजिक परामर्श निर्देशिका, २०६९

१६) आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९

१७) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचारसंहिता, २०७४

# आ.व. २०७८/०७९ मा सम्पादन गरिएका क्रियाकलापहरू

## ३.१ निरोधजन्य क्रियाकलापहरू

सरकारी निकाय तथा गैरसरकारी संघसंस्थाहरूबाट आ.व.२०७८/७९ मा मानव बेचबिखन तथा ओसारपसार रोकथामका लागि सम्पादन गरिएका निरोधजन्य क्रियाकलापहरूको स्थिति यस परिच्छेदमा प्रस्तुत गरिएको छ।

### ३.१.१. संवेदनशील स्थानहरूको पहिचान र स्थानीय समितिहरूको गठन

मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ को कार्यान्वयन योजना,२०७१ ले लिएको लक्ष्य प्राप्तिका लागि सरकारी तथा निजी क्षेत्र र नागरिक समाजको सहकार्यमा मानव बेचबिखन तथा ओसारपसारको दृष्टिले जोखिमउन्मूख समूह/ समुदायहरूको पहिचान र संरक्षण गरी समूह/समुदायमा आधारित सामाजिक तथा आर्थिक सुरक्षा सम्बन्धी गतिविधिहरू सञ्चालन गर्ने र सचेतना अभिवृद्धिका लागि शिक्षा, पैरवी तथा सञ्चार माध्यमका अभियानहरूलाई प्रवर्द्धन गर्ने गरेको छायस कार्यको लागि मानव बेचबिखन तथा ओसारपसारको दृष्टिले संवेदनशील जिल्लाहरूका गा.पा. तथा न.पा.मा रहेका आर्थिक सामाजिक रूपले पछाडि परेका वा जोखिममा रहेका तथा जोखिमउन्मूख समूह/समुदाय, महिला, बालबालिका तथा किशोर किशोरीहरूको पहिचानका लागि सर्भेक्षण गर्ने रहेकोमा शासकीय स्वरुप बमोजिम नयाँ संरचना निर्माण गर्ने कार्य भईरहेको छ। यसका साथै केन्द्रमा विज्ञहरू सम्मिलित परामर्शदाता टोली गठन गर्ने वा अनुसन्धान कार्यसँग सम्बद्ध संघसंस्था मार्फत सर्भेक्षण तथा विश्लेषण गरी प्रतिवेदन तयार गर्ने गरिएको छ।

### ३.१.२. बालबालिकाहरूको संरक्षण

नेपालको संविधानको धारा ३९ ले बालबालिकाहरूको मौलिक हक प्रत्याभूत गरेको छ।नेपालले २०४७ भदौ २९ गते संयुक्त राष्ट्र संघको बालअधिकार महासन्धि, १९८९ लाई अनुमोदन गरेपश्चात संविधानको मर्म र महासन्धिका विषयहरू व्यवहारमा कार्यान्वयन गर्नु राज्यको दायित्व हुन आउँछ। यसको नीतिगत तथा कानूनी व्यवस्थाका लागि नेपाल सरकारले आ.व.२०७४/७५ सम्म बालबालिका ऐन, २०४८ एवम् नियमावली, २०५१ का साथै बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।नेपालको संविधान जारी भए पश्चात बालबालिका ऐन, २०४८ खारेज गरी नयाँ बालबालिका ऐन, २०७५ जारी भई कार्यान्वयनमा आइसकेको छ। वि.सं.२०७८ मा बालबालिका सम्बन्धी नियमावली २०५१ लाई संशोधन गरिएको छ। विगत वर्षहरूमा जस्तै आ.व.२०७८/७९ मा पनि विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूले देशभरका बालबालिकाहरूको हक अधिकारको संरक्षण तथा विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार नियन्त्रण कार्य समेत गरेको देखिन्छ।

#### (क) राष्ट्रिय बाल अधिकार परिषद्

नेपालमा सङ्घीय शासन प्रणाली लागु भए पश्चात सङ्घीय सरकारले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ ले व्यवस्था गरे अनुरुप बाल अधिकारको संरक्षण र सम्वर्द्धनका कार्यहरू गर्न/गराउनका लागि माननीय महिला,

बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीको अध्यक्षतामा राष्ट्रिय बालअधिकार परिषद् गठन गरिएको छ। यस परिषद्ले तीनै तहका सरकारहरूलाई नीतिगत परामर्श, क्षमता विकासका कार्यक्रमहरूमा सहयोग गर्नुका साथै बाल संरक्षण संयन्त्र(बाल हेल्पलाईन सेवा १०९८ र बालबालिका खोजतलास सेवा १०४) को सञ्चालनमा समन्वय गर्दै आएको छ। परिषद्ले बाल हिंसा, दुर्व्यवहार एवं जोखिममा परेका बालबालिकाको उद्धारपश्चात अस्थायी संरक्षण सेवा, सडक बालबालिका उद्दार सेवा, वैकल्पिक हेरचाह सेवा, बाल संरक्षण आर्थिक राहत जस्ता कार्य गर्दै आएको छ। यस परिषद्ले बाल अधिकारको संरक्षण र सम्वर्द्धन लागि प्रदेश तथा स्थानीय सरकारहरूसँग समन्वय, सहकार्य गर्नुका साथै सङ्घीय तहमा अन्तर मन्त्रालय समन्वयका कार्यहरू समेत गर्ने गर्दछ।

साविकको केन्द्रीय बालकल्याण समिति अन्तर्गत रहेका जिल्ला बाल कल्याण समितिहरूको विघटन गरी बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिम प्रदेश बालअधिकार समितिले स्थानीय बाल अधिकार समिति गठन गर्ने व्यवस्था छायस कार्यमा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको समन्वयकारी भूमिका रहेको छ। यस ऐनको कार्यान्वयनबाट बालबालिकाहरूको जन्म दर्ता, विद्यालय भर्ना, बालविवाह उन्मूलन, बालश्रम निषेध, बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरुद्धको कार्यक्रम, बालक्लब गठन तथा यसको संजाल स्थापना र अभिभावकहरूकालागि सचेतनामूलक कार्यक्रम सञ्चालनमा समेत राष्ट्रिय बालअधिकार परिषद्को भूमिका रहेको छ।

**(ख) बालबालिका खोजतलास समन्वय केन्द्र**

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, तत्कालीन केन्द्रीय बालकल्याण समिति, नेपाल प्रहरीको व्यवस्थापन तथा समाज कल्याण परिषद् एवम् विभिन्न संघसंस्थाहरूको आपसी समन्वय, सहयोग तथा साझेदारीमा काठमाडौँको भृकुटी मण्डपमा चौबिसै घन्टा खुल्ला रहने गरी बालबालिका खोजतलास समन्वय केन्द्र स्थापना गरीएको छ। केन्द्रको उद्देश्य हराएका, बेवारिस फेला परेका, आपतमा परेका बालबालिकालाई राहत तथा तत्काल सहयोग गर्ने रहेको छ। यस केन्द्रबाट निःशुल्क रुपमा १०४ मा टेलिफोन गर्न सकिने व्यवस्था मिलाईएको छ। यो सेवालाई काठमाडौँ उपत्यका बाहिरका विभिन्न जिल्ला प्रहरी कार्यालय, महिला तथा बालबालिका सेवा केन्द्रमासमेत जडान गरी सञ्चालन गरिएको छ।

**१) हराएका र फेला परेका बालबालिकाको स्थिति**

राष्ट्रिय बालअधिकार परिषद्को वार्षिक प्रकाशन **"नेपालमा बालबालिकाहरूको स्थिति प्रतिवेदन, २०७९"** अनुसार बालबालिका खोजतलास सेवामा(निःशुल्क टेलिफोन नं.१०४)२०७९ असार मसान्तसम्म हराएर उजुरी दर्ता भएका बालक १२१५, बालिका ३४३१ गरी कूल ४,६४६ जना बालबालिकामध्ये बालक १,१२५, बालिका ३,१४४ गरी ४,२६९ जना (९१.८९%) फेला पारी परिवारमा पुनर्मिलन गरिएको छाफेला नपरेका बालक ९० र बालिका २८७ गरी ३७७ जना बालबालिकाको खोजी कार्य जारी छ। प्रदेशगत रुपमा सबैभन्दा बढी बालबालिका बाग्मती प्रदेशबाट हराएका छन। सबैभन्दा कम बालबालिका कर्णाली प्रदेशबाट हराइरहेका छन। हराएका बालबालिकामध्ये बालिकाको सङ्ख्या सबै प्रदेशमा बढी रहेको छ। हराएका र फेला परेका बालबालिकाको सङ्ख्या तथा प्रतिशत प्रदेश अनुसार तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं ७: हराएका र फेला परेका बालबालिकाहरूको स्थिति**

| प्रदेश | हराएका बालबालिका | | | हराएका मध्ये फेला परेका | | | खोजतलास जारी | | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | फेला परेका | हराएको |
| कोशी | १७६ | ६३९ | ८१५ | १६६ | ५८९ | ७५५ | १० | ५० | ६० | ९२.६४ | ७.३६ |
| मधेश | १३६ | ८०७ | ९४३ | १२२ | ७०० | ८२२ | १४ | १०७ | १२१ | ८७.१७ | १२.८३ |
| बाग्मती | ३२८ | ६७७ | १००५ | ३०२ | ६१७ | ९१९ | २६ | ६० | ८६ | ९१.४४ | ८.५६ |
| गण्डकी | १३३ | ३८४ | ५१७ | १२७ | ३७३ | ५०० | ६ | ११ | १७ | ९६.७१ | ३.२९ |
| लुम्बिनी | १९६ | ४८७ | ६८३ | १८५ | ४५७ | ६४२ | ११ | ३० | ४१ | ९४.०० | ६.०० |
| कर्णाली | १०६ | १६६ | २७२ | ९१ | १५० | २४१ | १५ | १६ | ३१ | ८८.६० | ११.४० |
| सुदुरपश्चिम | १४० | २७१ | ४११ | १३२ | २५८ | ३९० | ८ | १३ | २१ | ९४.८९ | ५.११ |
| जम्मा | १२१५ | ३४३१ | ४६४६ | ११२५ | ३१४४ | ४२६९ | ९० | २८७ | ३७७ | ९१.८९ | ८.११ |

*स्रोतः नेपालमा बालबालिकाको स्थिति २०७९, राष्ट्रिय बाल अधिकार परिषद्*

### २) बाल हेल्पलाईन(निःशुल्क टेलिफोन नं.१०९८)

हिंसाबाट पीडित/प्रभावित बालबालिका तथा जोखिममा परेका बालबालिकाको तत्काल उद्धार, संरक्षण, मनोविमर्श, कानूनी परामर्श, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना लगायतका अन्य कार्य गर्नका लागि गैरसरकारी संस्थासँगको सहकार्यमा इलाम, संखुवासभा, मोरङ, उदयपुर, सुनसरी, धनुषा, बारा, मकवानपुर, चितवन, काठमाडौं, कास्की, रुपन्देही, बाँके, सुर्खेत, दैलेख, कालिकोट, कैलाली र बाजुरा गरी १८ जिल्लाहरूमा बाल हेल्पलाईन सेवा (निःशुल्क टेलिफोन नं १०९८) सञ्चालनको लागि अनुदान सहयोग गरिएको छ। बालबालिका माथि भएको हिंसा र आपतकालिन उद्धार कार्य गर्नको लागि बाल हेल्पलाईन नम्बर १०९८ टेलिफोन र आकस्मिक उद्धार (चौबिसै घण्टा), एम्बुलेन्स सेवा वा बालमैत्री सवारी साधन, मनोविमर्श तथा पारिवारिक परामर्श, तत्काल राहत, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, पारिवारिक सहयोग, कानूनी परामर्श तथा सहयोग, पारिवारिक पुनर्मिलन, सामाजिक/संस्थागत पुनर्स्थापना सेवा प्राप्त गरेका बालबालिकाको नियमित अनुगमन, सहजीकरण तथा पृष्ठपोषण लगायतका सेवाहरू उपलब्ध हुँदै आएको छ। बाल हेल्पलाईन सेवा १०९८ थप स्थानमा विस्तार गर्न सूचना प्रकाशित भएकोमा सञ्चालन अनुमतिका लागि ८ वटा संस्थाको निवेदन प्राप्त भएको छ।

बालबालिका सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन २०७९ अनुसार आ.व.२०७८/७९ मा बाल हेल्पलाईन (१०९८) सेवाबाट जोखिमपूर्ण अवस्थामा रहेका ६८५ जना बालबालिकाको उद्धार, अन्य निकायबाट उद्धार भई थप सेवाका लागि बाल हेल्पलाईन सेवा केन्द्रहरूमा सिफारिस भई आएका १७९ जना बालबालिका र आ.व.२०७७/७८ देखि अस्थायी संरक्षण सेवामा रहेका ३८५ जना बालबालिका गरी कूल १२४९ जना बालबालिकालाई अस्थायी संरक्षणको प्रबन्ध सहित अन्य आवश्यक सेवा प्रदान गरिएको छ।यस सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं ८: बाल हेल्पलाईन (१०९८) सेवाबाट लाभान्वित बालबालिका**

| क्र.सं. | विवरण | बालबालिका | | |
|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा |
| १ | बाल हेल्पलाईन (१०९८) सेवाबाट उद्धार भएका | ३१० | ३७५ | ६८५ |
| २ | अन्य निकायबाट उद्धार भई थप सेवाकालागि ल्याइएका | ८९ | ९० | १७९ |
| ३ | आ.व. २०७७/७८ देखि अस्थायी संरक्षणमा रहेका | २१० | १७५ | ३८५ |
| | जम्मा | ६०९ | ६४० | १२४९ |

*स्रोतः बालबालिका स्थिति प्रतिवेदन २०७९, राष्ट्रिय बाल अधिकार परिषद्*

### १) सिमाना र विभिन्न स्थानबाट उद्धार गरी पारिवारिक पुनर्मिलन गरिएका बालबालिका

आर्थिक वर्ष २०७८/७९ मा राष्ट्रिय बाल अधिकार परिषद्को समन्वयमा सीमा नाका लगायत भारतको विभिन्न स्थानबाट बालबालिकाको संरक्षणको क्षेत्रमा कार्यरत निकाय, संघ संस्थाहरूको समन्वय, सहयोग र सहकार्यमा उद्धार गरी परिषद्को सहजीकरण र सहकार्यमा स्वेदश फिर्ता गरिएको छ।फिर्ता गरिएका बालबालिकाहरूमध्ये पारिवारिक पुनर्मिलन तथा सामाजिक पुनर्स्थापना गरिएका ७५ जना बालक र ११ जना बालिका गरी जम्मा ८६ जना बालबालिकालाई पारिवारिक पुनर्मिलन गरिएको छ।

### २) वेवारिस र सडक बालबालिका

“सडक बालबालिका”भन्नाले अभिभावक वा परिवार विहीन भई बाध्य भएर सडकमा रहेका, परिवारसँग लामो समयदेखि सम्पर्कमा नरही पूर्ण रुपमा सडकमा रहेका, परिवारसँग समय समयमा सम्पर्कमा रही सडकमा रहेका, परिवारसँगै सडकमा रहेका, विपद्, द्वन्द्व लगायतका कारण बासस्थान छाडी वा हराएर वा बेवारिस भएर सडकमा नै जीवन निर्वाह गर्न बाध्य भएका, विभिन्न कारणले परिवारबाट परित्यक्त भई सडकमा अलपत्र छाडिएका, विशेष परिस्थितिको कारण एक्लै वा साथीसँग सडकमा आश्रय लिएका बालबालिकालाई बुझाउँछ।बालबालिका सम्बन्धी ऐन, २०७५ ले जोखिममा परेका वा सडकमा बस्ने बालबालिकाको तोकिए बमोजिम विशेष संरक्षण पाउने अधिकारलाई सुनिश्चित गरेको छ।बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८६ को उपदफा (१)को अधिकार प्रयोग गरी महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधि, २०७६ स्वीकृत गरेको छ।नेपाल सरकारले सडक बालबालिका संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२ भदौ ३१ मा जारी गरेपश्चात आ.व.२०७३/७४ देखि **“बालबालिका सडकमा बस्नु पर्दैन, सडकमा बस्न हुँदैन”** भन्ने उद्घोषकासाथ विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको छ।यस उद्घोषका पछाडिको मुख्य कारण सडक बालबालिका मानव बेचबिखन तथा ओसारपसारको दृष्टिमा सबैभन्दा बढी जोखिममा रहनु पनि हो।विभिन्न समयमा भएका अध्ययन र अनुसन्धानको तथ्याङ्कलाई अध्ययन गर्दा विपद्का घटना घटेको समयमा मानव बेचबिखन तथा ओसारपसार कार्य बढी भएको पाइन्छ।सडकमा रहेका बालबालिकाहरूलाई आवश्यक स्वास्थ्य सेवा, मनोसामाजिक विमर्श, सहायता प्रदान गर्ने तथा बेचबिखनको जोखिमबाट मुक्त गर्ने कार्यमा देशभर विभिन्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय संघसंस्थाहरू कार्यरत छन्।

आ.व.२०७८/७९ मा बालबालिका खोजतलास सेवामार्फत बालक १९८ र बालिका ९९ गरी २९७ जना बेवारिस बालबालिकालाई उद्धार, संरक्षण र व्यवस्थापन गरेको छ।यसैगरी, २०७३ सालदेखि २०७९ असार मसान्तसम्म सडकमा जीवनयापन गरिरहेका बालबालिकामध्ये १९८८ जना र आ.व.२०७८/७९ मा १३२ बालक र २५ बालिका गरी १५७ जना बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन भएको छ।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (४) मा जोखिममा परेका वा सडकमा बस्ने बालबालिकालाई सुनिश्चित भविष्यका लागि राज्यबाट तोकिए बमोजिम विशेष संरक्षण पाउने अधिकार हुनेछ भन्ने व्यवस्था रहेको छ। कानूनी एवम् नीतिगत व्यवस्थाहरूले सडक बालबालिकाको सूचना, अभिलेख, सडकमा आएका बालबालिकाको उद्धार, परिवारिक सहयोग र पुनर्एकीकरण, मनोसामाजिक मनोविमर्श लगायतका कार्यक्रम सञ्चालन गर्न राज्यलाई जिम्मेवार बनाएको छ।

सङ्घीय सरकारको तर्फबाट महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको नेतृत्व, राष्ट्रिय बाल अधिकार परिषद्को संयोजन र प्राविधिक सहयोगमा बालबालिका खोजतलास समन्वय केन्द्र (निःशुल्क टेलिफोन नं.१०४) एवम् प्रदेश सरकार, स्थानीय तह, संघसंस्थाको सहकार्यमा काठमाडौं उपत्यका लगायत कोशी प्रदेश, बाग्मती प्रदेश, गण्डकी प्रदेश र कर्णाली प्रदेशमा सडक बालबालिकाको उद्धार र व्यवस्थापन कार्य प्रभावकारी रुपमा सञ्चालन भइरहेको छ।

२०७३ साल बैशाख २७ गते देखि २०७९ असार मसान्तसम्म उद्धार, संरक्षण तथा व्यवस्थापन गरिएका जम्मा १९८८ जना बालबालिकामध्ये परिवारमा पुनर्मिलन गरिएका ९६८, संस्थागत पुनर्स्थापना गरिएका १०३८, सीपमूलक तालिम लिएका २८३ र तालिम लिई स्वरोजगारमा लागेका ८३ बालबालिका रहेका छन्।

बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गर्ने राज्यको दायित्व हो। बाल हेल्पलाईनले जोखिममा परेका बालबालिकाको उद्धार, राहत, मनोविमर्श, परामर्श, अल्पकालीन आश्रय तथा संरक्षण, पारिवारिक पूनर्मिलन, सामाजिक तथा संस्थागत पुनर्स्थापना सम्बन्धी बाल संरक्षणका कार्यहरू सम्बन्धित सरोकारवाला निकाय तथा संघसंस्था बीचको समन्वय, सहयोग, सहकार्य र सहअस्तित्वमा सञ्चालन तथा व्यवस्थापन गर्दा गर्दै पनि बालबालिका जोखिममा पर्न सक्ने सम्भावनालाई दृष्टिगत गर्दै जोखिममा परेका बालबालिकाको चौबिसै घण्टा सुरक्षा कवचको रुपमा रही आपतकालिन आकस्मिक उद्धार तथा संरक्षणकालागि बाल हेल्पलाईन सञ्चालन गरिएको छ।

### ३) बालगृहमा संरक्षित बालबालिका

आ.व.२०७८/७९ सम्म राष्ट्रिय बाल अधिकार परिषद्को अभिलेख अनुसार ४२ जिल्लामा ४१७ वटा बालगृह सञ्चालनमा रहेका छन्।कोशी प्रदेश का ७ वटा जिल्लाका २७ वटा बालगृहमा ३६२ जना बालक र ३५१ जना बालिका गरी जम्मा ७१३ जना बालबालिका संरक्षित रहेका छन्।मधेश प्रदेशका ६ वटा जिल्लाका १२ वटा बालगृहमा १४ जना बालक र १२ जना बालिका गरी जम्मा २६ जना बालबालिका संरक्षित रहेका छन्।

बाग्मती प्रदेशका १० वटा जिल्लाका ३०२ वटा बालगृहमा ३३८१ जना बालक र ४२३० जना बालिका गरी जम्मा ७६११ जना बालबालिका संरक्षित रहेका छन्। गण्डकी प्रदेशका ६ वटा जिल्लाका ३८ वटा बालगृहमा ५५७ जना बालक र ५८८ जना बालिका गरी जम्मा ११४५ जना बालबालिका संरक्षित रहेका छन्। लुम्बिनी प्रदेशका ६ वटा जिल्लाका १४ वटा बालगृहमा २१७ जना बालक र २१२ जना बालिका गरी जम्मा ४२९ जना बालबालिका संरक्षित रहेका छन्। कर्णाली प्रदेशका ४ वटा जिल्लाका ९ वटा बालगृहमा २४३ जना बालक र २०३ जना बालिका गरी जम्मा ४४६ जना बालबालिका संरक्षित रहेका छन्। यसै गरी सुदुरपश्चिम प्रदेशका ३ वटा जिल्लाका १५ वटा बालगृहमा १९४ जना बालक र १७२ जना बालिका गरी जम्मा ३६६ जना बालबालिका संरक्षित रहेका छन्। यस सम्बन्धी विस्तृत विवरण तलको तालिकामा जिल्लागत रूपमा समेत प्रस्तुत गरिएको छासबै प्रदेशका सबै जिल्लामा गरी जम्मा १०,९०५ बालबालिका संरक्षित रहेको पाइएको छ।

### ४) प्रदेशगत बालबालिकाको बेचबिखन तथा ओसारपसार

मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी उजुरी सबै प्रदेशमा परेको देखिन्छ। देशभरका प्रहरी कार्यालयहरूमा परेका मुद्दाहरूको प्रदेशगत तथ्याङ्क तलको तालिकामा प्रस्तुत गरिएको छ। बालविवाहको मुद्दा दर्ता सबैभन्दा बढी कोशी, मधेश र कर्णाली प्रदेशमा देखिन्छ भने सबैभन्दा कम बाग्मती र गण्डकी प्रदेशमा देखिन्छ।

**तालिका नं ९: बालविवाह तथा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्धाको विवरण**

| हिंसाको प्रकार | कोशी | मधेश | बाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| बालविवाह | १० | १० | ४ | ५ | ९ | १० | ४ | **५२** |
| मानव बेचबिखन तथा ओसारपसार | **१८** | **१०** | **२६** | **१२** | **४१** | **३** | **९** | **११९** |

*स्रोतः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय, प्रहरी प्रधान कार्यालय, २०७९*

## ५) बालबालिका विरुद्ध भएका अपराध सम्बन्धी दर्ता भएका मुद्धा सम्बन्धी विवरण

आ.व.२०७८/०७९ मा विभिन्न प्रकारका हिंसाको शिकार भएका बालबालिकाहरूमध्ये जबरजस्ती करणीमा १५६०, जबरजस्ती करणी उद्योगमा २८८, बाल विवाहमा २२, जातीय छुवाछुतमा २, अप्राकृतिक मैथुनमा ३२, बालयौन दुरुपयोगमा ३३८ र घरेलु हिंसामा १०६ गरी जम्मा २३४८ जना रहेका छन्। प्रदेशगत रुपमा विश्लेषण गर्दा सबैभन्दा बढी बाग्मती प्रदेशमा ५५३, र सबैभन्दा कम सुदुरपश्चिम प्रदेशमा १८८ जना रहेका छन। समग्र घटनालाई विश्लेषण गर्दा हिंसाबाट पीडित/प्रभावित हुनेमा बालकको सङ्ख्या ९३ र बालिकाको सङ्ख्या २२५५ रहेको छ।

## ६) साइबर अपराधबाट पीडित/प्रभावित बालबालिकाको सङ्ख्या

साइबर अपराध अन्तर्गत कम्प्युटर तथा कम्प्युटर नेटवर्कको प्रयोगबाट हुने जुनसुकै प्रकारका अपराधहरू पर्दछन। विज्ञान र प्रविधिको विकास र उपयोगसँगै साइबर अपराधका घटनाहरू पनि विकास हुँदै गएका छन्। कम्प्युटर र इन्टरनेटबाट गरिने साइबर अपराध अन्तर्गत वेवसाइट तथा इमेल ह्याकिङ, चरित्रहत्या, डाटा चोरी, इन्टरनेटमार्फत ब्ल्याकमेलिङ, इन्टरनेट बैंकिङ जालसाजी, अरुको पहिचान अनधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्‍याउने क्षति, जालसाजी पर्दछन्।

आ.व.२०७८/७९मा साइबर अपराधबाट पीडित/प्रभावित बालबालिकाहरूको सङ्ख्या प्रहरी प्रधान कार्यालय, साइबर ब्यूरो, भोटाहिटी, काठमाण्डौमा परेको निवेदन अनुसार जम्मा १८३ वटा मुद्धाहरू रहेका थिए। साइबर अपराधबाट ७ वटै प्रदेशमा भएका साइबर अपराधका मुद्धाहरू सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं १०: साइबर अपराधबाट पीडित/प्रभावित बालबालिकाको सङ्ख्या**

| **क्र.सं.** | **निवेदन प्राप्त भएको कार्यालय** | **पीडित/प्रभावित** | | |
|---|---|---|---|---|
| | | **बालक** | **बालिका** | **जम्मा** |
| १ | साइबर ब्यूरो | २९ | १०२ | १३१ |
| २ | हेलो सरकार | ० | १ | १ |
| ३ | कोशी प्रदेश | २ | २ | ४ |
| ४ | मधेश प्रदेश | १ | ३ | ४ |
| ५ | बाग्मती प्रदेश | २ | १० | १२ |
| ६ | गण्डकी प्रदेश | ३ | ३ | ६ |
| ७ | लुम्बीनी प्रदेश | ४ | १८ | २२ |
| ८ | कर्णाली प्रदेश | ० | ० | ० |
| ९ | सुदुरपश्चिम प्रदेश | ० | ३ | ३ |
| | जम्मा | ४१ | १४२ | १८३ |

*स्रोतः प्रहरी प्रधान कार्यालय, साइबर ब्यूरो, भोटाहिटी, काठमाण्डौ २०७९*

### ३.१.३. किशोर किशोरीहरूको जोखिम न्यूनिकरणका लागि औपचारिक/अनौपचारिक शिक्षा

मानव बेचबिखन बिशेष गरी महिला तथा बालबालिका बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजनाको रणनीति १.३ मा मानव बेचबिखन तथा ओसारपसारका कारक तत्वहरूलाई सम्बोधन गर्न जोखिम सन्मुख समुदायमा विशेष गरी किशोर किशोरीहरूको जोखिम न्यूनिकरण गर्न औपचारिक शिक्षाका माध्यमहरूको पहिचान गर्ने रहेको छ। यस रणनीति अन्तर्गत मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित सवालहरूलाई ग्रामीण समुदायमा जनचेतना अभिवृद्धि गर्नकालागि नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रले औपचारिक तथा अनौपचारिक दुवै किसिमका शिक्षातर्फ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा सहयोग पुर्‍याउन माध्यमिक तहसम्मका विद्यार्थीलाई यस बारेमा चेतना जगाउने खालका विषय/पाठहरू कक्षा ६ देखि १० सम्मका सामाजिक विषयहरूमा समावेश गरेको छ। शैक्षिक शत्र २०८० देखि लागु गरिने कक्षा ६ देखि १० कक्षा सम्म सामाजिक शिक्षा विषयमा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी विषयवस्तु तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं ११: विद्यालय तहको पाठ्यक्रममा मानव बेचबिखन र ओसारपसारसँग सम्बन्धित विषयवस्तु**

| कक्षा | विषय | इकाई | पाठ/विषयवस्तु | सिकाई उपलब्धि |
|---|---|---|---|---|
| ६ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | सामाजिक विकृति र समस्या | • अन्धविश्वास (बोक्सी, धामीझाँक्री आदि)<br>• छुवाछुत<br>• घरेलु हिंसा (वृद्धवृद्धाप्रति हुने दुर्व्यवहार)<br>• बालश्रम | |
| ७ | सामाजिक अध्ययन **तथा** मानव मूल्य शिक्षा | सामाजिक विकृति र समस्या | • लैङ्गिक विभेद<br>• मानव बेचबिखन | |
| ८ | सामाजिक **अध्ययन तथा** मानव मूल्य शिक्षा | वैदेशिक रोजगारी | • परिचय<br>• चुनौति र अवसरहरू | |
| १० | सामाजिक अध्ययन | सामाजिक समस्याहरूः पहिचान, असर र समाधान | • मानव बेचबिखन<br>• यौन विकृति र विसङ्गतिहरू<br>• घरेलु हिंसा<br>• भ्रष्टाचार<br>• केही प्रथाजनित अन्धविश्वास<br>क) घुम्टो<br>ख) छाउपडी<br>ग) दाइजो/तिलक | सामाजिक समस्याहरू पहिचान, असरको विश्लेषण एवम् समाधानका उपायहरू खोजी गर्न |
| | | सामाजिक समस्याहरूः पहिचान, असर र समाधान | • वैदेशिक रोजगारीका सकारात्मक र नकारात्मक प्रभाव<br>• वैदेशिक रोजगारीकालागि गर्नुपर्ने पूर्व सावधानी | रोजगारीको परिचय, प्रकार र यसले पारेका प्रभावहरू खोजी गर्न |

*स्रोतः पाठ्यक्रम विकास केन्द्र, सानो ठिमी भक्तपुर २०७९*

### ३.१.४. सीमान्तकृत समुदायको सशक्तीकरण

राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि परेका/पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाबाट बञ्चितीमा परेका, मानव विकास सुचकाङ्कको मापनमा न्यून स्थितिमा रहेका समुदायलाई सीमान्तकृत समुदाय भनी परिभाषित गरिएकोछ।सीमान्तकृत समुदायभित्र पनि अति सीमान्तकृत र लोपोन्मुख समुदाय गरी दुई भागमा

विभाजन गरिएको छ।सिमान्तकृत वर्ग अन्तर्गत लोपोन्मुख समूहमा परेका कुसुन्डा, वनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे, कुशवडिया तथा अति सीमान्तकृत समूह माझी, सियार, ल्होमो, थुदाम, धानुक, चेपाङ, सतार, थामी, झागड, बोटे, दनुवार, बराम जस्ता २२ जाति पर्दछन्।शिक्षा र सचेतनाको अवसरमा पहुँच कम भएका कारण मानव बेचबिखन तथा ओसारपसारको दृष्टिले यी समुदायहरू बढी जोखिममा रहेका हुन्छन्। यी समुदायको बालबालिकाहरूको शिक्षा क्षेत्रमा पहुँच अभिवृद्धि गर्नकालागि राज्यले छात्रवृत्ति लगायत अन्य सुविधाको व्यवस्था गर्दै आएको छ।

### ३.१.५. आन्तरिक बेचबिखन नियन्त्रणका लागि नियमन र अनुगमन

मानव बेचबिखन तथा ओसारपसारका घटना विदेश लैजाने प्रलोभनमा मात्र नभई आन्तरिक बजारमा पनि हुँदै आएको छ।राष्ट्रपति महिला सशक्तिकरण परियोजना अन्तर्गत आ.व.२०७८/७९ मा सामाजिक कुरिती हिंसा र मानव बेचबिखन विरुद्धको अभियान सञ्चालनकालागि धनकुटा, पर्सा, धादिङ्ग, पोखरा, नवलपरासी, धनगढी, बुटवल र सुर्खेतमा अभियान सञ्चालन गरिएको थियो।महिला उद्यमशिलता विकास प्रशिक्षण कार्यक्रम इटहरी, चितवन, तनहुँ दैलेखमा सञ्चालन गरिएको थियो। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखाबाट पुनर्स्थापना केन्द्र सञ्चालन व्यवस्थापन खर्च बापतको रकम शक्ति समूह सिन्धुपाल्चोकलाई भुक्तानी गरिएको थियो। सिन्धुपाल्चोक जिल्लामा अनलाइनबाट हुन सक्ने बेचबिखनबाट जोगिन साइबर अपराध सम्बन्धी जानकारी तथा मानव बेचबिखन विरुद्ध अभियान सम्पन्न गरिएको थियो। पुनर्स्थापना केन्द्र सिन्धुपाल्चोक र पुनर्स्थापना केन्द्र (श्री एन्जेल्स नेपाल) पोखराको अनुगमन गरी समस्याका विषयमा छलफल तथा आवश्यक सुझाव प्रदान गरिएको थियो। कोभिड-१९ को महामारीबाट विश्व नै आक्रान्त भएको बेला नेपालमा पनि यसको प्रभाव पर्यो। उक्त समयमा भर्च्युयल मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय दिवश मनाइयो।सो अवसरमा विभिन्न ४ वटा विधा (नेपाल प्रहरी, गैर सरकारी संस्था, सञ्चार माध्यम र निजामति कर्मचारी) उत्कृष्ट काम गर्ने ४ जनालाई पुरस्कार र चार संस्थालाई सम्मान समेत प्रदान गरिएको थियो।

### ३.१.६. विपन्न समुदायका महिला तथा किशोरकिशोरीलाई सीप विकास र आय आर्जन

महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय अन्तर्गत महिला तथा बालबालिका विभाग र वैदेशिक रोजगार विभागबाट क्षमता विकास सम्बन्धी विभिन्न किसिमका आधारभूत तालिमहरू नियमित रुपमा सञ्चालन हुँदै आएको छ। यी तालिममा विभिन्न समुदायका विपन्न महिला तथा किशोरीहरूलाई उद्यमशीलता, रोजगारमूलक सशक्तिकरण, सीप विकास तथा क्षमता अभिवृद्धि सम्बन्धी विषयमा प्रशिक्षण प्रदान गर्ने गरिएको छ। विगतका वर्षहरूमा वैदेशिक रोजगारको क्रममा हुँन सक्ने जोखिमबारे वैदेशिक रोजगारमा जाने ब्याक्तिहरुलाई जानकारी दिने उदेश्यका साथ सम्मानित तथा सुरक्षित वैदेशिक रोजगारसम्बन्धी सूचना सम्प्रेषण सहितको तालिम सञ्चालन हुँदै आएको छ।आ.व.२०७८/७९ मा स्थानीय तह मार्फत सशर्त अनुदान सञ्चालित कार्यक्रम अन्तर्गत सिलाई कटाई, कम्प्युटर लगायत आय आर्जनका तालिम उपलब्ध गराइ बीउ पूँजी समेत उपलब्ध गराइएको छ।

### ३.१.७. जोखिम र प्रभावितहरूबारेमा एकीकृत तथ्याङ्क

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट हरेक वर्ष "मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, राष्ट्रिय प्रतिवेदन, प्रकाशन हुदै आएको छ। यस प्रतिवेदनमा मन्त्रालयले प्रत्येक आर्थिक वर्षमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणकालागि विभिन्न सरकारी निकाय तथा गैरसरकारी संघसंस्थाहरूले सम्पन्न गरेका क्रियाकलापहरूको उपलब्ध विवरण एकीकृत गरी प्रकाशन गर्ने गरिएको छ। यस प्रतिवेदनमा आ.व.२०७८/०७९ मा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणकालागि सम्पादन भएका कार्यहरूको प्रगति समेटेर यो प्रतिवेदन प्रकाशन गरिएको छ। यस प्रतिवेदनमा मानव

बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था, संरचनात्मक तथा संस्थागत व्यवस्था, समावेश गरिएको छ । मानव बेचबिखनका मुद्दाहरूमा पीडित/प्रभावितहरूको विवरण, नेपाल सरकारको सहयोगमा सञ्चालित पुनर्स्थापना केन्द्रहरूबाट सेवा प्राप्त गर्ने पीडित/प्रभावितको विवरण तथा लक्ष्य प्राप्तिमा आईपरेका कठिनाई तथा चुनौतिहरूजस्ता विषयवस्तुहरू समावेश गरिएका छन् ।

### ३.१.८. मानव बेचबिखन तथा ओसारपसारको प्रकृति, कारण र असर सम्बन्धमा सचेतना अभिवृद्धि

(१) नेपालमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न सरकारी निकायका अतिरिक्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको संलग्नता रहि आएको छ।मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणकालागि गैर सरकारी संस्थाहरू मूलत मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सचेतना अभिवृद्धि गर्ने खालका निरोधात्मक क्रियाकलापमा केन्द्रित रहेको अवस्था छ । यसको लागि मानव बेचबिखनविरुद्धको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवस मार्फत सचेतना फैलाउने, वैदेशिक रोजगारीका क्रममा हुन सक्ने मानव बेचबिखन तथा ओसारपसारविरुद्ध सचेतना अभिवृद्धि गर्ने, आमसञ्चारका माध्यमबाट सन्देशमूलक श्रब्य दृष्य सामग्रीहरु प्रशारण गर्ने तथा विद्यालय मार्फत मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सचेतना जगाउने जस्ता क्रियाकलापहरू सञ्चालन हुँदै आएका छन् ।

(२) नेपालले महिला तथा बालबालिका विरुद्धको सार्क महासन्धि, २००२ लाई अनुमोदन गरेको दिनको सम्झनामा २०६३ भाद्र २० गतेका दिन तत्कालीन व्यवस्थापिका संसदबाट अनुमोदन भए पश्चात २०६४ सालदेखि प्रत्येक वर्षको भाद्र २० लाई मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय दिवसको रुपमा मनाउने गरिएको छ ।

(३) आर्थिक वर्ष ०७८/०७९ को अवधिमा मानव बेचबिखन नियन्त्रणको कार्यमा व्यक्तिगत तथा संस्थागत तवरबाट महत्वपूर्ण योगदान पुर्‍याउनु हुने विभिन्न व्यक्ति तथा संघ/संस्थाहरूलाई २०७९ भाद्र २० का दिन सम्पन्न मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय दिवसको उपलक्ष्यमा यस क्षेत्रमा उत्कृष्ठ काम गर्ने ब्यक्ति तथा संस्थालाई पुरस्कार तथा सम्मान प्रदान गरिएको छ।पुरस्कार तथा सम्मान प्राप्त गर्ने व्यक्ति तथा संस्थाहरूको विवरण यस प्रकार रहेको छः

**तालिका नं १२: पुरस्कार एवं सम्मान**

| क्र.सं. | विधा | पुरस्कारतर्फ | सम्मानतर्फ |
|---|---|---|---|
| १ | नेपाल प्रहरी | प्र.नि.श्रीराम थापा, प्र.प्र.का.मा.बे.वि.अ. ब्यूरो | जिल्ला प्रहरी कार्यालय, कैलाली |
| २ | सञ्चार माध्यम | छापा माध्यम जोति कटुवाल (कान्तिपुर दैनिक) | हिमालय टाइम्स दैनिक |
| | | विद्युतीय माध्यम कुमार यात्रु इन्डिजिनियस टि.भी. | हाम्रा कुरा डट कम |
| ३ | संघ संस्था | माया तामाङ(शशि) | पौरखी नेपाल |

*स्रोतः मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखा, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय २०७९*

### ३.१.९. सुरक्षित आप्रवासन सम्बन्धी सूचना केन्द्रहरूको स्थापना

#### (क) वैदेशिक रोजगार बोर्डको सचिवालय

वैदेशिक रोजगारीको क्रममा मृत्यु वा अङ्गभङ्ग हुँदा बोर्डबाट नियमानुसार प्रदान गरिने आर्थिक सहयताका लागि स्थानीय तहसँगको समन्वयमा अनलाईन प्रणालीबाट सिधै पीडित/प्रभावित वा मृतक कामदारको नजिकको हकवालाको बैंक खातामा भुक्तानी गर्ने तथा बोर्डबाट प्रदान गरिने अन्य सेवाहरू समेत अनलाईन प्रणाली मार्फत प्रवाह गर्ने कार्यको शुरुवात गरिएको छ ।

वैदेशिक रोजगार बोर्डले तपशिलमा उल्लेखित पाठ्यक्रम तथा दिग्दर्शन प्रकाशन गरी सोही बमोजिम कार्य गर्दै आएको छः

- "वैदेशिक रोजगार अभिमुखीकरण तालिम दिग्दर्शन, २०६०"
- बैदेशिक रोजगारमा जाने कामदारहरूका लागि प्रस्थान पूर्वको अभिमुखीकरण तालिम कार्यक्रमको पाठ्यक्रम, २०६०"
- "वैदेशिक रोजगार अभिमुखीकरण तालिम सञ्चालन गर्ने निर्देशिका २०६९"
- "अभिमुखीकरण तालिम सञ्चालन गर्ने संस्था दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०७१"
- "वैदेशिक रोजगारमा घरेलु कामदारलाई व्यवस्थित गर्ने सम्बन्धी निर्देशिका, २०७३"
- "रोजगारमूलक सीप विकास तालिम सञ्चालन कार्यविधि, २०७५"

#### (ख) श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गएका नेपाली कामदारहरूको तुलनात्मक विवरण

आ.व.२०६५/६६ देखि २०७८/७९मा वैदेशिक रोजगारमा जाने नेपालीहरूको सङ्ख्यामा उतारचढाव देखिन्छ।आ.व.२०६५/६६ देखि २०७०/७१ कामदारको सङ्ख्या बढ्दै गएको देखिन्छ।आ.व.२०७१/७२ देखि २०७७/०७८ सम्म कामदारको सङ्ख्या क्रमशः घट्दै गएको देखिन्छ । आ.व.२०७८/७९ मा वैदेशिक रोजगारमा जाने श्रमिकहरूको सङ्ख्या उलेख्य रुपमा बढेको अवस्था छ । आ.व.२०६५/६६ देखि श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गएका नेपाली कामदारहरूको सङ्ख्यात्मक विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं १३: श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गएका नेपाली कामदारहरूको विवरण**

| आ. व. | पुरुष | महिला | जम्मा | मृत्यु भएको सङ्ख्या | अङ्गभङ्ग भएको सङ्ख्या |
|---|---|---|---|---|---|
| ०६५/०६६ | २११३७१ | ८५९४ | २१९९६५ | ७८ | ८ |
| ०६६/०६७ | २८४०३८ | १००५६ | २९४०९४ | ४२१ | १० |
| ०६७/०६८ | ३४४३०० | १०४१६ | ३५४७१६ | ५६४ | ३१ |
| ०६८/०६९ | ३६१७०७ | २२९५८ | ३८४६६५ | ६४७ | ५७ |
| ०६९/०७० | ४२३१२२ | २७७६७ | ४५०८८९ | ७७२ | ९० |
| ०७०/०७१ | ४९८८४८ | २८९६६ | ५२७८१४ | ८७७ | ११६ |
| ०७१/०७२ | ४७७६९० | २१४१२ | ४९९१०२ | १००६ | १८४ |
| ०७२/०७३ | ३८४७९७ | १८३७७ | ४०३१७४ | ८२६ | ११७ |

| आ. व. | पुरुष | महिला | जम्मा | मृत्यु भएको सङ्ख्या | अङ्गभङ्ग भएको सङ्ख्या |
|---|---|---|---|---|---|
| ०७३/०७४ | ३६३३०४ | २०१८९ | ३८३४९३ | ७५८ | २०४ |
| ०७४/०७५ | ३३१६६५ | २२४१७ | ३५४०८२ | ८२६ | ३६१ |
| ०७५/०७६ | २१५६३० | २०५७८ | २३६२०८ | ७६३ | ३५४ |
| ०७६/०७७ | १७२२४७ | १८२०६ | १९०४५३ | ६७२ | २०५ |
| ०७७/०७८ | ६४९०३ | ७१७८ | ७२०८१ | १२४३ | १४३ |
| ०७८/०७९ | ५८०९६९ | ४९१२८ | ६३००९७ | १४७९ | २४५ |
| जम्मा | ४७१४५९१ | २८६२४२ | ५०००८३३ | १०९३२ | २१२५ |

*स्रोतः वैदेशिक रोजगार बोर्डको सचिवालयको विशेष प्रकाशन २०७९*

### (ग) श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने कामदारहरूको विवरण

आ.व.२०७८/७९मा वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा जाने कामदारहरूको सङ्ख्या पुरुष ५८०९६२ र महिला ४९१२८ गरी जम्मा ६३००९० जना रहेको छायो सङ्ख्या वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर जानेहरूको मात्र सङ्ख्या हो। आ.व.२०७८/७९ मा १४८ देशमा श्रम स्वीकृति लिने मध्ये संस्थागत श्रम स्वीकृति लिने २८६१७८ पुरुष,२६२३८ जना महिला गरी जम्मा ३१२४१६ जना रहेका छन्। एकपटक श्रम स्वीकृति नलिइकन पर्यटक भिषामा विदेश गएर पछि श्रम स्वीकृति लिनुलाई व्यक्तिगत वैधानिकीकरण भनिएको छ। यसरी श्रम स्वीकृति लिने मध्ये ८४०१ जना पुरुष र १३११ जना महिला गरी जम्मा ९७१२ जना रहेका छन्।

**तालिका नं १४: आ.व. २०७८/७९ वैदेशिक रोजगारमा जाने नेपालीहरूको सङ्ख्यात्मक विवरण**

| श्रम स्वीकृति विवरण | महिला/ पुरुष | विभिन्न देशमा श्रम स्वीकृति लिने कामदारहरूको महादेश विवरण | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | अफ्रिका | एसिया | अष्ट्रेलिया | अमेरिका | युरोप | अन्य | |
| संस्थागत श्रम स्वीकृति | पुरुष | ५९ | २७९७४७ | ० | ० | ६१२४ | २४८ | २८६१७८ |
| | महिला | ० | २२२५२ | ० | ० | ३९८६ | ० | २६२३८ |
| | जम्मा | ५९ | ३०१९९९ | ० | ० | १०११० | २४८ | ३१२४१६ |
| नयाँ व्यक्तिगत श्रम स्वीकृति | पुरुष | २४२ | ९८७६ | १६३ | ३४२ | १०१८१ | ४२३ | २१२२७ |
| | महिला | ११ | २८३३ | १४ | १०८ | २३६६ | १८१ | ५५१३ |
| | जम्मा | २५३ | १२७०९ | १७७ | ४५० | १२५४७ | ६०४ | २६७४० |
| व्यक्तिगत वैधानिकीकरण | पुरुष | ११३ | ७६४५ | ११ | २८१ | ३०८ | ४३ | ८४०१ |
| | महिला | ६ | ११६१ | १ | ६९ | ७२ | २ | १३११ |
| | जम्मा | ११९ | ८८०६ | १२ | ३५० | ३८० | ४५ | ९७१२ |
| व्यक्तिगत पुन स्वीकृति | पुरुष | २६९ | २६१९३९ | ११३ | ८५ | २२९२ | ४५८ | २६५१५६ |
| | महिला | ४ | १४७४६ | ६ | १४ | १२७१ | २५ | १६०६६ |
| | जम्मा | २७३ | २७६६८५ | ११९ | ९९ | ३५६३ | ४८३ | २८१२२२ |

| श्रम स्वीकृति विवरण | महिला/ पुरुष | विभिन्न देशमा श्रम स्वीकृति लिने कामदारहरूको महादेश विवरण | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | अफ्रिका | एसिया | अष्ट्रेलिया | अमेरिका | युरोप | अन्य | |
| कुल जम्मा | पुरुष | ६८३ | ५५९२०७ | २८७ | ७०८ | १८९०५ | ११७२ | ५८०९६२ |
| | महिला | २१ | ४०९९२ | २१ | १९१ | ७६९५ | २०८ | ४९१२८ |
| | **जम्मा** | ७०४ | ६००१९९ | ३०८ | ८९९ | २६६०० | १३८० | ६३००९० |

*स्रोतः वैदेशिक रोजगार विभाग www.dofe.gov.np*

### (घ) श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा जाने नेपाली कामदारहरूको प्रदेशगत विवरण

आ.व.२०७८/७९ मा वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा जाने जम्मा ६३००९० कामदारहरू मध्ये पुरुष ३०९०६९ र महिला ३२१०२१ रहेका छन्। आ.व.मा १४८ देशमा श्रम स्वीकृति लिएर गएकोमा सबैभन्दा बढी कामदार लुम्बिनी प्रदेशबाट १००९३२ जना रहेका छन। राज्य पुनर्संरचनापश्चात नवलपरासी जिल्लालाई नवलपरासी पूर्व र नवलपरासी पश्चिम गरी दुइवटा जिल्ला र रुकुम जिल्लालाई रुकुम पूर्व र रुकुम पश्चिम गरी २ वटा जिल्लामा विभाजन गरेता पनि वैदेशिक रोजगार विभागको तथ्याङ्कमा अलग अलग नगरी राखिएकोले तथ्याङ्क विश्लेषण गर्दा ती जिल्लालाई कुनै पनि प्रदेशमा नराखी अलग्गै प्रस्तुत गरिएको छ। आ.व.२०७८/७९ मा विविध प्रकारको श्रम स्वीकृति लिएर विभिन्न देशमा वैदेशिक रोजगारमा जाने कामदारहरूको विस्तृत विवरण प्रदेशगत रुपमा तलको तालिकामा दिइएको छः

**तालिका नं १५: आ.व. २०७८/७९ मा श्रम स्वीकृति लिने कामदारहरूको प्रदेशगत विवरण**

| श्रम स्वीकृति विवरण | महिला/ पुरुष | प्रदेश | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कोशी | मधेश | बाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम | रुकुम | नवलपरासी | जम्मा |
| संस्थागत श्रम स्वीकृति | पुरुष | ५५१३० | ९४५७१ | ३४८१५ | २६५१० | ४५४९४ | १००१३ | ७९६० | २८७९ | ८८०६ | २८६१७८ |
| | महिला | ८३८९ | १४०६ | ११०५७ | २१२६ | १८९१ | ३६८ | ३४५ | १४० | ५१६ | २६२३८ |
| | जम्मा | ६३५१९ | ९५९७७ | ४५८७२ | २८६३६ | ४७३८५ | १०३८१ | ८३०५ | ३०१९ | ९३२२ | ३१२४१६ |
| नयाँ व्यक्तिगत श्रम स्वीकृति | पुरुष | १४२७ | २२१ | २१४६ | ८१४ | ५७५ | ६३ | ८९ | २२ | १५६ | ५५१३ |
| | महिला | ३९९५ | २५४० | ४१६२ | ४६०२ | ३७२६ | ३७३ | ७७४ | १५२ | ९०३ | २१२२७ |
| | जम्मा | ५४२२ | २७६१ | ६३०८ | ५४१६ | ४३०१ | ४३६ | ८६३ | १७४ | १०५९ | २६७४० |
| व्यक्तिगत वैधानिकीकरण | पुरुष | २९३ | ६७ | ४६७ | १६० | २२९ | १३ | २१ | १ | ६० | १३११ |
| | महिला | १३८९ | १२६२ | १३७० | १६७६ | १९०९ | १२५ | ३२७ | २६ | ३१७ | ८४०१ |
| | जम्मा | १६८२ | १३२९ | १८३७ | १८३६ | २१३८ | १३८ | ३४८ | २७ | ३७७ | ९७१२ |
| व्यक्तिगत पुन स्वीकृति | पुरुष | ४९८३ | ७०३ | ६४९७ | १४९२ | १५८५ | १५५ | १७६ | ४४ | ४३२ | १६०६७ |
| | महिला | ५५५९६ | ६८७५१ | ३०९९६ | ४४०८१ | ४५५२३ | ३७६९ | ५६३३ | १०२३ | ९७८३ | २६५१५५ |
| | जम्मा | ६०५७९ | ६९४५४ | ३७४९३ | ४५५७३ | ४७१०८ | ३९२४ | ५८०९ | १०६७ | १०२१५ | २८१२२२ |
| कुल जम्मा | पुरुष | ६१८३३ | ९५५६२ | ४३९२५ | २८९७६ | ४७८८३ | १०२४४ | ८२४६ | २९४६ | ९४५४ | ३०९०६९ |
| | महिला | ६९३६९ | ७३९५९ | ४७५८५ | ५२४८५ | ५३०४९ | ४६३५ | ७०७९ | १३४१ | ११५१९ | ३२१०२१ |
| | जम्मा | १३१२०२ | १६९५२१ | ९१५१० | ८१४६१ | १००९३२ | १४८७९ | १५३२५ | ४२८७ | २०९७३ | ६३००९० |

*स्रोतः वैदेशिक रोजगार विभाग www.dofe.gov.np*

**(ङ) प्रमुख १० देशहरूमा नयाँ श्रम स्वीकृति प्राप्त गर्ने महिला कामदारको विवरण**

नयाँ श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा जाने महिला कामदारहरूको संख्यालाई गत ३ वर्षको तथ्याङ्कको आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी खाडी मूलुकका लागि श्रम स्वीकृति लिएको देखिन्छ । नयाँ श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने महिला कामदारहरूमा सबैभन्दा बढी यूनाइटेड अरब इमिरेट्समा गएको देखिन्छ।नयाँ श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने दोस्रो देशमा कत्तार र तेस्रो देशमा जोर्डन रहेको छ । हालका वर्षहरूमा साइप्रस, पोल्याण्ड र माल्टामा पनि महिला कामदार श्रम स्वीकृति लिएर जाने गरेको पाइन्छ । विगत ३ वर्षमा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने महिला कामदारहरूको प्रमुख १० गन्तब्य देशहरूको विवरण प्रतिशतमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं १६: प्रमुख १० देशहरूमा नयाँ श्रम स्वीकृति लिने महिला कामदारहरूको विवरण**

| देशको नाम | २०१९/२० | देशको नाम | २०२०/२१ | देशको नाम | २०२१/२२ |
|---|---|---|---|---|---|
| **यूनाइटेड अरब इमिरेट्स** | ४०.४ | यूनाइटेड अरब इमिरेट्स | ३२.८ | यूनाइटेड अरब इमिरेट्स | ३९.१ |
| **कत्तार** | १३.१ | कत्तार | १४.७ | कत्तार | १३.२ |
| **जोर्डन** | १२.७ | जोर्डन | १२.८ | कुवेत | ११.३ |
| **साइप्रस** | ७.२ | साइप्रस | १२.७ | साइप्रस | ८.६ |
| **कुवेत** | ६.६ | माल्दिभ्स | ६.० | मलेसिया | ३.८ |
| **माल्टा** | ३.० | टर्की | ५.८ | क्रोयसिया | ३.३ |
| **टर्की** | २.९ | रोमानिया | २.९ | माल्दिभ्स | २.७ |
| **बहराइन** | २.३ | बहराइन | २.४ | रोमानिया | २.५ |
| **मलेसिया** | २.२ | ओमन | २.२ | जोर्डन | २.३ |
| **ओमन** | १.६ | क्रोयसिया | १.९ | बहराइन | १.९ |
| **अन्य** | ८.० | अन्य | ५.८ | अन्य | ११.३ |
| **जम्मा प्रतिशत** | १०० | | १०० | | |
| **जम्मा सङ्ख्या** | १८२०२ | | ७१७८ | | ३३०६२ |

*स्रोतःवैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली २०२२*

**(च) प्रमुख १० देशहरूमा श्रम स्वीकृति नवीकरण गर्ने महिलाहरू कामदारको विवरण**

श्रम स्वीकृति नवीकरण गरेर वैदेशिक रोजगारमा जाने महिला कामदारहरूको सङ्ख्यालाई गत ३ वर्षको तथ्याङ्कको आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी खाडीमूलुक रहेको छ। श्रम स्वीकृति नवीकरण गरेर वैदेशिक रोजगारीमा जाने महिला कामदारहरूमा सबैभन्दा बढी यूनाइटेड अरब इमिरेट्स रहेको छ । दोस्रोमा कत्तार र तेस्रोमा मलेसिया रहेको छ।विगत ३ वर्षमा श्रम स्वीकृति नवीकरण गरेर वैदेशिक रोजगारीमा जाने महिला कामदारहरूको प्रमुख १० गन्तब्य देशहरूको विवरण प्रतिशतमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं १७: प्रमुख १० देशहरूमा श्रम स्वीकृति नवीकरण गर्ने महिला कामदारहरूको विवरण**

| देशको नाम | २०१७/१८ | २०१८/१९ | २०१९/२० | २०२०/२१ | २०२१/२२ |
|---|---|---|---|---|---|
| यूनाइटेड अरब इमिरेट्स | ५५६२ | ६१४० | ५०८१ | २७२४ | ८२११ |
| कत्तार | १०२९ | ११८५ | ११८० | ३८९ | २७९० |
| कुवेत | ९०८ | ६८९ | १०४० | १६८ | १६३३ |
| मलेसिया | ९९६ | १०७८ | ७२३ | १२ | २०६ |
| साइप्रस | ४६८ | ५७६ | ४९७ | २१८ | ८२६ |
| साउदी अरेबिया | ३१७ | ४४६ | ३७५ | १२३ | ५१८ |
| बहराइन | २९० | ३१२ | २५१ | १३५ | ३६९ |
| इजराइल | ३८८ | ३६७ | २३० | २१ | २१४ |
| माल्दिभ्स | १४५ | २०६ | १६० | १११ | २६३ |
| ओमन | १६० | १४४ | १८१ | ११२ | २६३ |
| अन्य | २८४ | ४०२ | ५०९ | २६५ | ७७३ |
| जम्मा | १०५४७ | ११५४५ | १०२२७ | ४२७८ | १६०६६ |

*स्रोतः वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली २०२२*

**(छ) प्रमुख १० जिल्लाहरूबाट नयाँ श्रम स्वीकृति लिएर जाने कामदारको विवरण**

नयाँ श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा जाने कामदारहरूको संख्यालाई गत ३ वर्षको तथ्याङ्कको आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी धनुषा जिल्ला रहेको छ । धनुषा जिल्लापछि क्रमशः सिराहा र महोत्तरी दोस्रो र तेस्रो स्थानमा रहेका छन्।विगत ३ वर्षमा नयाँ श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने कामदारहरूको विवरण जिल्लागत रुपमा तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं १८: प्रमुख १० जिल्लाहरूबाट नयाँ श्रम स्वीकृति लिने कामदारहरूको विवरण**

| जिल्लाको नाम | २०१९/२० | जिल्लाको नाम | २०२०/२१ | जिल्लाको नाम | २०२१/२२ |
|---|---|---|---|---|---|
| धनुषा | ५.४ | धनुषा | ७.५ | धनुषा | ६.६ |
| झापा | ५.० | सिराहा | ६.४ | सिराहा | ५.१ |
| सिराहा | ४.५ | महोत्तरी | ५.० | महोत्तरी | ४.८ |
| मोरङ | ४.३ | झापा | ४.२ | झापा | ३.९ |
| सुनसरी | ३.७ | मोरङ | ३.६ | सर्लाही | ३.८ |
| सर्लाही | ३.१ | सर्लाही | ३.३ | मोरङ | ३.६ |
| सप्तरी | ३.० | सुनसरी | ३.२ | सप्तरी | ३.२ |
| रुपन्देही | २.९ | दाङ | २.७ | सुनसरी | ३.१ |
| दाङ | २.४ | सप्तरी | २.५ | रुपन्देही | २.७ |
| अन्य | ६३.३ | रुपन्देही | २.१ | रौतहट | २.५ |

| जिल्लाको नाम | २०१९/२० | जिल्लाको नाम | २०२०/२१ | जिल्लाको नाम | २०२१/२२ |
|---|---|---|---|---|---|
| | | अन्य | ५९.५ | अन्य | ६०.८ |
| जम्मा प्रतिशत | १०० | | १०० | | १०० |
| जम्मा सङ्ख्या | १९०३९३ | | ७२०७२ | | ३४८८६७ |

*स्रोतः वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली २०२२*

### (ज) प्रमुख १० जिल्लाहरूमा नयाँ श्रम स्वीकृति लिएर जाने महिलाहरू कामदारको विवरण

नयाँ श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा जाने महिला कामदारहरूको सङ्ख्यालाई गत ३ वर्षको तथ्याङ्कको आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी झापा र दोस्रोमा सिन्धुपाल्चोक जिल्ला रहेको छ। पछिल्लो समयमा तेस्रो स्थानमा मकवानपुर र चौथोमा मोरङ जिल्ला रहेको छ। विगत ३ वर्षमा नयाँ श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने महिला कामदारहरूको विवरण जिल्लागत रुपमा प्रतिशतमा तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं १९: प्रमुख १० जिल्लाहरूबाट नयाँ श्रम स्वीकृति लिने महिला कामदारहरूको विवरण**

| जिल्लाको नाम | २०१९/२० | जिल्लाको नाम | २०२०/२१ | जिल्लाको नाम | २०२१/२२ |
|---|---|---|---|---|---|
| **झापा** | ९.१ | झापा | ९.१ | झापा | ८.१ |
| **सिन्धुपाल्चोक** | ७.८ | सिन्धुपाल्चोक | ८.५ | सिन्धुपाल्चोक | ६.१ |
| **मोरङ** | ५.७ | मोरङ | ५.६ | मकवानपुर | ५.६ |
| **मकवानपुर** | ५.२ | मकवानपुर | ४.८ | मोरङ | ५.३ |
| **काभ्रेपलाञ्चोक** | ४.६ | काभ्रेपलाञ्चोक | ४.५ | काभ्रेपलाञ्चोक | ५.० |
| **काठमाण्डौ** | ४.४ | नुवाकोट | ४.० | नुवाकोट | ४.३ |
| **नुवाकोट** | ४.१ | काठमाण्डौ | ३.९ | काठमाण्डौ | ३.८ |
| **सुनसरी** | ३.६ | चितवन | ३.४ | **सुनसरी** | ३.२ |
| **चितवन** | ३.१ | सुनसरी | ३.१ | **चितवन** | ३.१ |
| **इलाम** | ३.० | इलाम | २.८ | धादिङ्ग | ३.१ |
| **अन्य** | ४९.४ | अन्य | ५०.३ | अन्य | ५२.४ |
| **जम्मा प्रतिशत** | १०० | | १०० | | १०० |
| **जम्मा सङ्ख्या** | १८२०२ | | ७१७८ | | ३३०६२ |

*स्रोतः वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली २०२२*

### ३.१.१०. सञ्चार माध्यमको क्षमता र संवेदनशीलताको अभिवृद्धि

रेडियो नेपाल र वैदेशिक रोजगार बोर्डको सचिवालय बीच वैदेशिक रोजगारी रेडियो कार्यक्रम प्रसारणलाई निरन्तरता दिने सम्बन्धी सम्झौता भएको छ। यो कार्यक्रम विगतका वर्षहरूदेखिको निरन्तरता हो। यसबाट वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन मद्दत पुगेको पाइन्छ। रेडियो तथा टेलिभिजनहरूबाट यस्ता सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न वैदेशिक रोजगार बोर्डको भूमिका महत्वपूर्ण रहेको छ। यसरी वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन नेपाल सरकारले विभिन्न माध्यमबाट देहायबमोजिमका कार्यहरू सञ्चालन गर्न र गराउन जोड दिँदै आएको छः

१) सुरक्षा, राहत, तथा उद्धार सम्बन्धी सेवाहरू अनलाईन प्रणाली (http://fewims.feb.gov.np/) बाट सञ्चालन गरिएका छन् ।

२) नतिजामुलक पूर्व प्रस्थान अभिमुखीकरण तालिमको पाठ्यक्रम परिमार्जन गरी सञ्चालन गरिएको छ ।

३) गन्तब्य मुलुकमा बढी माग हुने विभिन्न व्यावसायिक सीपमुलक विषयहरूलाई राष्ट्रियस्तरमा तह १ को मान्यता हुने गरी पाठ्यक्रम निर्माण तथा शुल्क निर्धारण गरी कार्यान्वयनमा ल्याइएको छ ।

४) व्यावसायिक सीपमुलक तालिमलाई थप व्यवहारिक बनाउने उद्देश्यले कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ ।

५) सीपमुलक तालिममा सहभागी भएका र वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकलाई लक्षित गरी राष्ट्रिय परीक्षण बोर्डसँगको सहकार्यमा पहिलोपल्ट निशुल्क सीप परीक्षणको शुरूवात गरिएको

६) निशुल्क सीप तालिममा सहभागीहरूलाई वित्तिय साक्षरताबारे थप दूई दिन तालिम दिने समेत शुरु गरिएको

७) CTEVT अन्तर्गत आंगिक शिक्षालयहरू मार्फत सातै प्रदेशहरूमा स्थानीय तहको मागको आधारमा निशुल्क तालिम कार्यक्रम सञ्चालन गरिएको

८) श्रम स्वीकृति लिइ वैदेशिक रोजगारमा संलग्न नेपाली श्रमिकहरूलाई वैधानिक तवरबाट रोजगार मुलुकमा रहँदा सम्बद्ध राष्ट्र तथा रोजगारदाताहरूलाई श्रमिकको सामाजिक सुरक्षाकालागि जिम्मेवार बनाउने उद्देश्यले रोजगार मुलुकसँग श्रमिकको सामाजिक सुरक्षा सम्बन्धमा दुइ पक्षीय सम्झौता गर्ने कार्यको शुरूवात भएको छ।यसको शुरुवात १६ फेब्रुअरी २०२१ मा मलेसिया सरकार अन्तर्गतको सामाजिक सुरक्षा संगठन (SOCSO) र वैदेशिक रोजगार बोर्ड सचिवालयबीच Memorandum of Cooperation (MoC) सम्झौताबाट भएको छ ।

९) वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको पूँजी, सीप, प्रविधि र अनुभवमा उद्यमशिलताको विकास तथा सीपको प्रवर्द्धनमा उपयोग गराई सामाजिक तथा आर्थिक पुनःएकीकरण गर्ने उद्देश्यले स्थानीय तहसँगको सहकार्यमा तथा सम्बद्ध सबै सरोकारवालालाई समन्वयमा पुनःएकीकरण कार्यक्रम सञ्चालनमा ल्याइएको छ ।

१०) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, राष्ट्रिय समितिले मानव बेचबिखन तथा ओसारपसारविरुद्धको कार्यक्रम सञ्चालनमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ/संस्थाहरूको संलग्नतालाई समेत स्वीकार गरी उक्त संस्थाहरुसंग समन्वय र साझेदारी गर्दै आइरहेको छ ।

११) आम नागरिकहरूमा मानव बेचबिखन तथा ओसारपसारविरुद्ध सचेतना अभिवृद्धिकालागि विभिन्न अभियान अन्तर्गत संघ, प्रदेश तथा स्थानीय तहमा विभिन्न टेलिभिजन, एफ.एम. रेडियो, पत्रपत्रिका एवं सामाजिक सञ्जालहरूलाई सक्रिय बनाउँदै आएको छ।यस अभियानमा स्थानीयदेखि राष्ट्रियस्तरका विद्युतीय तथा छापा माध्यमहरू संलग्न रहेका छन्।राष्ट्रिय अन्तर्राष्ट्रिय सबै किसिमका दिवसलगायत विभिन्न कार्यक्रमहरुका बारेमा विभिन्न सञ्चार माध्यममा अन्तरक्रिया तथा छलफल गर्ने, सन्देशहरू प्रचारप्रसार गर्ने कार्यहरू आ.व.२०७८/७९मा पनि सम्पन्न भएका छन् । यसले मानव बेचबिखनविरुद्धको अभियानबारे सञ्चारकर्मीहरूलाई समेत सजग बनाउने कार्य गरेको देखिन्छ । मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी

अपराध न्यूनिकरणकालागि छापा तथा रेडियो, टेलिभिजनजस्ता विद्युतीय माध्यमको प्रयोग बढ्दै जानुलाई यसको सकारात्मक पक्ष मान्न सकिन्छ ।

१२) मानव बेचबिखन तथा ओसारपसारविरुद्धको २०७८ भाद्र २० गते मनाइएको १५औं राष्ट्रिय दिवसको अवसर पारी आ.व.२०७८/७९ को अवधिमा मानव बेचबिखन तथा ओसारपसारविरुद्ध उदाहरणीय कार्य गरेका व्यक्ति तथा संस्थालाई सम्मान तथा पुरस्कार प्रदान गरिएको छ ।

### ३.१.११. अध्ययन प्रतिवेदन

(१) मानव बेचबिखन बिशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ को अवधि समाप्त भएकोले **“मध्यावधि मूल्याङ्कन” २०७४** का आधारमा नयाँ राष्ट्रिय कार्ययोजनाको मस्यौदा तयार भएको छ ।

(२) उद्दार कार्यलाई प्रभावकारी बनाउन मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, राष्ट्रिय समितिमा छलफल हुने गरेको र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ संशोधन भैसकेको छ ।

(३) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा आ.व.२०७८/७९ मा विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रबाट सम्पन्न भएका क्रियाकलापहरूको प्रगति समेटिएको **“मानव बेचबिखन नियन्त्रण राष्ट्रिय प्रतिवेदन २०७९ ”** प्रकाशन गरिएको छ ।

## ३.२ संरक्षणात्मक क्रियाकलापहरू

आ.व.२०७८/७९ मा विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरूबाट महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको सहयोग तथा संरक्षणका लागि सम्पन्न भएका क्रियाकलापहरूको स्थिति देहायबमोजिम रहेको छ ।

### ३.२.१ उद्धार तथा स्वदेश फिर्ती

मानव बेचबिखन तथा ओसारपसार कुनै भौगोलिक क्षेत्रमा मात्र सिमित रहेको छैन । यो संगठित अपराधको रुपमा विश्वभर फैलिएकोले नियन्त्रण गर्नकालागि सम्बद्ध सबै देशहरूबीच समन्वय र सहकार्य हुनु जरुरी छ।विभिन्न अध्ययनहरूबाट प्राप्त तथ्याङ्कका अनुसार नेपालमा अधिकतम सङ्ख्यामा महिला बालबालिका बेचबिखनको जोखिममा रहेका छन् ।

मन्त्रालयले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूबीच समन्वय गर्दै आइरहेको छ । देश बाहिर बिभिन्न मुलुकहरूमा बेचबिखनमा परेका श्रम तथा यौनशोषणमा परेका पीडित/ प्रभावित नेपालीहरूको उद्धार र स्वदेश फिर्तीको कार्यकालागि यस मन्त्रालयले परराष्ट्र मन्त्रालयमार्फत विदेशस्थित नेपाली राजदूतावास तथा नियोगहरूसँग सम्पर्क, समन्वय र सहकार्य गर्दै आएको छ । विदेशस्थित विभिन्न नेपाली दुतावासहरूबाट प्राप्त सहयोगले विदेशमा बेचबिखन तथा यौन शोषणमा परेका व्यक्तिहरूको उद्धार तथा स्वदेश फिर्ती कार्यका लागि आवश्यक रकम समेत उपलब्ध गराउँदै आएरहेको छ । उक्त रकम महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट बिशेष किसिमको समस्यामा परेका, गैर्हकानूनी रुपमा बिदेशिएका, बेचबिखनमा परका र कानूनी रुपमा (श्रम स्वीकृती लिई बैदेशिक रोजगारमा गएका व्यक्ति कामदारको लागि वैदेशिक रोजगार बोर्डबाट समेत उपलब्ध गराउने व्यवस्था छ ।

### (क) परराष्ट्र मन्त्रालयको विवरण

**तालिका नं २०: परराष्ट्र मन्त्रालयका प्रयास तथा सान्दर्भिक तथ्याङ्क**

| क्र.सं. | विभाग/नियोगको नाम | प्रयासहरू तथा सान्दर्भिक तथ्याङ्क | कैफियत |
|---|---|---|---|
| १ | नेपाली कन्सुलेट जनरल, जेद्दा | • विभिन्न श्रोत मार्फत महावाणिज्य दुतावासको सम्पर्कमा आएका ५ जना घरेलु कामदार नेपाली महिलाहरूलाई आवास सुविधा, रोजगारदाताहरूबाट पाउनुपर्ने क्षतिपूर्ति एवं बहिर्गमन भिषा समेत दिलाई नेपाल पठाएको<br>• घरेलु हिंसा तथा यातना, मानव बेचबिखन ओसारपसार नियन्त्रणकालागि विभिन्न चेतनामुलक कार्यक्रमहरू सञ्चालन गरेको<br>• गैह्र आवासीय नेपाली संघ तथा अन्य नेपाली संघसंस्थाको समन्वयमा निरन्तर उद्धार गरिएको | • समस्यामा परेकाहरूको विषयमा सूचना सम्प्रेषणको अभाव, उद्धार कार्यकालागि बजेटको अभाव तथा न्यायकालागि कानूनी परामर्शदाताको अभाव दुतावासमा रहेको |
| २ | नेपाली राजदुतावास, कोलम्बो | • श्रीलंका सरकारले नेपाली साधारण राहदानी बाहकलाई प्रदान गर्ने उदार भिषाको प्रयोग गरी श्रीलंका हुँदै खाडी मुलुकमा यात्रा गर्ने नेपालीको बढ्दो सङ्ख्याको कारण मानव ओसारपसारको जोखिम वृद्धि भएको हुँदा दुतावासले परराष्ट्र मन्त्रालय,अध्यागमन विभाग लगायतका निकाससँग निरन्तर समन्वय गर्ने गरेको | |
| ३ | नेपाली राजदुतावास, क्वालालम्पुर | • गत आ.व.मा मलिसया, फिलिपिन्स, ब्रुनाइ तथा इन्डोनेसियामा भएको मानव बेचबिखन तथा ओसारपसार सम्बन्धमा दुतावासमा कुनै सूचना प्राप्त नभएको<br>• दुतावासले विभिन्न नेपाली संघसंस्थाहरूको सहयोगमा सो सम्बन्धी भर्चुअल सचेतनामुलक कार्यक्रम गर्नुकासाथै दुतावासमा शुक्रबारको नियमित प्रत्यक्ष कार्यक्रमबाट समेत माव बेचबिखन तथा ओसारपसारको विषयमा सचेतना गराउदै आएको। | |
| ४ | नेपाली राजदुतावास, बार्सिलिया | • दक्षिण अमेरिकी महादेशमा नेपालीहरूको सङ्ख्या न्यून रहेकाले केही वर्ष यता उल्लेखित समस्यामा परेका नेपालीका बारेमा दुतावासले कुनै जानकारी प्राप्त नगरेको<br>• विभिन्न देशमा छरिएर रहेका नेपाली तथा भविष्यमा बढ्न सक्ने सङ्ख्यासँगै आउन सक्ने समस्यालाई मध्यनजर गरी यसको निराकरणकालागि दुतावास अन्तर्गत सहप्रमाणिकृत मुलुकहरूमा सम्भावित अवैतनिक वाणिज्यदुतहरूको खोजी भइरहेको। | |

### (ख) आवास गृह भएको मुलुक र सेवा

**विदेशस्थित केही नेपाली राजदूतावासहरूमा** विभिन्न कारणले अलपत्र परेका नेपाली नागरिकलाई दुतावास परिसरमा अन्य व्यवस्था नहुँदासम्म खाने र बस्ने व्यवस्था उपलब्ध गराउँदै आएको छ। विशेष गरी महिला कामदारको हकमा आवश्यकता अनुसार कार्यस्थलबाट उद्धार गरी नेपाल फिर्ती प्रक्रिया पुरा नभएसम्म सुरक्षा गृहमा राखी खाने बस्ने व्यवस्था मिलाईने गरिएको छ। **नेपाली राजदूतावासहरूमा आवश्यक स्रोत साधनको कमीले सुरक्षा गृह** सञ्चालन/

**व्यवस्थापन** गर्न कठिनाई भएको देखिन्छ । राजदुतावास मार्फत पासपोर्ट नभएको नेपाली नागरिकलाई एकतर्फी यात्रा अनुमति पत्र उपलब्ध गराउदै नेपाल फिर्तीको लागि आवश्यक प्रबन्ध मिलाउँदै आएको छ । कामदारहरूले अध्यागमन नियम उल्लंघन गरी जरीवाना तिर्नुपर्ने अवस्थामा जरिवाना मिनाहाको पहल गर्ने र हवाइ टिकट उपलब्ध गराउँदै स्वदेश फिर्तीको लागि आवश्यक व्यवस्था मिलाउँदै आएको छ ।

राजदुतावास नभएका देशहरूमा नेपाल सरकार परराष्ट्र मन्त्रालय अन्तर्गत रहेका कन्सुलर विभागमार्फत यो कार्य गर्दै आएको छ।यस विभागले विश्वका विभिन्न देशमा गएका नेपाली नागरिकहरूको खोजतलास तथा उद्धार कार्यको पहल गर्दै आएको छ।विदेशमा मृत्यु भएका नेपाली कामदारहरूको शव नेपाल झिकाउन वा विदेशमै दाहसंस्कार गर्नकालागि आवश्यक प्रबन्ध मिलाउदै आएको छ । विदेशमा मृत्यु भएका वा घाइते भएका नेपाली नागरिकको क्षतिपूर्तिको माग गर्न PoA, VoR, H-Form, GOSI Form पठाउँदै आएको छ ।

### ३.२.२ उद्धार संयन्त्रहरूको निर्माण

यस प्रतिवेदनको भाग २ को २.३ संस्थागत संरचनाअन्तर्गत मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कार्यकालागि प्रत्यक्ष वा परोक्षरूपमा जिम्मेवार नेपाल सरकारको बृहत्तर संस्थागत संरचनाका बारे उल्लेख गरिएको छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा नियमावली, २०६५ ले तोकेबमोजिम राष्ट्रियस्तरमा गठन गरिएको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, राष्ट्रिय समिति महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अन्तर्गत रहेको छ । जिल्लास्तरमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा मानव त्रेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको ब्यवस्था छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ बमोजिम मूलतः विदेशमा अलपत्र परेका पीडित/प्रभावितको उद्धार कार्य राष्ट्रिय समितिको र जिल्लाभित्र मानव बेचबिखन तथा ओसार पसारको जोखिममा रहेका व्यक्तिको उद्धार तथा संरक्षण कार्य मानव बेचबिखन नियन्त्रण जिल्ला समितिको काम, कर्तव्य र अधिकारभित्र राखिएको छ । साथै मानव बेचबिखन नियन्त्रणको क्षेत्रमा कार्यरत विभिन्न सरकारी तथा गैरसरकारी संघ/संस्थाहरूबीच समन्वय गर्ने गराउने सम्पर्क निकायको भूमिका तततत् समितिहरूद्वारा निर्वाह हुँदै आएको छ ।

मानव बेचबिखन तथा ओसारपसारको दृष्टिबाट बढी जोखिम उन्मुख खासगरी खुला सीमाना रहेको छिमेकी मुलुक भारतसँगको सीमानाकाहरूमा सरकार(नेपाल प्रहरी)बाट स्थापित निगरानी तथा सूचना/परामर्श केन्द्रहरू क्रियाशील छन् । यस कार्यमा गैरसरकारी संघसंस्थाहरूसमेतको समन्वय र सहयोग रहँदै आएको छ। सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको आपसी समन्वय, सहयोग तथा सहकार्यमा बेचबिखनबाट पीडित/प्रभावित व्यक्तिहरूको उद्धार गर्ने कार्यले यस वर्ष पनि निरन्तरता पाएको छ । यस क्रममा बेचबिखनमा परेका पीडित/प्रभावितहरूलाई बाह्य मुलुकहरूबाट उद्धार गरी स्वदेश फिर्ती गर्ने कार्यमा सम्बन्धित मुलुकस्थित नेपाली कूटनीतिक नियोगहरूको पनि समन्वय र सहयोग रहेको छ । क्रमागत अभ्यासका आधारमा यस किसिमको कार्यमा सरकारी तथा गैरसरकारी संघ/संस्थाहरूबीचको आपसी समन्वय, साझेदारी, सहकार्य, सहयोगमा पनि वृद्धि भएको छ ।

### ३.२.३ पुनर्स्थापना केन्द्रहरूको व्यवस्थापन

मानव बेचबिखन तथा ओसारपसारबाट पीडित र प्रभावित व्यक्तिहरूको उद्धार तथा संरक्षणकालागि महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८ तयार गरी लागु गरेको छ । निर्देशिकाको मुख्य उद्देश्य पुनर्स्थापना केन्द्रहरूको प्रभावकारी व्यवस्थापन तथा सञ्चालन रहेको छ । यसले मानव बेचबिखन तथा

ओसारपसारबाट पीडित र प्रभावित व्यक्तिहरूको पुनर्स्थापना कार्यको न्यूनतम मापदण्ड तथा प्रक्रिया निर्धारण गरेको छ। आ.व.२०७८/७९ मा हिंसा पीडित महिला तथा किशोरीहरूलाई सुरक्षित रुपमा पुनर्स्थापना गर्न राष्ट्रियस्तरको मंगला सहाना दीर्घकालिन पुनर्स्थापना केन्द्रलाई कार्यक्रम सञ्चालन गर्न सशर्त अनुदान रकम उपलब्ध गराइएको र लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूलाई सुरक्षित पुनर्स्थापना सेवा प्रदान गरिएको छ।

देशमा सङ्घीय शासन प्रणाली लागु हुनुपूर्व स्थापित १० वटा मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/ प्रभावितहरूको संरक्षण तथा पुनर्स्थापनाकालागि स्थापित पुनर्स्थापना केन्द्रहरू हालसम्म पनि निरन्तर सञ्चालनमा रहेका छन्। पुनर्स्थापना केन्द्र सञ्चालन भएका जिल्लाहरू, व्यवस्थापन गर्ने संस्थाहरू र क्षेत्राधिकारका जिल्लाहरूको विवरण यस प्रकार रहेका छ।

**तालिका नं २१: पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने संस्थाहरूको नाम**

| क्र. सं. | पुनर्स्थापना केन्द्र सञ्चालन भएको जिल्ला | पुनर्स्थापना केन्द्र व्यवस्थापन करार गर्ने संस्था | क्षेत्राधिकारका जिल्लाहरू |
|---|---|---|---|
| १ | झापा | माइती नेपाल | ताप्लेजुङ, पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, संखुवासभा, भोजपुर |
| २. | सिन्धुपाल्चोक | शक्ति समूह | सिन्धुपाल्चोक, काभ्रे, रामेछाप, दोलखा |
| ३. | काठमाडौँ | ए.बी.सी. नेपाल | रसुवा, नुवाकोट, धादिङ, सोलुखुम्बु, भक्तपुर, काठमाडौँ, ललितपुर, ओखलढुङ्गा, खोटाङ |
| ४. | पर्सा | माइती नेपाल | बारा, रौतहट, पर्सा, सर्लाही, महोत्तरी, धनुषा, सिन्धुली, उदयपुर, सिराहा, सप्तरी |
| ५. | चितवन | आदर्श नारी विकास केन्द्र | चितवन, मनाङ, मुस्ताङ, तनहुँ, लमजुङ, गोर्खा, मकवानपुर |
| ६. | रूपन्देही | माइती नेपाल | गुल्मी, अर्घाखाँची, रूपन्देही, कपिलवस्तु, पाल्पा, स्याङजा, नवलपरासी, म्याग्दी, बागलुङ, पर्वत |
| ७. | बाँके | साथी | सल्यान,बर्दिया, बाँके, जाजरकोट, हुम्ला, जुम्ला, मुगु, डोल्पा, रूकुम, रोल्पा, दाङ, प्यूठान |
| ८. | कैलाली | सिर्जनशील समाज | दार्चुला, बैतडी, डडेल्धुरा, बझाङ्ग, कैलाली, कञ्चनपुर, बाजुरा, अछाम, डोटी, दैलेख, कालिकोट |
| ९. | कास्की | श्री एन्जेल्स | बाग्मती प्रदेश, गण्डकी प्रदेश, प्रदेश नं ५, कर्णाली प्रदेश, सुदुरपश्चिम प्रदेश |
| १०. | सुर्खेत | आवाज | कालीकोट, दैलेख, वर्दिया, सुर्खेत |

*स्रोतः मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालय*

### २.२.४ आर्थिक सहायता

#### (क) मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणकालागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६८

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले विभिन्न सरोकारवाला संघ संस्थाहरूसँग समन्वय गरी मानव बेचबिखन पीडित/प्रभावितहरूको उद्धार र पुनर्स्थापना गर्दै आएको छ । पुनर्स्थापना केन्द्रहरूको व्यवस्थापन र सञ्चालनकालागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले राष्ट्रिय न्यूनतम मापदण्ड र विभिन्न निर्देशिकाहरू जारी गरेको छ। मापदण्ड तथा निर्देशिकाहरूले केन्द्रमा उपलब्ध हुने सेवालाई स्तरीय बनाउन मद्दत गरेको छ।

#### (ख) पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८

मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूकालागि परिवारमा मिलन तथा एकीकरण सम्मका सेवाहरू प्रदान गर्नका लागि यस्ता मापदण्ड तथा निर्देशिकाहरू आवश्यकता अनुसार परिमार्जन हुँदै आएका छन् । पुनर्स्थापना केन्द्रहरूमा मापदण्ड तथा निर्देशिकाहरूले निर्धारण गरेको न्यूनतम खर्चको मानकअनुसार सेवाहरू उपलब्ध हुनुपर्दछ । यी मापदण्ड तथा निर्देशिकाबाट तोकिएका केही व्यवस्थाहरू यस प्रकार रहेका छन्

- स्वदेश फिर्तीदेखि आवासीय सेवा, खाना, लत्ता कपडा, स्वास्थ्य सेवा,
- कानूनी परामर्श र सहायता,
- मनोविमर्श, मनोचिकित्सक तथा मनोरञ्जनात्मक सेवा,
- सिफारिस, दोहोरो सिफारिस प्रणाली, प्रेषण, पुनर्मिलन तथा भेटघाट,
- अनुगमन/पुनः भेटघाट, परिवारमा पुनर्स्थापना र पुनः एकीकरण,
- शिक्षादिक्षा तथा सीपमूलक तालिम तथा जीविकोपार्जन व्यवसाय शुरूकालागि बीउ पुँजी प्रदान।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिले देशभर सञ्चालनमा रहेका पुनर्स्थापना केन्द्रहरूको आवश्यकता अनुसार अनुगमन गर्ने गर्दछ।सालबसाली रुपमा अनुगमन कार्य पश्चात पृष्ठपोषण सहित आवश्यक निर्देशन दिने गरेको छ।आ.व.२०७८/७९ मा झापा, पर्सा, सुर्खेत र चितवनमा सञ्चालित पुनर्स्थापना केन्द्रहरूको निरीक्षण भएको छ।

### ३.२.५ पुनर्स्थापना सेवाहरू

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले विभिन्न सरोकारवाला संघ संस्थाहरूसँग समन्वय गरी मानव बेचबिखन पीडित/प्रभावितहरूको उद्धार र पुनर्स्थापना गर्दै आएको छ। पुनर्स्थापना केन्द्रहरूको व्यवस्थापन र सञ्चालनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले राष्ट्रिय न्यूनतम मापदण्ड र विभिन्न निर्देशिकाहरू जारी गरेको छ। मापदण्ड तथा निर्देशिकाहरूले केन्द्रमा उपलब्ध हुने सेवालाई स्तरीय बनाउन मद्दत गरेको छ।

### ३.२.६ पीडित/प्रभावितहरूको परिचयको सुनिश्चितता

मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित व्यक्तिहरूको परिचय खुल्ने आधिकारिक कागजात आवश्यक परेको खण्डमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ को नियम ७ (क) ले परिचय खुल्ने कागजात उपलब्ध गराउन सकिने व्यवस्था गरेको छ।सो व्यवस्था बमोजिम परिचय खुल्ने आधिकारिक कागजात मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) जिल्ला समितिको सिफारिसमा उपलब्ध गराइने प्रावधान रहेको छ।

### ३.२.७ पीडित/प्रभावितहरूको सुरक्षा चासोको सम्बोधन र पुनर्स्थापना कोष

मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित व्यक्तिहरूको उद्धार, स्वदेश फिर्ती र पुनर्स्थापना केन्द्रहरूमा बसोबासको व्यवस्था गर्ने, अदालतमा उपस्थित गराउने, सुरक्षा प्रदान गर्ने जस्ता अत्यावश्यक कार्यहरूमा लाग्ने खर्च व्यवस्थाकालागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा केन्द्रीय पुनर्स्थापना कोषको व्यवस्था गरिएको छ।यस कोषको रकम मानव बेचबिखनबाट पीडित तथा प्रभावितहरूका लागि पुनर्स्थापना सेवा उपलब्ध गराउँदा खर्च हुने गरेको छ।यस कोषमा रहेको रकमलाई पीडित/प्रभावितहरूको औषधि उपचार, उद्धार, पारिवारिक पुनर्मिलन, कानूनी उपचार, प्रशिक्षण तथा सीपमूलक तालिम, जीविकोपार्जन अनुदान, भोजन, लत्ताकपडा मनोसामाजिक विमर्श जस्ता शीर्षकमा पूनर्स्थापना केन्द्र सञ्चालन कार्यविधि, २०७२(पहिलो संशोधन) मा ब्यवस्था गरिए बमोजिम खर्च गरिदै आएको छ।

### ३.२.८ पारिवारिक पुनः एकीकरण

मानव बेचबिखन तथा ओसारपसारमा परेका व्यक्तिहरूको उद्धार, पुनर्स्थापना, परिवार तथा समुदायमा पुनर्मिलन र पुनर्एकीकरण कुनै एक निकायको प्रयासबाट मात्र सम्भव छैन। यस कार्यकालागि विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरूबीच समन्वय, सहकार्य एवम् संयुक्त पहल अनिवार्य छ। पारिवारिक पुनएर्कीकरण कार्यमा विभिन्न सरकारी तथा गैरसरकारी संघ/संस्थाहरूको संलग्नता रहँदै आएको छ। आ.व.२०७८/७९ मा मानव बेचबिखन तथा ओसारपसार पीडित/प्रभावितहरूका लागि श्री एन्जेल्स नेपाल पोखरा पुनर्स्थापना केन्द्रमा रहेका र ललितपुरको गोदावरीमा लेडिज जुत्ता चप्पल बनाउने रोजगारमुलक तालिम प्रदान गरिएको र १० जना सहभागीलाई रोजगारीको सुनिश्चतता गरिएको थियो।

### ३.२.९ निरोधात्मक र उपचारात्मक स्वास्थ्य सेवाको व्यवस्था

मानव बेचबिखन तथा ओसारपसार लगायत लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूलाई आवश्यक पर्ने स्वास्थ्य सेवा एकीकृत रुपमा एकै स्थानबाट प्रदान गर्नकालागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गत विभिन्न जिल्लाहरूमा एकद्वार संकट व्यवस्थापन केन्द्रहरू सञ्चालनमा ल्याएको छ। नियमित कार्यक्रमकै रुपमा सञ्चालन हुँदै आएका एकद्वार संकट व्यवस्थापन केन्द्रहरूबाट मानव बेचबिखन तथा ओसारपसार लगायत लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूलाई आवश्यकता बमोजिम मानसिक रोगको उपचार, सुरक्षित गर्भपतनको सेवा, यौनरोगको उपचार, आकस्मिक गर्भ निरोधक सेवा, यौन रोगको उपचार, घाउचोटपटकको उपचार, गर्भ परीक्षण, एच.आई.भी. परीक्षण तथा परामर्श (भीसीटी) सेवा, विधिविज्ञान तथा चिकित्साजन्य कानूनी परीक्षण, मनोसामाजिक परामर्श सेवालगायत अन्य आवश्यक उपचारका सेवा उपलब्ध गराइएको छ। केन्द्रबाट उपलब्ध हुने सेवाकालागि पीडित/प्रभावित आफै सिधै आउने वा नातेदार, आवास गृह, प्रहरी, गैरसरकारी संस्था, स्वास्थ्य संस्था, स्थानीय तह, पुनर्स्थापना केन्द्र, सरकारी वकील, अन्य अस्पताल समेतले पठाउने (रिफर गर्ने) व्यवस्था रहेको छ।लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूलाई विशेष प्रकारको विशेषज्ञ तथा विशिष्ट सेवाहरूको आवश्यकता परेको खण्डमा एकद्वार संकट व्यवस्थापन केन्द्रहरूले सोही बमोजिम सम्बन्धित निकायहरूमा सिफारिस/प्रेषणसमेत गर्दै आएको छ। देशभर सञ्चालनमा रहेका एकद्वार संकट व्यवस्थापन केन्द्रहरूद्वारा आ.व.२०७७/७८ मा जम्मा ८,६९९ जना पीडित तथा प्रभावितहरूलाई आवश्यक सेवा प्रदान गरिएको छ।

पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८ ले मानव बेचबिखन तथा ओसारपसारका पीडित/प्रभावित व्यक्तिलाई निम्न बमोजिम औषधोपचार खर्च (रकम) उपलब्ध गराउने व्यवस्था गर्दै आएको छः

- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिले तोकेको अस्पतालमा उपचार गराउँदा लागेको खर्च,

- पुनर्स्थापना गृहमा रहेको अवधिमा पीडित/प्रभावित व्यक्ति तथा कुरुवा एक/एक जनालाई अस्पतालमा आउँदा जाँदा लागेको खर्च,
- नियमित उपचार तथा प्रेषित वा आकस्मिक उपचार गराउँदा लागेको खर्च तथा,
- स्वास्थ्यकर्मीको प्रेसक्रिप्सन अनुसार उपचारमा लागेको बिल बमोजिमको खर्च ।

### ३.२.१० पुनर्स्थापना कोष परिचालन

नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको उद्धार तथा पुनर्स्थापनाकालागि पुनर्स्थापना कोष स्थापना गरेको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयअन्तर्गत रहेको पुनर्स्थापना कोषबाट मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितकालागि पुनर्स्थापना केन्द्रमा खाना, आवास, कपडा लगायत आधारभूत आवश्यकताका साथै स्वास्थ्य उपचार, मनोविमर्श, कानूनी सहायता, सीप विकास तालिम र बीउ पुंजी उपलब्ध गराउन खर्चको व्यवस्था गर्ने गरिएको छ। वि.सं.२०६५ सालदेखि व्यवस्था गरिएको यस कोषमा आ.व.२०६९/७० देखि २०७८/७९ सम्म नियमितरुपमा गरिएको बजेट विनियोजनको विवरण निम्नबमोजिम तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं २२: पुनर्स्थापना कोषमा भएको बजेट सम्बन्धी विवरण**

| आ.व. | केन्द्रीयस्तर | जिल्लास्तर | पुनर्स्थापना कोष | सञ्चित रकम |
|---|---|---|---|---|
| ०६९/७० | २०,००,००० | ३७,५०,००० | १,००,००,००० | - |
| ०७०/७१ | ३१,६८,००० | १,९२,००,००० | १,२०,००,००० | - |
| ०७१/७२ | ३३,१५,००० | १,८७,८२,००० | - | १,५९,२८,५५० |
| ०७२/७३ | ५६,१५,००० | १,८७,८२,००० | - | १,१३,९५,६१३ |
| ०७३/७४ | ३०१००००० | १,७२,६३,९७० | - | १,७२,६३,९७० |
| ०७४/७५ | २,०५,५०,००० | ८७,५८,००० | - | १,०१,५७,५५१ |
| ०७५/७६ | १,२६,५०,००० | - | १,००,००,००० | २,६६,००,३८७ |
| ०७६/७७ | १,३५,००,००० | - | १,००,००,००० | ३,६२,५०,३८७ |
| ०७७/७८ | ३,९१४,७९८ | ६३,०१३१ | १,००,००,००० | ३,१३,३८,६३५ |
| ०७८/७९ | | | ८२५५००० | |
| *स्रोतः मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालय* | | | | |

## ३.३ न्यायमा पहुँच र कानूनी कारबाही

### ३.३.१ प्रचलित कानूनहरूमा समसामयिक सुधार

क) नेपाल प्रहरी नियमावलीमा संशोधन गरी मानव बेचबिखन अनुसन्धान ब्यूरोलाई सक्रिय बनाइएको छ ।

ख) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ लाई वर्तमान संविधान अनुकुल बनाउन तथा पालेर्मो प्रटोकलले ब्यवस्था गरेका प्रावधानहरुलाई समावेश गरेर ऐनको पहिलो संशोधन मस्यौदा तयार भई सहमतिका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको छ ।

ग) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ लाई संशोधन गरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण (पहिलो संशोधन) नियमावली, २०७७ कार्यान्वयनमा रहेको छ ।

घ) अन्तरदेशीय संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गतको पालेर्मो प्रोटोकलको मानव बेचबिखन, खास गरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेखलाई प्रतिनिधि सभाको २०७६ फागुन २९ गतेको बैठकबाट अनुमोदन गरिएको छ।बहुराष्ट्रिय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको पूरकको रुपमा रहेको यस आलेखमा तपशिलमा उल्लेखित प्रावधानहरू रहेका छनः

१) सामान्य प्रावधानहरू (धारा १ देखि ५),

२) मानव बेचबिखन तथा ओसारपसारका पीडित/प्रभावितको संरक्षण (धारा ६ देखि ८),

३) निवारण, सहयोग तथा अन्य उपायहरू (धारा ९ देखि १३) र

४) आखिरी प्रावधानहरू (धारा १४ देखि २०)

माथि उल्लेखित चार शीर्षकमा रहेका प्रावधानहरू कार्यान्वयनका लागि अवस्था अनुसार राष्ट्रिय कानूनको व्यवस्था, परिमार्जन, संशोधन र निर्माण कार्यहरु आवश्यकता अनुसार भैरहेको छ।

### ३.३.२ कानूनी कारबाही

विश्वमा संगठित अपराधको रुपमा विस्तार भइरहेको मानव बेचबिखन तथा ओसारपसार कार्यको नियन्त्रणका लागि संयुक्त र संगठित पहल गर्न आवश्यक छ।यसको नियन्त्रण समयसँगै थप जटिल हुँदै गइरहेको देखिन्छ।नेपालमा मानव बेचबिखन तथा ओसारपसारका घटना उपरको कानूनी कारबाही गर्ने कार्यमा विभिन्न निकायहरूलाई जिम्मेवारी तोकिएको भएता पनि अग्रपंक्तिमा नेपाल प्रहरी रहेको छ।मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा प्रहरीको भूमिका महत्वपूर्ण देखिएको छ।प्रहरी प्रशासन अन्तर्गत मुख्यालयको अपराध अनुसन्धान विभागको अतिरिक्त एक छुट्टै मानव बेचबिखन अनुसन्धान ब्यूरो नै स्थापना गरिएको छ।नेपाल प्रहरी प्रशासनले आफूलाई तोकिएको मानव बेचबिखन अनुसन्धान कार्यको जिम्मेवारी प्रभावकारी बनाउन **"लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल गठन तथा कार्य सञ्चालन कार्यविधि, २०७२"** तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।

पुरुष प्रधान सामाजिक संरचना तथा आर्थिक परनिर्भरताका कारण अधिकांश महिलाहरू विभिन्न स्वरुपको लैङ्गिक हिंसाबाट पीडित भएका छन्। अधिकतम रुपमा ग्रामीण क्षेत्र र विपन्न समुदायका महिला तथा किशोरीहरू यस प्रकारका हिंसामा परेको पाइन्छ। यसरी हिंसा सहनु पर्ने बाध्यता पछाडिको मूल कारण परम्परागत हानिकारक अभ्यास, शिक्षा र ज्ञानको कमी तथा आर्थिक सशक्तीकरणको अभावलाई लिन सकिन्छ। नेपालको दुर्गम क्षेत्र र पिछडिएका वस्तीहरुका निरक्षर महिला तथा किशोरीहरूको संख्या बढी छ।शिक्षा तथा सचेतनाको कमीका कारण कानूनी साक्षरता पनि कमी छ।यस अवस्थामा उनीहरूलाई संगठित रुपमा हुने मानव बेचबिखन तथा ओसारपसारको कार्यमा संलग्न दलालहरूले सजिलै फसाउन सक्दछन्। यस संगठित अपराधबाट उनीहरूलाई जोगाउन र पीडित/ प्रभावितहरूलाई न्याय दिलाउन विभिन्न सरकारी तथा गैरसरकारी संस्था, नागरिक समाज एंव समुदायहरूको भूमिका महत्वपूर्ण हुन आउँछ। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा कार्यरत विभिन्न सरकारी निकाय तथा गैरसकारी संघसंस्थाहरूले आपसी समन्वय, सहयोग तथा सहकार्यबाट मानव बेचबिखनबाट प्रभावित एवम् पीडितहरूको उद्धार, राहत, संरक्षण तथा पारिवारिक एवम् सामाजिक पुनर्मिलन कार्यहरू सम्पन्न हुँदै आएका छन्।

### ३.३.३ उजुरी लिने प्रक्रियामा सरलीकरण

मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसुरबारे प्रहरीमा उजुर गर्ने सबैको कर्तव्य हो। मानव बेचबिखनको कसुर गरेको, गरिरहेको वा गर्न लागेको थाहा पाउने जुनसुकै व्यक्तिले पनि प्रहरीमा उजुरी गर्न सक्ने कानूनी ब्यवस्था छ। उजुरीकर्ताले चाहेमा आफ्नो नाम गोप्य राख्न सक्ने व्यवस्था ऐनमै गरिएको छ।

आन्तरिक तथा अन्तरदेशीय रुपमा भइरहेको मानव बेचबिखन तथा ओसारपसार कार्यहरूलाई नियन्त्रण गर्नका लागि भएका प्रयास तथा उपलब्धिहरूः-

- सञ्चार माध्यमहरूबाट बेचबिखनका जोखिमहरू र अपनाउनु पर्ने सजगताका सम्बन्धमा प्रचार-प्रसार हुने गरेको।
- टेलिचलचित्र, सूचना, जानकारी, एफ.एम तथा टि.भि. र रेडियो मार्फत दैनिक मानव बेचबिखन विरुद्ध सन्देशमुलक सामाग्रीहरु प्रसारणको व्यवस्था गरिएको
- समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत विद्यालय सम्पर्क कार्यक्रम र स्थानीय तहसँगको सहकार्यमा स्थानीय स्तरमा सबै समुदायलाई लक्षित गरी जनचेतनामूलक सामग्री तयार गरी मानव बेचबिखन विरुद्धका सचेतनामुलक कार्यक्रमहरू सञ्चालन गर्ने गरिएको छ।
- समुदायस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन र प्रभावकारी अनुसन्धानका लागि मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ब्यूरोको स्थापना भएको छ।
- नेपालले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी पार्लेमो प्रोटोकलको पक्ष राष्ट्र भई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा अन्तर्राष्ट्रिय ऐक्यवद्धतासमेत प्रकट गरेको छ।
- विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासंगको समन्वयमा मानव बेचबिखन विरुद्धका सचेतनामूलक क्रियाकलाप तथा खुल्ला सीमानाकामा निगरानीको कार्य निरन्तर रुपमा सञ्चालन भइरहेको छ।
- न्याय सम्पादनका क्रममा सहयोगी भएवापत कुनै किसिमको हानी, नोक्सानी, पीडा, धरपकड हुँदैन भन्ने कुरामा पीडित तथा साक्षी सुनिश्चित भएको अवस्थामा मात्र अपराधसँग सम्बन्धित जाहेरी वा सूचना प्राप्त हुन आउने भएकाले पीडित र साक्षी संरक्षण सम्बन्धी कानूनलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने सिलसिलामा उद्धारका क्रममा पीडितको संरक्षण, अनुसन्धानका क्रममा साक्षीको संरक्षण, अदालती कारबाही वा सुनुवाईको क्रममा पीडितको संरक्षण र फैसला कार्यान्वयन र सो पश्चात पीडित तथा साक्षीको संरक्षणलाई प्राथमिकतामा राखी कार्य सञ्चालन गर्ने गरेको छ।
- मानव बेचबिखन तथा ओसारपसार पीडितबाट सहज रुपमा उजुरी प्राप्त गर्नको लागि पीडित केन्द्रित प्रहरी कार्यालयको व्यवस्थापन गरी सूचना प्रणालीलाई प्रविधि मैत्री बनाई २४ सै घण्टा सञ्चालनमा रहने गरी ११७७ नम्बरको निशुल्क हटलाईन नम्बर सञ्चालनमा ल्याइएको छ।
- मानव बेचबिखन जोखिम क्षेत्र पहिचान गरी बिभिन्न नाकाहरूमा निगरानी गर्न, सोधपुक्ष गर्न, शंकास्पद व्यक्तिलाई नियन्त्रण गर्न स्थानीय प्रहरी, सम्बन्धित संघसंस्था तथा अन्य सुरक्षा निकायसँग समन्वय गर्ने गरिएको।
- मानव बेचबिखन तथा ओसारपसार अपराधको जोखिममा रहेका वर्गलाई लक्षित गरी विभिन्न संघसंस्थासँगको सहकार्यमा सचेतनामूलक Digital Display Board ब्यूरो कार्यालय बबरमहल, कंलकी, काकंडभिट्टा र महेन्द्रनगरमा जडान भई सूचना संप्रेषण भइरहेको तथा नेपाल भारतका अन्य सिमानाकामा समेत जडान गर्ने कार्य भइरहेको छ।

- मानव बेचबिखन तथा ओसारपसार जस्तो अमानवीय/ अपराधीक घटनाको अन्त्य गर्न सङ्घीय सरकारको नीतिगत स्पष्टता, सचेत नागरिक, नागरिक समाज, क्रियाशील संघ-संस्था, प्रदेश र स्थानीय सरकारको समन्वय र सहकार्य अपरिहार्य रहेको छ।

### ३.३.४ मानव बेचबिखन तथा ओसारपसारविरुद्ध दर्ता मुद्धा

मानव बेचबिखन तथा ओसारपसारविरुद्ध प्रस्तुत १० वर्षको अवधिमा दर्ता भएका मुद्दाहरूको सङ्ख्या विश्लेषण गर्दा आ.व.२०६८/६९ देखि २०७८/७९ सम्म (२०४६ वटा मुद्धाहरू) दर्ता भएका छन् भने सबैभन्दा कम आ.व.२०६८/६९ मा ११८ र आ.व.२०७८/०७९ मा १४५ वटा मुद्दा दर्ता भएको देखिन्छ।यी मुद्धाहरुमा २०० महिला र ११ पुरुष पीडित थिए भने २१५ जना पुरुष र ७६ जना महिला अभियुक्त रहेका थिए। आ.व.२०६८/६९ देखि २०७८/७९ सम्म मानव बेचबिखन तथा ओसारपसारविरुद्ध नेपाल प्रहरीमा दर्ता भएका उजुरी मुद्दामा पीडित/प्रभावित व्यक्तिहरूको विवरण निम्नानुसार प्रस्तुत गरिएको छः

**तालिका नं २३: मानव बेचबिखन तथा ओसारपसारविरुद्ध दर्ता मुद्दा र पीडित/प्रभावितहरूको सङ्ख्या**

| आ.व. | दर्ता मुद्दा | कूल पीडित | पीडित महिला | पीडित बालिका | पीडित बालक | पीडित पुरुष | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ०६८/६९ | ११८ | १४३ | ६७ | ६३ | ४ | ९ | |
| ०६९/७० | १४४ | १६१ | ६१ | ९७ | ३ | ० | |
| ०७०/७१ | १८५ | २९६ | १६० | १३६ | ० | ० | |
| ०७१/७२ | १८१ | २८० | १३१ | ११२ | ३५ | २ | |
| ०७२/७३ | २१२ | ३५२ | २४१ | १०९ | ० | २ | |
| ०७३/७४ | २२७ | ३११ | ३०८ | ० | ० | ३ | |
| ०७४/७५ | ३०५ | ३०५ | २९७ | १३० | ५० | ६९ | |
| ०७५/७६ | २५८ | २५८ | १७७ | १३९ | ११ | ६० | |
| ०७६/७७ | १३६ | १३६ | ११७ | ७१ | ४ | ११ | नखुलेको २ जना |
| ०७७/७८ | १३४ | १८७ | १८३ | ७९ | १ | ४ | |
| ०७८/७९ | १४६ | २११ | **२००** | | | **११** | |
| जम्मा | २०४६ | २४२९ | १९४२ | ९३६ | १०८ | १७१ | ० |

*स्रोतः नेपाल प्रहरी, मानव बेचबिखन अनुसन्धान ब्यूरो, बबरमहल*

### ३.३.५ मानव बेचबिखन तथा ओसारपसारविरुद्ध प्रदेशगत मुद्दाको दर्ता विवरण

मानव बेचबिखन सम्बन्धी दर्ता भएका मुद्धाको आधारमा विश्लेषण गर्दा कोशी प्रदेश का ५ वटा जिल्लाको १९ वटा मुद्धा दर्ता भएको थियो। मधेश प्रदेशका ४ जिल्लामा १० वटा, बाग्मती प्रदेशका ५ जिल्लामा ६ वटा, गण्डकी प्रदेशका ४ जिल्लामा १२ वटा, लुम्बिनी प्रदेशका ७ जिल्लामा ४०, कर्णाली प्रदेशका २ जिल्लामा ३ वटा, सुदुरपश्चिम प्रदेशका ३ जिल्लामा ९, काठमाण्डौं उपत्यकाका काठमाण्डौं र भक्तपुर जिल्लाम २० र मानव बेचबिखन तथा अनुसन्धान ब्यूरोमा दर्ता भएका २६ गरी जम्मा १४५ मुद्धा दर्ता भएका थिए।यस सम्बन्धी विस्तृत विवरण प्रदेशगत एवं जिल्लागत रुपमा तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं २४: आ.व. २०७८/०७९ को मानव बेचबिखन मुद्दाको जिल्लागत विवरण**

| प्रदेश | क्र.सं. | जिल्ला | मुद्धा सङ्ख्या |
|---|---|---|---|
| कोशी प्रदेश | १ | झापा | ६ |
| | २ | इलाम | १ |
| | ३ | ताप्लेजुङ | २ |
| | ४ | मोरङ | ३ |
| | ५ | सुनसरी | ७ |
| **जम्मा** | ५ | | १९ |
| मधेश प्रदेश | १ | पर्सा | ६ |
| | २ | रौतहट | १ |
| | ३ | सर्लाही | १ |
| | ४ | सिरहा | २ |
| **जम्मा** | ४ | | १० |
| बाग्मती प्रदेश | १ | चितवन | २ |
| | २ | मकवानपुर | १ |
| | ३ | धादिङ | १ |
| | ४ | काभ्रे | १ |
| | ५ | सिन्धुली | १ |
| **जम्मा** | | | ६ |
| गण्डकी प्रदेश | १ | नवलपरासी पूर्व | २ |
| | २ | लमजुङ | १ |
| | ३ | पर्वत | १ |
| | ४ | कास्की | ८ |
| **जम्मा** | | | १२ |
| लुम्बिनी प्रदेश | १ | रुपन्देही | ६ |
| | २ | कपिलवस्तु | ५ |
| | ३ | अर्घाखाँची | २ |
| | ४ | गुल्मी | १ |
| | ५ | दाङ | ३ |
| | ६ | बाँके | १८ |
| | ७ | बर्दिया | ५ |
| **जम्मा** | | | ४० |
| कर्णाली प्रदेश | १ | दैलेख | १ |
| | २ | सुर्खेत | २ |

| प्रदेश | क्र.सं. | जिल्ला | मुद्धा सङ्ख्या |
|---|---|---|---|
| **जम्मा** | | | ३ |
| **सुदुरपश्चिम प्रदेश** | १ | बाजुरा | १ |
| | २ | कैलाली | ७ |
| | ३ | कञ्चनपुर | १ |
| **जम्मा** | | | ९ |
| **उपत्यका** | १ | काठमाडौं | १३ |
| | २ | भक्तपुर | ७ |
| **जम्मा** | | | २० |
| मानव बेचवबखन तथा अनुसन्धान ब्यूरो | | काठमांडौ | २६ |
| | कुल जम्मा | | १४५ |

*स्रोतः नेपाल प्रहरी, मानव बेचबिखन अनुसन्धान ब्यूरो, बबरमहल*

### ३.३.6 मानव बेचबिखन तथा ओसारपसार प्रयोजनका आधार

मानव बेचबिखन तथा ओसारपसारका कार्यहरू विभिन्न प्रयोजनकालागि भएको देखिन्छ। नेपाल प्रहरी, मानव बेचबिखन अनुसन्धान ब्यूरो, बबरमहलले आ.व.२०७८/७९ मा घटेको मानव बेचबिखन तथा ओसारपसार घटनाका प्रयोजन/कारणहरूलाई वेश्यावृत्ती, श्रमशोषण/वैदेशिक रोजगार, विदेश पठाउने बाहनामा मानव अङ्ग झिक्ने, वैवाहिक प्रयोजन, यौनशोषण/जबरजस्ती करणी, PR दिलाउने र बेचबिखन समेत ९ समूहमा विभाजन गरी विश्लेषण गरेको छ। प्रयोजनका आधारमा यसलाई प्रदेशगत रुपमा प्रस्तुत गर्दा तलको तालिका अनुसारको स्थिति देखिन्छ।

मानव बेचबिखन तथा ओसारपसार ब्यूरोमा दर्ता भएका मुद्धाको विश्लेषण गर्दा सबैभन्दा बढी वेश्यावृत्तिमा ३६ महिला र १८ बालिका गरी ५४ पीडित भएको देखिन्छ। श्रमशोषण/वैदेशिक रोजगारमा पीडित महिला ४ , २ पुरूष र ४ बालिका गरी १० जना पीडित भएको अवस्था छ।विदेश पठाउने बाहनाबाट पीडित हुनेमा १० महिला,१ पुरुष र ५ बालिका गरी १६ जना पीडित भएको अवस्था छ। मानव अङ्ग निकाली पीडित हुनेमा ३ जना पुरुष रहेका छन्। वैवाहिक सम्बन्धमा जोडिने बाहनाबाट पीडित हुनेमा ११ महिला र १४ बालिका गरी जम्मा २५ जना रहेका छन्। यौनशोषण/जबरजस्ती करणीबाट २१ महिला, १४ बालिका गरी ३५ जना रहेका छन्। PR दिलाउने प्रलोभनबाट पीडित हुनेमा ८ महिला, १ पुरुष, १ बालक र ६ बालिका गरी १६ जना पीडित भएका देखिन्छ। बेचबिखन गर्ने कार्यबाट २९ महिला,३ पुरुष, २० बालिका गरी जम्मा ५२ जना पीडित भएका थिए।सबै घटनामा गरी जम्मा २११ जना पीडित भएका थिए।

## ३.३.७ मानव बेचबिखन तथा ओसारपसारको प्रयोजनको आधारमा पीडितको सङ्ख्या

| प्रदेश | पीडितहरुको विवरण | बेश्यावृत्ती | श्रमशोषण / वैदेशिक रोजगार | विदेश पठाउने बाहना | अङ्ग झिक्ने | वैवाहिक प्रयोजन | यौनशोषण/ जबरजस्ती करणी | PR दिलाउने भनी | बेचबिखन | जम्मा | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कोशी | **महिला** | ६ | ० | ६ | ० | ४ | ३ | ० | ० | १९ | **३३** |
| | **पुरुष** | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | **बालक** | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | **बालिका** | ८ | ० | ० | ० | ४ | २ | ० | ० | १४ | |
| मधेश | **महिला** | १ | २ | ० | ० | ० | १ | १ | ७ | १२ | **१८** |
| | **पुरुष** | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | **बालक** | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | **बालिका** | ० | २ | १ | ० | ० | ० | ० | ३ | ६ | |
| बागमती | **महिला** | ० | ० | ० | ० | ० | २ | ० | १ | ३ | **७** |
| | **पुरुष** | ० | ० | ० | १ | ० | ० | ० | ० | १ | |
| | **बालक** | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | **बालिका** | १ | १ | ० | ० | ० | १ | ० | ० | ३ | |
| गण्डकी | **महिला** | ० | ० | ० | ० | ० | ११ | ० | ० | ११ | **१६** |
| | **पुरुष** | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | **बालक** | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | **बालिका** | ० | ० | ० | ० | ० | ३ | १ | १ | ५ | |
| लुम्बीनी | **महिला** | ६ | ० | २ | ० | ३ | १ | ४ | १५ | ३१ | **५१** |
| | **पुरुष** | ० | ० | १ | ० | ० | ० | ० | ० | १ | |
| | **बालक** | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | **बालिका** | ० | ० | १ | ० | ६ | २ | ३ | ७ | १९ | |
| कर्णाली | **महिला** | १ | ० | ० | ० | ० | ० | ० | १ | २ | **४** |
| | **पुरुष** | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | **बालक** | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | **बालिका** | ० | ० | ० | ० | ० | ० | ० | २ | २ | |
| सुदुरपश्चिम | **महिला** | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | **९** |
| | **पुरुष** | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | **बालक** | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | **बालिका** | २ | ० | ० | ० | ३ | १ | ० | २ | ८ | |
| उपत्यका | **महिला** | १६ | ० | ० | ० | ४ | २ | १ | ० | २३ | **३९** |
| | **पुरुष** | ० | ० | ० | ० | ० | ० | ० | २ | २ | |
| | **बालक** | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | **बालिका** | ५ | ० | ३ | ० | १ | ३ | १ | १ | १४ | |

| प्रदेश | पीडितहरुको विवरण | बेश्यावृत्ती | श्रमशोषण / वैदेशिक रोजगार | विदेश पठाउने बाहना | अङ्ग झिक्ने | वैवाहिक प्रयोजन | यौनशोषण/ जबरजस्ती करणी | PR दिलाउने भनी | बेचबिखन | जम्मा | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ब्यूरो | **महिला** | ५ | २ | २ | ० | ० | १ | २ | ५ | १७ | **३४** |
| | **पुरुष** | ० | २ | ० | २ | ० | ० | १ | १ | ६ | |
| | **बालक** | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | |
| | **बालिका** | २ | १ | ० | ० | ० | २ | १ | ४ | १० | |
| जम्मा | **महिला** | ३६ | ४ | १० | ० | ११ | २१ | ८ | २९ | ११९ | **२११** |
| | **पुरुष** | ० | २ | १ | ३ | ० | ० | १ | ३ | १० | |
| | **बालक** | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | |
| | **बालिका** | १८ | ४ | ५ | ० | १४ | १४ | ६ | २० | ८१ | |
| कुल जम्मा | | **५४** | **१०** | **१६** | **३** | **२५** | **३५** | **१६** | **५२** | **२११** | |

*स्रोतः मानव बेचबिखन तथा अनुसन्धान ब्यूरो बबरमहल काठमाण्डौं*

### ३.३.८ मुद्धाहरूको तुलनात्मक अध्ययन

मानव बेचबिखन तथा अनुसन्धान ब्यूरोको आ.व.२०७५/७६ देखि २०७८/७९ सम्मको मुद्धा सङ्ख्या, पीडित तथा अभियुक्तको सङख्या, पक्राउ तथा फरारहरूको विवरण विश्लेषण गर्दा आ.व.२०७५/७६ देखि २०७७/७८ सम्म मुद्धाको सङ्ख्या घट्दै गएको थियो। आ.व.२०७७/०७८ भन्दा आ.व.२०७८/७९मा मुद्धाको सङ्ख्या ११ ले बढेको छ। अभियुक्त र फरार हुनेको संख्या पनि क्रमश घट्दै गएको अवस्था छ। यस सम्बन्धी विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं २५: मुद्धाहरूको तुलनात्मक विवरण**

| आ.व. | मुद्धा सङ्ख्या | पिडित | | अभियुक्त | | पक्राउ | | फरार | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| ०७५/०७६ | २५८ | ७१ | ३१६ | ४०७ | ११७ | २४९ | ८४ | १५७ | ३४ |
| ०७६/०७७ | १३६ | १४ | १९० | २३३ | १०७ | १२७ | ७१ | १०६ | ३६ |
| ०७७/०७८ | १३४ | ४ | १८३ | २०२ | ९५ | १११ | ५१ | ९१ | ४४ |
| ०७८/०७९ | १४५ | ११ | २०० | २१५ | ७६ | १३५ | ४५ | ८० | ३१ |
| जम्मा | **६७३** | **१००** | **८८९** | **१०५७** | **३९५** | **६२२** | **२५१** | **४३४** | **१४५** |
| | | **९८९** | | **१४५२** | | **८८१** | | **५७९** | |

*स्रोतः मानव बेचबिखन तथा अनुसन्धान ब्यूरो बबरमहल काठमाण्डौं*

### ३.३.९ मानव बेचबिखन तथा ओसारपसारको तरिका

नेपाल प्रहरी, मानव बेचबिखन अनुसन्धान ब्यूरो, बबरमहलबाट प्राप्त आ.व. २०७८/७९ को प्रदेश तथा जिल्लागत आधारमा रहेको मानव बेचबिखनसम्बन्धी दर्ता मुद्दाको विस्तृत विवरणमा सात प्रदेशहरूमध्ये सबैभन्दा कम ४ वटा मुद्दा कर्णाली प्रदेशमा र सबैभन्दा बढी उपत्यका र ब्यूरो समेत गरी ८० वटा मुद्धा दर्ता भएको छ। गण्डकी प्रदेशमा १६, मधेश प्रदेशमा १८, कोशी प्रदेश मा ३३, सुदूरपश्चिम प्रदेशमा ९ र लुम्बिनी प्रदेशमा ५१ रहेका छन्। अभियुक्तले ती पीडितहरूलाई औषधिको

प्रयोग, लोभ लालच/ललाईफकाई, नक्कली विवाह, जागिरको बाहनामा, आफन्त भेटाउने बाहनामा, विदेश जाने बाहनामा तथा धाकधम्की दिएर बेचबिखनमा पारेको अवस्था छ। आ.व.२०७८/७९ मा दर्ता भएका मानव बेचबिखनविरुद्धका जम्मा २११ मुद्दाहरूको सङ्ख्यात्मक विवरण तल प्रस्तुत गरिएको छ।

**तालिका नं २६: मानव बेचबिखन तथा ओसारपसारको तरिका**

| प्रदेश | पीडितको विवरण | औषधिको प्रयोग | लोभ लालच/ ललाई फकाई | नक्कली विवाह | जागिरको बाहनामा | आफन्त भेटाउने बाहना | विदेश जाने बाहना | धाक धम्की | जम्मा | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कोशी प्रदेश | महिला | ० | १० | २ | १ | ० | ० | ६ | १९ | ३३ |
| | पुरुष | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | बालक | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | बालिका | ० | १२ | २ | ० | ० | ० | ० | १४ | |
| मधेश प्रदेश | महिला | ० | ११ | ० | १ | ० | ० | ० | १२ | १८ |
| | पुरुष | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | बालक | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | बालिका | ० | ५ | ० | १ | ० | ० | ० | ६ | |
| बाग्मती प्रदेश | महिला | ० | ३ | ० | ० | ० | ० | ० | ३ | ७ |
| | पुरुष | ० | ० | ० | १ | ० | ० | ० | १ | |
| | बालक | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | बालिका | ० | ३ | ० | ० | ० | ० | ० | ३ | |
| गण्डकी प्रदेश | महिला | ० | ११ | ० | ० | ० | ० | ० | ११ | १६ |
| | पुरुष | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | बालक | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | बालिका | ० | ५ | ० | ० | ० | ० | ० | ५ | |
| लुम्बिनी प्रदेश | महिला | ० | २५ | २ | २ | ० | २ | ० | ३१ | ५१ |
| | पुरुष | ० | १ | ० | ० | ० | ० | ० | १ | |
| | बालक | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | बालिका | ० | १५ | २ | ० | ० | ० | २ | १९ | |
| कर्णाली प्रदेश | महिला | ० | १ | १ | ० | ० | ० | ० | २ | ४ |
| | पुरुष | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | बालक | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | बालिका | ० | ० | ० | ० | ० | ० | २ | २ | |
| सुदुरपश्चिम प्रदेश | महिला | ० | ० | १ | ० | ० | ० | ० | १ | ९ |
| | पुरुष | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | बालक | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | बालिका | ० | ६ | २ | ० | ० | ० | ० | ८ | |

| प्रदेश | पीडितको विवरण | औषधिको प्रयोग | लोभ लालच/ ललाई फकाई | नक्कली विवाह | जागिरको बाहनामा | आफन्त भेटाउने बाहना | विदेश जाने बाहना | धाक धम्की | जम्मा | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| उपत्यका | महिला | ० | १८ | ० | ० | ० | ० | ५ | २३ | ३९ |
| | पुरुष | ० | २ | ० | ० | ० | ० | ० | २ | |
| | बालक | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | बालिका | १ | ९ | १ | ३ | ० | ० | ० | १४ | |
| ब्यूरो | महिला | १ | १२ | ० | १ | ० | २ | १ | १७ | ३४ |
| | पुरुष | ० | ६ | ० | ० | ० | ० | ० | ६ | |
| | बालक | ० | १ | ० | ० | ० | ० | ० | १ | |
| | बालिका | १ | ६ | ० | ० | ० | २ | १ | १० | |
| जम्मा | महिला | १ | ९१ | ६ | ५ | ० | ४ | १२ | ११९ | २११ |
| | पुरुष | ० | ९ | ० | १ | ० | ० | ० | १० | |
| | बालक | ० | १ | ० | ० | ० | ० | ० | १ | |
| | बालिका | २ | ६१ | ७ | ४ | ० | २ | ५ | ८१ | |

*स्रोतः मानव बेचबिखन तथा अनुसन्धान ब्यूरो बबरमहल काठमाण्डौं*

### ३.३.१० मानव बेचबिखन तथा ओसारपसारको गन्तव्य

मानव बेचबिखनको आन्तरिक तथा बाह्य बजारको तथ्याङ्क विश्लेषण गर्दा सिमापार र बाह्य बेचबिखन क्रमश घट्दो क्रममा देखिन्छ । आन्तरिक बेचबिखनको सङ्ख्या सबैभन्दा बढी र सिमापार गरिने बेचबिखन दोस्रो स्थानमा रहेको छ । महिला, पुरुष, बालक र बालिका गरी ४ समूहमा विभाजन गरी विश्लेषण गर्दा सबैभन्दा बढी महिला र त्यसपछि बालिका बेचबिखनमा परेको देखिन्छ।आ.व.२०७८/७९ मा नेपालमा मानव बेचबिखनको आन्तरिक तथा बाह्य दुबै बजार सक्रिय रहेको देखिएको छ।यस सम्बन्धी विस्तृत विवरण तलको तालिकामा प्रदेशगत रुपमा प्रस्तुत गरिएको छ ।

**तालिका नं २७: मानव बेचबिखनको प्रकार सम्बन्धी विवरण**

| प्रदेश | पीडितको विवरण | आन्तरिक | सिमापार | तेस्रो मुलुक | जम्मा | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| कोशी प्रदेश | महिला | १७ | २ | ० | १९ | ३३ |
| | पुरुष | ० | ० | ० | ० | |
| | बालक | ० | ० | ० | ० | |
| | बालिका | ११ | ३ | ० | १४ | |
| मधेश प्रदेश | महिला | ६ | ६ | ० | १२ | १८ |
| | पुरुष | ० | ० | ० | ० | |
| | बालक | ० | ० | ० | ० | |
| | बालिका | ४ | २ | ० | ६ | |

| प्रदेश | पीडितको विवरण | आन्तरिक | सिमापार | तेस्रो मुलुक | जम्मा | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| बाग्मती प्रदेश | महिला | २ | १ | ० | ३ | ७ |
| | पुरुष | ० | १ | ० | १ | |
| | बालक | ० | ० | ० | ० | |
| | बालिका | २ | १ | ० | ३ | |
| गण्डकी प्रदेश | महिला | ११ | ० | ० | ११ | १६ |
| | पुरुष | ० | ० | ० | ० | |
| | बालक | ० | ० | ० | ० | |
| | बालिका | ५ | ० | ० | ५ | |
| लुम्बिनी प्रदेश | महिला | २५ | ६ | ० | ३१ | ५१ |
| | पुरुष | ० | १ | ० | १ | |
| | बालक | ० | ० | ० | ० | |
| | बालिका | ९ | १० | ० | १९ | |
| कर्णाली प्रदेश | महिला | १ | १ | ० | २ | ४ |
| | पुरुष | ० | ० | ० | ० | |
| | बालक | ० | ० | ० | ० | |
| | बालिका | २ | ० | ० | २ | |
| सुदुरपश्चिम प्रदेश | महिला | १ | ० | ० | १ | ९ |
| | पुरुष | ० | ० | ० | ० | |
| | बालक | ० | ० | ० | ० | |
| | बालिका | ६ | २ | ० | ८ | |
| उपत्यका | महिला | २३ | ० | ० | २३ | ३९ |
| | पुरुष | २ | ० | ० | २ | |
| | बालक | ० | ० | ० | ० | |
| | बालिका | ११ | ३ | ० | १४ | |
| ब्यूरो | महिला | १ | ६ | १० | १७ | ३४ |
| | पुरुष | ३ | २ | १ | ६ | |
| | बालक | १ | ० | ० | १ | |
| | बालिका | ४ | २ | ४ | १० | |
| जम्मा | महिला | ८७ | २२ | १० | ११९ | २११ |
| | पुरुष | ५ | ४ | १ | १० | |
| | बालक | १ | ० | ० | १ | |
| | बालिका | ५४ | २३ | ४ | ८१ | |
| कुल जम्मा | | १४७ | ४९ | १५ | २११ | |

*स्रोतः मानव बेचबिखन तथा अनुसन्धान ब्यूरो बबरमहल काठमाण्डौं*

### ३.३.११ मानव बेचबिखन तथा ओसारपसार मुद्दामा अन्य मुलुकमा बेचबिखन गरेको विवरण

मानव बेचबिखनका लागि आन्तरिक तथा बाह्य बजारमा गरिएको मानव बेचबिखन तथा ओसारपसारमा परी ब्यूरोमा निवदेन दर्ता गरिएको मुद्धाको आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी आन्तरिक बजारमा ९० जना र बाह्य बजारमध्ये भारतमा सबैभन्दा बढी रहेको तथ्याङ्कले देखाएको छ। प्रदेशगत रुपमा विश्लेषण गर्दा लुम्बिनी प्रदेशमा सबैभन्दा बढी देखिन्छ।यस सम्बन्धी विस्तृत विवरण तलको तालिकमा प्रस्तुत गरिएको छ।

**तालिका नं २८: बेचबिखन गर्न लगिएको देश अनुसार पीडितको विवरण**

| प्रदेश | लिङ्ग | बेचबिखन गर्न लगिएको देश | | | | | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अन्य राष्ट्र लैजाँदै गर्दा | भारत | अमेरिका | इराक | कुवेत | औमन | दुबई | आन्तरिक | जम्मा | |
| कोशी | महिला | ६ | १० | ० | ० | ० | ० | ० | ३ | १९ | ३३ |
| | पुरूष | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | बालक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | बालिका | ० | ६ | ० | ० | ० | ० | ० | ८ | १४ | |
| मधेश | महिला | १ | ९ | ० | ० | ० | ० | ० | २ | १२ | १८ |
| | पुरूष | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | बालक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | बालिका | १ | ५ | ० | ० | ० | ० | ० | ० | ६ | |
| बाग्मती | महिला | ० | १ | ० | ० | ० | ० | ० | २ | ३ | ७ |
| | पुरूष | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | |
| | बालक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | बालिका | ० | २ | ० | ० | ० | ० | ० | १ | ३ | |
| गण्डकी | महिला | ० | ० | ० | ० | ० | ० | ० | ११ | ११ | १६ |
| | पुरूष | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | बालक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | बालिका | ० | १ | ० | ० | ० | ० | ० | ४ | ५ | |
| लुम्बिनी | महिला | ० | २१ | ० | ० | ० | ० | ० | १० | ३१ | ५१ |
| | पुरूष | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | |
| | बालक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | बालिका | ० | १६ | ० | ० | ० | ० | ० | ३ | १९ | |
| कर्णाली | महिला | ० | १ | ० | ० | ० | ० | ० | १ | २ | ४ |
| | पुरूष | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | बालक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | बालिका | ० | ० | ० | ० | ० | ० | ० | २ | २ | |

| प्रदेश | लिङ्ग | बेचबिखन गर्न लगिएको देश | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अन्य राष्ट्र लैजाँदै गर्दा | भारत | अमेरिका | इराक | कुवेत | औमन | दुबई | आन्तरिक | जम्मा | कुल जम्मा |
| सुदुरपश्चिम | महिला | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ९ |
| | पुरूष | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | बालक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | बालिका | ० | ८ | ० | ० | ० | ० | ० | ० | ८ | |
| उपत्यका | महिला | ० | ० | ० | ० | ० | ० | ० | २३ | २३ | ३९ |
| | पुरूष | ० | २ | ० | ० | ० | ० | ० | ० | २ | |
| | बालक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | बालिका | ० | ३ | ० | ० | ० | ० | ० | ११ | १४ | |
| ब्यूरो | महिला | १ | ५ | १ | १ | १ | २ | ५ | १ | १७ | ३४ |
| | पुरूष | ० | २ | १ | ० | ० | ० | ० | ३ | ६ | |
| | बालक | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | |
| | बालिका | ० | २ | ४ | ० | ० | ० | ० | ४ | १० | |
| जम्मा | महिला | ८ | ४८ | १ | १ | १ | २ | ५ | ५३ | ११९ | २११ |
| | पुरूष | १ | ५ | १ | ० | ० | ० | ० | ३ | १० | |
| | बालक | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | |
| | बालिका | १ | ४३ | ४ | ० | ० | ० | ० | ३३ | ८१ | |
| कुल जम्मा | | १० | ९६ | ६ | १ | १ | २ | ५ | ९० | २११ | |

*स्रोतः मानव बेचबिखन तथा अनुसन्धान ब्यूरो बबरमहल काठमाण्डौं*

### ३.१.१२ मानव बेचबिखन तथा ओसारपसारबाट पीडितहरूको जातिगत विवरण

मानव बेचबिखन तथा ओसारपसारबाट पीडित भएका व्यक्तिहरूको जातिगत सङ्ख्यामा सबैभन्दा बढी ९६ जना जनजाती र सबैभन्दा कम ठकुरी २ जना रहेको देखिन्छ।पीडित महिलाहरूको सङ्ख्या सबै जातिमा पुरुषको दाँजोमा बढी रहेको देखिन्छ।यसबाट मानव बेचबिखन तथा ओसारपसारको दृष्टिकोणबाट महिलाहरू उच्च जोखिममा रहेको देखिन्छ।

**तालिका नं २९: मानव बेचबिखन मुद्दाका पीडितहरूको जातिगत विवरण**

| जात जाति | पीडितको विवरण | प्रदेश | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कोशी | मधेश | बाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम | उपत्यका | ब्यूरो | जम्मा |
| ब्राह्मण | **पुरुष** | ० | ० | ० | ० | १ | ० | ० | ० | १ | **२** |
| | **महिला** | ३ | ० | ० | १ | २ | ० | ० | ० | १ | **७** |
| क्षेत्री | **पुरुष** | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | **१** |
| | **महिला** | ७ | ४ | ० | १ | ९ | १ | ५ | १२ | ९ | **४८** |
| जनजाति | **पुरुष** | ० | ० | ० | ० | ० | ० | ० | २ | ४ | **६** |
| | **महिला** | ११ | १० | ५ | ११ | १९ | १ | १ | २२ | १० | **९०** |

| जात जाति | पीडितको विवरण | प्रदेश | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कोशी | मधेश | बाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम | उपत्यका | ब्यूरो | जम्मा |
| दलित | पुरुष | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | महिला | ४ | १ | १ | ३ | १२ | २ | २ | ३ | ६ | ३४ |
| मधेशी | पुरुष | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | महिला | २ | ३ | ० | ० | ६ | ० | ० | ० | ० | ११ |
| ठकुरी | पुरुष | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | महिला | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | २ |
| विदेशी | पुरुष | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | २ |
| | महिला | ६ | ० | ० | ० | २ | ० | ० | ० | ० | ८ |
| जम्मा | पुरुष | ० | ० | १ | ० | १ | ० | ० | २ | ७ | ११ |
| | महिला | ३३ | १८ | ६ | १६ | ५० | ४ | ९ | ३७ | २७ | २०० |
| कुल जम्मा | | ३३ | १८ | ७ | १६ | ५१ | ४ | ९ | ३९ | ३४ | २११ |
| मुद्दा सङ्ख्या. | | १९ | १० | ६ | १२ | ४० | ३ | ९ | २० | २६ | १४५ |

*स्रोतः मानव बेचबिखन तथा अनुसन्धान ब्यूरो बबरमहल काठमाण्डौं*

### ३.३.१३ उमेर समूहको आधारमा बेचबिखनबाट पीडित/प्रभावितको विवरण

मानव बेचबिखन तथा ओसारपसारको घटनाबाट पीडित/प्रभावित व्यक्तिहरूको विवरण उमेर समूहको आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी १९ देखि २५ वर्ष उमेर समूहका महिलाको संख्या रहेको देखिन्छ।सबैभन्दा कम पीडितहरू १० वर्षभन्दा कमका रहेका छन् । प्रदेशको आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी लुम्बिनी प्रदेशका रहेका छन्।सबैभन्दा कम कर्णाली प्रदेशमा रहेका छन् । प्रस्तुत तथ्याङ्कले मानव बेचबिखनमा पर्ने १० वर्ष भन्दा मुनिका देखि ४५ वर्षसम्मका रहेको देखिएबाट मानव बेचबिखनको जोखिममा जुनसुकै उमेर समूहका पनि पर्न सक्ने देखिन्छ।पीडितहरूको उमेर समूहको आधारमा गरिएको विश्लेषण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं ३०: उमेरको आधारमा पीडितको विवरण**

| उमेर समूह | पीडितको विवरण | प्रदेश | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कोशी | मधेश | बाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम | उपत्यका | ब्यूरो | जम्मा |
| १० वर्ष मुनि | बालक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | बालिका | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |
| ११-१६ | बालक | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |
| | बालिका | १० | ४ | २ | ३ | १३ | २ | ५ | ६ | ७ | ५२ |
| १७-१८ | बालक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | बालिका | ४ | २ | २ | ३ | ५ | ० | ३ | ८ | २ | २९ |
| १९-२५ | पुरुष | ० | ० | ० | ० | ० | ० | ० | १ | ३ | ४ |
| | महिला | ८ | १२ | २ | ५ | १७ | १ | १ | २१ | ५ | ७२ |

| उमेर समूह | पीडितको विवरण | प्रदेश | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कोशी | मधेश | बाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम | उपत्यका | ब्यूरो | जम्मा |
| २६-३५ | पुरुष | ० | ० | १ | ० | १ | ० | ० | १ | २ | **५** |
| | महिला | ५ | ० | ० | ३ | ५ | १ | ० | २ | ९ | **२५** |
| ३६-४५ | पुरुष | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | **१** |
| | महिला | २ | ० | ० | ० | ४ | ० | ० | ० | ३ | **९** |
| नखुलेको | पुरुष | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | **०** |
| | महिला | ४ | ० | ० | २ | ६ | ० | ० | ० | ० | **१२** |
| जम्मा | पुरुष | **०** | **०** | **१** | **०** | **१** | **०** | **०** | **२** | **७** | **११** |
| | महिला | **३३** | **१८** | **६** | **१६** | **५०** | **४** | **९** | **३७** | **२७** | **२००** |
| कुल जम्मा | | **३३** | **१८** | **७** | **१६** | **५१** | **४** | **९** | **३९** | **३४** | **२११** |
| मुद्दा सङ्ख्या | | १९ | १० | ६ | १२ | ४० | ३ | ९ | २० | २६ | **१४५** |

*स्रोतः मानव बेचबिखन तथा अनुसन्धान ब्यूरो बबरमहल काठमाण्डौं*

### ३.३.१४ उमेर समूहको आधारमा बेचबिखनमा संलग्न अभियुक्तको विवरण

मानव बेचबिखन तथा ओसारपसारमा संलग्न अभियुक्तहरूको सङ्ख्यालाई उमेर समुहका आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी २६ देखि ३५ वर्ष उमेर समूहका पुरुषहरू रहेको देखिन्छ।सबैभन्दा कम १८ वर्ष भन्दा कम उमेर समूहका रहेका छन्। प्रस्तुत तथ्याङ्कले मानव बेचबिखनमा संलग्न अभियुक्तमा महिलाभन्दा पुरुषको संलग्नता बढी भएको देखिन्छ। २९१ अभियुक्त मध्ये ७६ जना (२६.११) महिला देखिएकाले महिलाको बेचबिखनमा महिलाको भूमिका पनि बढी नै हुने गरेको देखिन्छ। यस सम्बन्धी विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं ३१: उमेर समूहको आधारमा अभियुक्त सम्बन्धी विवरण**

| उमेर समूह | अभियुक्तको विवरण | प्रदेश | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कोशी | मधेश | बाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम | उपत्यका | ब्यूरो | जम्मा |
| १० वर्ष मुनि | बालक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | **०** |
| | बालिका | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | **०** |
| ११-१६ | बालक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | **०** |
| | बालिका | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | **१** |
| १७-१८ | बालक | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | **१** |
| | बालिका | १ | ० | ० | ० | ० | १ | ० | ० | ० | **२** |
| १९-२५ | पुरुष | ४ | ४ | ३ | ४ | ९ | ० | ८ | ५ | ४ | **४१** |
| | महिला | ४ | १ | ० | १ | २ | ० | ० | २ | १ | **११** |
| २६-३५ | पुरुष | ८ | ३ | ३ | ६ | ११ | १ | २ | १२ | १८ | **६४** |
| | महिला | ६ | २ | १ | १ | ३ | ४ | ० | १ | ९ | **२७** |
| ३६-४५ | पुरुष | २ | ३ | १ | ३ | ६ | ० | ० | ९ | १४ | **३८** |
| | महिला | २ | २ | १ | १ | २ | ० | १ | २ | ४ | **१५** |

| उमेर समूह | अभियुक्तको विवरण | प्रदेश | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कोशी | मधेश | बाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम | उपत्यका | ब्यूरो | जम्मा |
| ४६ देखि माथि | पुरुष | ४ | २ | ० | ३ | ५ | ० | १ | १ | १० | **२६** |
| | महिला | १ | ० | ० | ० | १ | ० | ० | ० | ३ | **५** |
| नखुलेको | पुरुष | ७ | १ | ३ | २ | २१ | ० | ० | ३ | ८ | **४५** |
| | महिला | ० | ३ | ० | ० | ६ | ० | ० | ४ | २ | **१५** |
| जम्मा | पुरुष | **२५** | **१३** | **१०** | **१८** | **५३** | **१** | **११** | **३०** | **५४** | **२१५** |
| | महिला | **१४** | **८** | **२** | **३** | **१५** | **५** | **१** | **९** | **१९** | **७६** |
| **कुल जम्मा** | | **३९** | **२१** | **१२** | **२१** | **६८** | **६** | **१२** | **३९** | **७३** | **२९१** |
| **मुद्धा सङ्ख्या** | | १९ | १० | ६ | १२ | ४० | ३ | ९ | २० | २६ | **१४५** |

*स्रोतः मानव बेचबिखन तथा अनुसन्धान ब्यूरो बबरमहल काठमाण्डौं*

### ३.३.१५ जातिको आधारमा संलग्न अभियुक्तको विवरण

मानव बेचबिखनको मुद्धामा सबै जातिका अभियुक्त रहेको तथ्याङ्कले देखाउँछ।मानव बेचबिखनमा सबैभन्दा बढी अभियुक्त जनजातिका र सबैभन्दा कम ठकुरी जातका रहेका छन्। यस कार्यमा विदेशीक पुरुषको सङ्ख्या १३ हुनुले मानव बेचबिखन अपराध अन्तरराष्ट्रियस्तरमा पुगेको प्रष्ट हुन्छ। प्रदेशगत रुपमा विश्लेषण गर्दा सबैभन्दा बढी अभियुक्त लुम्बिनी प्रदेशमा र सबैभन्दा कम कर्णाली प्रदेशमा रहेका छन्। यस सम्बन्धी थप विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं ३२: अभियुक्तको जातिगत विवरण**

| जात जाति | अभियुक्तको लिङ्ग | प्रदेश | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कोशी | मधेश | बाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम | उपत्यका | ब्यूरो | जम्मा |
| ब्राह्मण | पुरुष | ३ | ० | ० | ४ | ८ | ० | ० | ४ | २ | **२१** |
| | महिला | १ | ० | ० | १ | ० | ० | ० | २ | १ | **५** |
| क्षेत्री | पुरुष | १ | १ | १ | ३ | ५ | ० | ५ | ९ | १४ | **३९** |
| | महिला | ३ | २ | ० | १ | १ | १ | ० | ४ | २ | **१४** |
| जनजाति | पुरुष | ७ | १ | ३ | १० | १४ | ० | ० | १६ | १६ | **६७** |
| | महिला | ६ | २ | १ | १ | ६ | ० | ० | ३ | १३ | **३२** |
| दलित | पुरुष | २ | २ | २ | १ | ११ | १ | ६ | १ | ० | **२६** |
| | महिला | ० | ३ | १ | ० | ३ | ४ | १ | ० | २ | **१४** |
| मधेशी | पुरुष | ७ | ४ | ३ | ० | ७ | ० | ० | ० | १ | **२२** |
| | महिला | ४ | ० | ० | ० | १ | ० | ० | ० | ० | **५** |
| ठकुरी | पुरुष | ० | ० | १ | ० | २ | ० | ० | ० | २ | **५** |
| | महिला | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | **१** |
| विदेशी | पुरुष | २ | ३ | ० | ० | २ | ० | ० | ० | ६ | **१३** |
| | महिला | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | **०** |

| जात जाति | अभियुक्तको लिङ्ग | प्रदेश | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कोशी | मधेश | बाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम | उपत्यका | ब्यूरो | जम्मा |
| नखुलेको | पुरुष | ३ | २ | ० | ० | ४ | ० | ० | ० | १३ | **२२** |
| | महिला | ० | १ | ० | ० | ३ | ० | ० | ० | १ | **५** |
| जम्मा | पुरुष | **२५** | **१३** | **१०** | **१८** | **५३** | **१** | **११** | **३०** | **५४** | **२१५** |
| | महिला | **१४** | **८** | **२** | **३** | **१५** | **५** | **१** | **९** | **१९** | **७६** |
| कुल जम्मा | | **३९** | **२१** | **१२** | **२१** | **६८** | **६** | **१२** | **३९** | **७३** | **२९१** |
| मुद्दा सङ्ख्या | | १९ | १० | ६ | १२ | ४० | ३ | ९ | २० | २६ | **१४५** |

*स्रोतः मानव बेचबिखन तथा अनुसन्धान ब्यूरो बबरमहल काठमाण्डौं*

### ३.३.१६ धर्मको आधारमा पीडितको विवरण

मानव बेचबिखनको मुद्धामा सबै धर्मका पीडित रहेको तथ्याङ्कले देखाउँछ । मानव बेचबिखनमा सबैभन्दा बढी हिन्दु धर्मालम्बीहरू र सबैभन्दा कम इसाइ धर्मालम्बी पीडित रहेको तथ्याङ्कले देखाउँछ। प्रदेशगत रुपमा विश्लेषण गर्दा सबैभन्दा बढी पीडित लुम्बिनी प्रदेशमा र सबैभन्दा कम कर्णाली प्रदेशमा रहेका छन्। यस सम्बन्धी थप विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं ३३: धर्मको आधारमा पीडितको विवरण**

| पीडितको धर्म | पीडितको विवरण | प्रदेश | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कोशी | मधेश | बाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम | उपत्यका | ब्यूरो | जम्मा |
| हिन्दु | पुरुष | ० | ० | १ | ० | १ | ० | ० | २ | १ | **५** |
| | महिला | ३० | १८ | ५ | १५ | ४४ | ४ | ९ | २७ | १२ | **१६४** |
| बौद्ध | पुरुष | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | **३** |
| | महिला | ३ | ० | १ | १ | ० | ० | ० | ९ | ८ | **२२** |
| मुस्लिम | पुरुष | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | **३** |
| | महिला | ० | ० | ० | ० | ५ | ० | ० | ० | ५ | **१०** |
| इसाई | पुरुष | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | **०** |
| | महिला | ० | ० | ० | ० | १ | ० | ० | ० | १ | **२** |
| नखुलेको | पुरुष | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | **०** |
| | महिला | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | **२** |
| जम्मा | पुरुष | **०** | **०** | **१** | **०** | **१** | **०** | **०** | **२** | **७** | **११** |
| | महिला | **३३** | **१८** | **६** | **१६** | **५०** | **४** | **९** | **३७** | **२७** | **२००** |
| कुल जम्मा | | **३३** | **१८** | **७** | **१६** | **५१** | **४** | **९** | **३९** | **३४** | **२११** |
| मुद्दा सङ्ख्या | | १९ | १० | ६ | १२ | ४० | ३ | ९ | २० | २६ | **१४५** |

*स्रोतः मानव बेचबिखन तथा अनुसन्धान ब्यूरो बबरमहल काठमाण्डौं*

### ३.३.१७ धर्मको आधारमा अभियुक्तको विवरण

मानव बेचबिखनको मुद्धामा सबै धर्मका अभियुक्त रहेको तथ्याङ्कले देखाउँछ।मानव बेचबिखनमा सबैभन्दा बढी हिन्दु धर्मालम्बीहरू र सबैभन्दा कम किराँत धर्मालम्बी अभियुक्त रहेको तथ्याङ्कले देखाउँछ। प्रदेशगत रुपमा विश्लेषण गर्दा सबैभन्दा बढी अभियुक्त लुम्बिनी प्रदेशमा र सबैभन्दा कम कर्णाली प्रदेशमा रहेका छन्। यस सम्बन्धी थप विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं ३५: धर्मको आधारमा अभियुक्तको विवरण**

| अभियुक्तको धर्म | अभियुक्तको विवरण | प्रदेश | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कोशी | मधेश | बाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम | उपत्यका | ब्यूरो | जम्मा |
| हिन्दु | पुरुष | १७ | ९ | ४ | १८ | ४० | १ | ११ | २५ | ३० | १५५ |
| | महिला | १० | ६ | २ | ३ | १४ | ५ | १ | ८ | १० | ५९ |
| बौद्द | पुरुष | ० | ० | २ | ० | ० | ० | ० | ५ | ६ | १३ |
| | महिला | ० | ० | ० | ० | ० | ० | ० | १ | ४ | ५ |
| मुस्लिम | पुरुष | १ | २ | ० | ० | १० | ० | ० | ० | ९ | २२ |
| | महिला | ० | १ | ० | ० | १ | ० | ० | ० | १ | ३ |
| इसाई | पुरुष | ० | ० | ० | ० | ३ | ० | ० | ० | ० | ३ |
| | महिला | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| किरात | पुरुष | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |
| | महिला | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | २ |
| अन्य | पुरुष | ५ | २ | ४ | ० | ० | ० | ० | ० | ९ | २० |
| | महिला | ३ | १ | ० | ० | ० | ० | ० | ० | ३ | ७ |
| जम्मा | पुरुष | २५ | १३ | १० | १८ | ५३ | १ | ११ | ३० | ५४ | २१५ |
| | महिला | १४ | ८ | २ | ३ | १५ | ५ | १ | ९ | १९ | ७६ |
| कुल जम्मा | | ३९ | २१ | १२ | २१ | ६८ | ६ | १२ | ३९ | ७३ | २९१ |
| मुद्दा सङ्ख्या | | १९ | १० | ६ | १२ | ४० | ३ | ९ | २० | २६ | १४५ |

*स्रोतः मानव बेचबिखन तथा अनुसन्धान ब्यूरो बबरमहल काठमाण्डौं*

### ३.३.१८ मानव बेचबिखन तथा ओसारपसारका पीडितहरूको शैक्षिक योग्यता

आ.व.२०७८/०७९ मा दर्ता भएका मानव बेचबिखन मुद्दाका पीडितहरूको शैक्षिक योग्यताका आधारमा विश्लेषण गर्दा निरक्षर १ जना, साक्षर १३४ जना, कक्षा ६ देखि १० सम्म अध्ययन गरेका १७ जना, एस.एल.सी/एस.ई.ई गरेका २२ जना, १२ कक्षा पास गरेका ८ जना, स्नातक १ जना र योग्यता नखुलेका २८ जना गरि जम्मा २११ जना रहेको देखिन्छ।सङ्ख्यात्मक आधारमा फरक रहेपनि मानव बेचबिखनका पीडितहरू निरक्षरदेखि उच्च शिक्षाको योग्यता प्राप्त गरेका व्यक्तिहरू समेत भएबाट मानव बेचबिखन तथा ओसारपसार जस्तो अपराधिक कार्यले कुनै पनि योग्यता भएका व्यक्तिहरू प्रभावित हुने पुष्टि हुन आउँछ। यसमा पुरुषको सङ्ख्या ११ जना र महिलाको सङ्ख्या २०० भएकोले महिला नै बढी पीडित रहेको देखिन्छ।

**तालिका नं ३६: शैक्षिक योग्यताको आधारमा पीडितको विवरण**

| शैक्षिक योग्यता | पीडितको विवरण | प्रदेश | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | धरान | जनकपुर | बागमति | पोखरा | भैरहवा | नेपालगंज | धनगढी | उपत्यका | ब्यूरो | जम्मा |
| निरक्षर | पुरुष | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | महिला | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | १ |
| साक्षर | पुरुष | ० | ० | १ | ० | ० | ० | ० | ० | ४ | ५ |
| | महिला | २२ | १७ | ५ | २ | ४४ | ४ | ५ | १६ | १४ | १२९ |
| ६-१० | पुरुष | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | २ |
| | महिला | २ | ० | ० | ४ | २ | ० | १ | ३ | ३ | १५ |
| S.L.C | पुरुष | ० | ० | ० | ० | १ | ० | ० | २ | ० | ३ |
| | महिला | ४ | ० | ० | ७ | ४ | ० | २ | १ | १ | १९ |
| I.A | पुरुष | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | महिला | २ | ० | ० | ३ | ० | ० | ० | १ | २ | ८ |
| B.A. | पुरुष | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | महिला | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ |
| नखुलेको | पुरुष | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |
| | महिला | ३ | ० | १ | ० | ० | ० | १ | १५ | ७ | २७ |
| जम्मा | पुरुष | ० | ० | १ | ० | १ | ० | ० | २ | ७ | ११ |
| | महिला | ३३ | १८ | ६ | १६ | ५० | ४ | ९ | ३७ | २७ | २०० |
| कुल जम्मा | | ३३ | १८ | ७ | १६ | ५१ | ४ | ९ | ३९ | ३४ | २११ |
| मुद्धा सङ्ख्या | | १९ | १० | ६ | १२ | ४० | ३ | ९ | २० | २६ | १४५ |

*स्रोतः मानव बेचबिखन तथा अनुसन्धान ब्यूरो बबरमहल काठमाण्डौं*

### ३.३.१९ मानव बेचबिखन तथा ओसारपसारका अभियुक्तहरूको शैक्षिक योग्यता

आ.व.२०७८/०७९ मा दर्ता भएका मानव बेचबिखन मुद्दाका पीडितहरूको शैक्षिक योग्यताका आधारमा विश्लेषण गर्दा निरक्षर १२ जना, साक्षर १६७ जना, कक्षा ६ देखि १० सम्म अध्ययन गरेका ४ जना, एसएलसी/एस.ई.ई गरेका ११ जना, १२ कक्षा पास गरेका २० जना तथा स्नातक र स्नात्तकोत्तर पास गरेका अभियुक्त नभएको देखिन्छ। योग्यता नखुलेका ५४ पुरुष र २३ महिला रहेको तथ्याङ्कले देखाउँछ।जम्मा अभियुक्तहरू मध्ये २१५ पुरुष र महिला ७६ गरि जम्मा २९१ जना रहेको देखिन्छ।

**तालिका नं ३७: शैक्षिक योग्यताको आधारमा अभियुक्तको विवरण**

| शैक्षिक योग्यता | अभियुक्तको विवरण | प्रदेश | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | धरान | जनकपुर | बागमति | पोखरा | भैरहवा | नेपालगंज | धनगढी | उपत्यका | ब्यूरो | जम्मा |
| निरक्षर | पुरुष | ० | २ | ० | ० | ६ | ० | ० | ० | ० | ८ |
| | महिला | ० | १ | ० | ० | ३ | ० | ० | ० | ० | ४ |

| शैक्षिक योग्यता | अभियुक्तको विवरण | प्रदेश | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | धरान | जनकपुर | बागमति | पोखरा | भैरहवा | नेपालगंज | धनगढी | उपत्यका | ब्यूरो | जम्मा |
| साक्षर | पुरुष | १२ | ९ | ९ | ८ | ३८ | १ | ७ | २० | १९ | **१२३** |
| | महिला | ८ | ४ | २ | १ | १० | ५ | १ | ६ | ७ | **४४** |
| ६-१० | पुरुष | ० | ० | १ | १ | १ | ० | ० | ० | १ | **४** |
| | महिला | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | **०** |
| S.L.C | पुरुष | ० | ० | ० | ४ | ० | ० | १ | १ | २ | **८** |
| | महिला | ० | ० | ० | १ | ० | ० | ० | १ | १ | **३** |
| I.A | पुरुष | ६ | ० | ० | ५ | ३ | ० | ० | २ | २ | **१८** |
| | महिला | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | **२** |
| नखुलेको | पुरुष | ७ | २ | ० | ० | ५ | ० | ३ | ७ | ३० | **५४** |
| | महिला | ४ | ३ | ० | १ | २ | ० | ० | २ | ११ | **२३** |
| जम्मा | पुरुष | **२५** | **१३** | **१०** | **१८** | **५३** | **१** | **११** | **३०** | **५४** | **२१५** |
| | महिला | **१४** | **८** | **२** | **३** | **१५** | **५** | **१** | **९** | **१९** | **७६** |
| कुल जम्मा | | **३९** | **२१** | **१२** | **२१** | **६८** | **६** | **१२** | **३९** | **७३** | **२९१** |
| मुद्धा सङ्ख्या | | १९ | १० | ६ | १२ | ४० | ३ | ९ | २० | २६ | **१४५** |

*स्रोतः मानव बेचबिखन तथा अनुसन्धान ब्यूरो बबरमहल काठमाण्डौं*

### १.२.२० पेशाका आधारमा पीडितहरूको विवरण

आ.व.२०७८/०७९ मा दर्ता भएका मानव बेचबिखन मुद्दाका पीडितहरूको पेशाका आधारमा विश्लेषण गर्दा कृषि पेशामा संलग्न ३२, नोकरी गर्ने ४, व्यापार व्यवसाय गर्ने २, मजदुरी गर्ने ३८, अध्ययनरत ५८, पेशा नखुलेका ५१ गरी जम्मा २११ जना रहेका छन्। यस सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं ३८: पेशाको आधारमा पीडितहरूको विवरण**

| पेशा | पीडितको लिङ्ग | प्रदेश | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कोशी | मधेश | बाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम | उपत्यका | ब्यूरो | जम्मा |
| कृषि | पुरुष | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | १ |
| | महिला | ६ | २ | १ | २ | १३ | २ | २ | ० | ३ | ३१ |
| नोकरी | पुरुष | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | महिला | ० | २ | ० | १ | ० | ० | ० | ० | १ | ४ |
| व्यापार | पुरुष | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | महिला | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | २ |
| मजदुरी | पुरुष | ० | ० | ० | ० | ० | ० | ० | १ | ४ | ५ |
| | महिला | २ | ९ | ३ | ० | १ | ० | ० | १८ | ० | ३३ |
| अध्यायन | पुरुष | ० | ० | ० | ० | ० | ० | ० | १ | २ | ३ |
| | महिला | १४ | ० | ० | १० | १५ | २ | ६ | ५ | ३ | ५५ |

| पेशा | पीडितको लिङ्ग | प्रदेश | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कोशी | मधेश | बाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम | उपत्यका | ब्यूरो | जम्मा |
| गृहणी | | १ | ५ | ० | ० | १० | ० | ० | ३ | ७ | २६ |
| नखुलेको | पुरुष | ० | ० | १ | ० | ० | ० | ० | ० | १ | २ |
| | महिला | १० | ० | २ | ३ | ११ | ० | १ | ११ | ११ | ४९ |
| जम्मा | पुरुष | ० | ० | १ | ० | १ | ० | ० | २ | ७ | ११ |
| | महिला | ३३ | १८ | ६ | १६ | ५० | ४ | ९ | ३७ | २७ | २०० |
| कुल जम्मा | | ३३ | १८ | ७ | १६ | ५१ | ४ | ९ | ३९ | ३४ | २११ |
| मुद्धा सङ्ख्या | | १९ | १० | ६ | १२ | ४० | ३ | ९ | २० | २६ | १४५ |

*स्रोतः मानव बेचबिखन तथा अनुसन्धान ब्यूरो बबरमहल काठमाण्डौं*

### ३.३.२१ पेशाका आधारमा अभियुक्तहरूको विवरण

आ.व.२०७८/०७९ मा दर्ता भएका मानव बेचबिखन मुद्दाका पीडितहरूको पेशाका आधारमा विश्लेषण गर्दा कृषि पेशामा संलग्न ५३ जना, नोकरी गर्ने १५ जना, व्यापार व्यवसाय गर्ने ७० जना, मजदुरी गर्ने ७२ जना, अध्ययनरत ४ जना, पेशा नखुलेका ६७ जना गरी जम्मा २९१ जना रहेका छन्। यस सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं ३९: पेशाको आधारमा अभियुक्तको विवरण**

| पेशा | पीडितको लिङ्ग | प्रदेश | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कोशी | मधेश | बाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम | उपत्यका | ब्यूरो | जम्मा |
| कृषि | पुरुष | ० | ० | २ | १ | १८ | १ | ७ | ३ | ४ | ३६ |
| | महिला | ० | १ | १ | १ | ६ | ४ | १ | ० | ३ | १७ |
| नोकरी | पुरुष | २ | ० | ० | ० | ३ | ० | १ | १ | ६ | १३ |
| | महिला | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | २ |
| ब्यापार | पुरुष | ४ | ३ | ३ | १४ | ११ | ० | ० | ४ | ९ | ४८ |
| | महिला | ६ | १ | १ | २ | ० | १ | ० | ५ | ६ | २२ |
| मजदुरी | पुरुष | १० | ९ | १ | १ | ५ | ० | १ | १९ | १५ | ६१ |
| | महिला | २ | ४ | ० | ० | १ | ० | ० | २ | २ | ११ |
| अध्ययन | पुरुष | १ | ० | ० | १ | २ | ० | ० | ० | ० | ४ |
| | महिला | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| गृहणी | | ३ | २ | ० | ० | ३ | ० | ० | १ | १ | १० |
| नखुलेको | पुरुष | ८ | १ | ४ | १ | १४ | ० | २ | ३ | २० | ५३ |
| | महिला | ३ | ० | ० | ० | ५ | ० | ० | १ | ५ | १४ |
| जम्मा | पुरुष | २५ | १३ | १० | १८ | ५३ | १ | ११ | ३० | ५४ | २१५ |
| | महिला | १४ | ८ | २ | ३ | १५ | ५ | १ | ९ | १९ | ७६ |
| कुल जम्मा | | ३९ | २१ | १२ | २१ | ६८ | ६ | १२ | ३९ | ७३ | २९१ |
| मुद्धा सङ्ख्या | | १९ | १० | ६ | १२ | ४० | ३ | ९ | २० | २६ | १४५ |

*स्रोतः मानव बेचबिखन तथा अनुसन्धान ब्यूरो बबरमहल काठमाण्डौं*

### ३.३.२२ वैवाहिक स्थितिको आधारमा पीडितहरूको विवरण

आ.व.२०७८/०७९ मा दर्ता भएका मानव बेचबिखन मुद्दाका पीडितहरूको वैवाहिक स्थितिको आधारमा विष्लेषण गर्दा विवाहित ६५ जना, अविवाहित १३० जना, नखुलेको १६ जना गरी २११ जना रहेका छन् । पीडितहरूको वैवाहिक स्थितिको विवरण लैङ्गिक एवं प्रदेशगत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं ४०: वैवाहिक स्थितिको आधारमा पीडितको विवरण**

| वैवाहिक स्थिति | पीडितको विवरण | प्रदेश | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कोशी | मधेश | बाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम | उपत्यका | ब्यूरो | जम्मा |
| बिबाहित | पुरुष | ० | ० | ० | ० | १ | ० | ० | ० | १ | २ |
| | महिला | १० | ५ | १ | ३ | १९ | १ | ० | ७ | १७ | ६३ |
| अविवाहित | पुरुष | ० | ० | १ | ० | ० | ० | ० | २ | ६ | ९ |
| | महिला | २३ | १३ | ५ | १३ | २७ | ३ | ९ | १८ | १० | १२१ |
| नखुलेको | पुरुष | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | महिला | ० | ० | ० | ० | ४ | ० | ० | १२ | ० | १६ |
| जम्मा | पुरुष | ० | ० | १ | ० | १ | ० | ० | २ | ७ | ११ |
| | महिला | ३३ | १८ | ६ | १६ | ५० | ४ | ९ | ३७ | २७ | २०० |
| कुल जम्मा | | ३३ | १८ | ७ | १६ | ५१ | ४ | ९ | ३९ | ३४ | २११ |
| मुद्धा सङ्ख्या | | १९ | १० | ६ | १२ | ४० | ३ | ९ | २० | २६ | १४५ |

*स्रोतः मानव बेचबिखन तथा अनुसन्धान ब्यूरो बबरमहल काठमाण्डौं*

#### ङ) अभियुक्त वैवाहिक अवस्थाको आधारमा

आ.व.२०७८/०७९ मा दर्ता भएका मानव बेचबिखन मुद्दाका अभियुक्तहरूको वैवाहिक स्थितिको आधारमा विष्लेषण गर्दा विवाहित २०५ जना, अविवाहित ४६ जना, नखुलेको ४० जना गरी २११ जना रहेका छन् । अभियुक्तहरूको वैवाहिक स्थितिको विवरण लैङ्गिक एवं प्रदेशगत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं ४१: वैवाहिक स्थितिको आधारमा अभियुक्तको विवरण**

| वैवाहिक स्थिति | अभियुक्तको विवरण | प्रदेश | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कोशी | मधेश | बाग्मतो | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम | उपत्यका | ब्यूरो | जम्मा |
| बिबाहित | पुरुष | १२ | ७ | १० | १२ | ४३ | १ | ७ | २५ | ३५ | **१५२** |
| | महिला | ७ | ५ | २ | १ | १२ | ४ | १ | ८ | १३ | **५३** |
| अविवाहित | पुरुष | १० | ४ | ० | ५ | ९ | ० | ३ | २ | ५ | **३८** |
| | महिला | ३ | २ | ० | १ | ० | १ | ० | १ | ० | **८** |
| नखुलेको | पुरुष | ३ | २ | ० | १ | १ | ० | १ | ३ | १४ | **२५** |
| | महिला | ४ | १ | ० | १ | ३ | ० | ० | ० | ६ | **१५** |

| वैवाहिक स्थिति | अभियुक्तको विवरण | प्रदेश | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कोशी | मधेश | बाग्मतो | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम | उपत्यका | ब्यूरो | जम्मा |
| जम्मा | पुरुष | २५ | १३ | १० | १८ | ५३ | १ | ११ | ३० | ५४ | २१५ |
| | महिला | १४ | ८ | २ | ३ | १५ | ५ | १ | ९ | १९ | ७६ |
| कुल जम्मा | | ३९ | २१ | १२ | २१ | ६८ | ६ | १२ | ३९ | ७३ | २९१ |
| मुद्धा सङ्ख्या | | १९ | १० | ६ | १२ | ४० | ३ | ९ | २० | २६ | १४५ |

*स्रोतः मानव बेचबिखन तथा अनुसन्धान ब्यूरो बबरमहल काठमाण्डौं*

### ३.३.२३ कानून कार्यान्वयन गर्ने निकायहरूमा जवाफदेहिता र उत्तरदायित्वको विकास

महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत सरकारी वकिल कार्यालयबाट बहस पैरबी र प्रतिरक्षा गरिने मुद्दाहरूको विषयगत वर्गीकरणभित्र मानव बेचबिखन, मानव ओसारपसार, मानव अङ्ग झिक्ने बेच्ने, वेश्यागमन र वेश्यावृत्ति गरी पाँच कार्यहरूलाई मानव बेचबिखन अन्तर्गत राखी उल्लेख गरिएको छायसरी आ.व.२०६८/६९देखि २०७८/७९ को अवधिमा महान्यायाधिवक्ताको कार्यालय, उच्च सरकारी वकिलको कार्यालय तथा जिल्ला सरकारी वकिलको कार्यालयबाट अभियोजन तथा कानूनी कारबाही भएका मानव बेचबिखन तथा ओसार पसारका मुद्दाहरूको विवरण यसप्रकार रहेको देखिन्छः

**(क) महान्यायाधिवक्ताको कार्यालय**

महान्याधिवक्ताको कार्यालयको आ.व.२०७८/०७९ को वार्षिक प्रतिवेदन अनुसार मानव बेचबिखन सम्बन्धी मुद्दाको कुल लगत १९६ रहेको छ । समग्रमा आ.व.२०६८/०६९ देखि आ.व.२०७३/७४ को अवधि सम्म हरेक पहिलो वर्षको तुलनामा पछिल्लो वर्ष क्रमशः मुद्धा सङ्ख्या वृद्धि हुँदै आएको देखिन्छ।अघिल्लो वर्षको तुलनामा आ.व.२०७४/०७५ मा घटेको थियो।आ.व.२०७५/०७६ देखि २०७७/०७८ सम्म बढेको छ भने आ.व.२०७८/०७९मा लगत घटेको छ।गत आ.व.को तुलनामा फछर्यौटको सङ्ख्या घटेको देखिन्छ । आ.व.२०७७/७८ र आ.व.२०७८/७९ गरी दुई आर्थिक बर्षमा महान्याधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा बहस पैरवी भएका मानव बेचबिखन सम्बन्धी मुद्दाको लगत समेत गरी जम्मा ३९७ मुद्दामा ८० वटा मुद्दा (२०.१५ प्रतिशत) मुद्दामात्र फर्छौट भएको देखिन्छ ।

**तालिका नं ४२: मानव बेचबिखन सम्बन्धी मुद्धाहरूको विवरण**

| आ.व. | लगत | कसुर ठहर | सफाई | अन्य | फछयौट | बाँकी |
|---|---|---|---|---|---|---|
| ०६८/६९ | ५९ | ४ | ३ | ० | ७ | ५२ |
| ०६९/७० | ७८ | ४ | ८ | ० | १२ | ६६ |
| ०७०/७१ | ११९ | ० | २ | ० | २ | ११७ |
| ०७१/७२ | १४८ | ७ | २३ | ० | ३० | ११८ |
| ०७२/७३ | २०५ | १६ | ८ | ० | २४ | १८१ |
| ०७३/७४ | २४९ | ९३ | ५६ | ० | १५२ | ९७ |
| ०७४/७५ | १७४ | २३ | १३ | ० | ३६ | १३८ |
| ०७५/७६ | १९२ | २१ | २५ | ० | ४६ | १४६ |

| आ.व. | लगत | कसुर ठहर | सफाई | अन्य | फछयौट | बाँकी |
|---|---|---|---|---|---|---|
| ०७६/७७ | २०१ | २१ | १८ | ० | ३९ | १६२ |
| ०७७/७८ | २०१ | २७ | ३० | ० | ५७ | १४४ |
| ०७८/७९ | १९६ | १९ | ४ | ० | २३ | १७३ |
| स्रोतः महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन, आ.व. ०६८/६९ देखि ०७८/७९ | | | | | | |

**(ख) उच्च सरकारी वकीलको कार्यालय**

आ.व. २०७७/०७८ को तुलनामा आ.व. २०७८/०७९ मा मुद्दाको लगत २९१ बाट घटेर १९१ छ भने फर्छयौट १३७ बाट घटेर ६७ रहेको छ। आ.व.२०६८/०६९ देखि आ.व. २०७३/०७४ को अवधिमा आ.व. २०७२/०७३ मा बाहेक अन्य आ.व.हरूमा उच्च सरकारी वकीलको कार्यालय तहमा दायर भएका मुद्दाहरूको लगत बढ्दै गएको देखिन्छ भने २०७४/०७५ मा घटेको र पुनः २०७५/०७६ मा बढेको छ। त्यसपछिका वर्षहरुमा पुन मुद्धाको लगत घट्दै गएको छ। उच्च सरकारी वकिलको कार्यालयहरूबाट उच्च अदालतमा आर्थिक वर्ष आ.व.२०७७/७८ र आ.व. २०७८/७९ का लगत समेत जम्मा ४८२ मुद्दामा १९८ वटा (४०.०७ प्रतिशत) मुद्दाको फछ्र्यौट भएको देखिन्छ।

**तालिका नं ४३: उच्च सरकारी वकिलको कार्यालयबाट फछर्यौट भएका मुद्धाहरूको विवरण**

| आ.व. | लगत | कसुर कायम | सफाई | अन्य | फछयौट | बाँकी |
|---|---|---|---|---|---|---|
| ०६८/६९ | १८८ | ४४ | ५२ | १ | १७ | ९१ |
| ०६९/७० | २०८ | ४८ | ५८ | २ | १०८ | १०० |
| ०७०/७१ | २३१ | ३२ | ४८ | ० | ८० | १५१ |
| ०७१/७२ | ३२२ | १०२ | १२० | ० | २२२ | १०० |
| ०७२/७३ | २९९ | ४६ | ९४ | ० | १४० | १५९ |
| ०७३/७४ | ३६५ | ६२ | ९५ | ० | १५७ | २०८ |
| ०७४/७५ | ३३२ | ७४ | ११० | ३५ | २१९ | ११३ |
| ०७५/७६ | ३९७ | ७० | १३४ | ३५ | २३९ | १५८ |
| ०७६/७७ | ३२६ | ३९ | १०२ | ४० | १८१ | १४५ |
| ०७७/७८ | २९१ | ४० | ७७ | ० | १३१ | १६० |
| ०७८/७९ | १९१ | २४ | ४३ | ० | ६७ | १२४ |
| स्रोतः महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन, आ.व. ०६८/०६९ देखि ०७८/०७९ | | | | | | |

**(ग) जिल्ला सरकारी वकीलको कार्यालयः**

महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन अनुसार जिल्ला सरकारी वकील कार्यालय तहको लगत विवरण अध्ययन गर्दा आ.व.२०७८/०७९ मा मुद्दाहरूको संख्या अघिल्लो वर्षको तुलनामा ३७५ बाट घटेर ३१२ रहेको छ। यसैअनुसार प्रतिवादी पनि ८५६ बाट घटेर ६८१ पुगेको छ। आ.व. २०७४/०७५ देखि आ.व.२०७८/०७९ सम्मको मुद्दाहरूको विवरण घट्दै गएको छ।आ.व.२०७८/०७९ मा ३१२ मुद्दाहरूमध्ये १४३ मुद्दा पछर्यौट भएको देखिन्छ। आ.व. २०७८/७९ मा मानव बेचबिखन तथा ओसारपसारका ३१२ मुद्दामा १४३ मुद्दा मात्र फर्छौट भएको देखिन्छ।

**तालिका नं ४४: जिल्ला सरकारी वकिलको कार्यालयबाट फछर्यौट भएका मुद्धाहरूको विवरण**

| आ.व. | लगत | | कसुर कायम | | सफाई | | अन्य | | जम्मा फछौंट | | बाँकी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | मुद्दा | प्रतिबादी | मुद्दा | प्रतिबादी | मुद्दा | प्रतिबादी | मुद्दा | प्रतिबादी | मुद्दा | प्रतिबादी | मुद्दा | प्रतिबादी |
| ०६८/६९ | २८८ | - | ८७ | - | ५७ | - | २ | - | १४६ | - | १४२ | - |
| ०६९/७० | ३४१ | - | ५८ | - | ५६ | - | १ | - | ११५ | - | २२६ | - |
| ०७०/७१ | १६८ | - | ४७ | - | ३९ | - | ० | - | ८६ | - | ८२ | - |
| ०७१/७२ | ४३० | - | १३१ | - | १०७ | - | ० | - | २३८ | - | १९२ | - |
| ०७२/७३ | ३९५ | ९७७ | १३० | २६२ | ११५ | २३२ | १ | १२ | २४६ | ५०६ | १४९ | ४७१ |
| ०७३/७४ | ४५४ | १०५८ | १५३ | २७४ | ११३ | २३३ | ४ | १८ | २७० | ५२५ | १८४ | ५३३ |
| ०७४/७५ | ४७६ | ११३० | १०१ | २१३ | ११३ | २६३ | १ | १० | २१५ | ४८६ | २६१ | ६४४ |
| ०७५/७६ | ४७६ | १०५८ | ११० | २३१ | १२५ | २४३ | १० | २९ | २४५ | ५०३ | २३१ | ५५५ |
| ०७६/७७ | ३८५ | ९६६ | ८८ | २०२ | ४६ | १०८ | ३ | ८ | १३७ | ३१८ | २४८ | ६४८ |
| ०७७/७८ | ३७५ | ८५६ | ७२ | १६४ | ८७ | १८९ | २ | २ | १६१ | ३५५ | २१४ | ५०१ |
| ०७८/७९ | ३१२ | ६८१ | ६३ | १२२ | ७० | १३५ | १० | १९ | १४३ | २७६ | १६९ | ४०५ |

*स्रोतः महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन, आ.व. ०६८/०६९ देखि ०७८/०७९*

## ३.४ क्षमता विकास

आर्थिक वर्ष २०७८/०७९ मा मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा कार्यरत विभिन्न निकायहरूद्वारा सरोकारवालाहरूको क्षमता वृद्धिका लागि सञ्चालन भएका कार्यक्रमहरूको विवरण देहाय बमोजिम रहेका छन्ः

### ३.४.१ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट भएका क्षमता अभिवृद्धि

- यस मन्त्रालयमा उपसचिव (रा.प.द्वि.श्रेणी) का कर्मचारीको नेतृत्वमा छुट्टै "मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखा" रहेको छ। यस शाखाले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालयको कार्यसमेत गर्दै आएको छ। मानव बेचबिखन सम्बन्धी जुनसुकै समस्या सम्बोधन गर्ने कार्यमा क्रियाशील यस शाखामा कार्यरत जनशक्तिलाई आवश्यकता अनुसार मानव बेचबिखन नियन्त्रण सम्बन्धी क्षमता अभिवृद्धिकालागि राष्ट्रिय तथा अन्तरराष्ट्रिय तालिममा सहभागी गराईदै आएको छ।
- मन्त्रालय, पी.डी. फुटवेयर र श्री एन्जल्स नेपालको संयुक्त लगानीमा २४ जना मानव बेचविखन तथा लैङ्किक हिंसा पीडित/प्रभावित महिलाहरूलाई रोजगारमूलक तालिम सञ्चालन गरिएको छ।
- यस आ.व. मा लैंगिक हिंसा तथा मानव बेचविखनबाट पीडित प्रभावित भई विभिन्न पुनर्स्थापना केन्द्रको संरक्षणमा रहेका ११२ जनालाई मनोसाजिक परामर्श सेवा प्रदान गरिएको छ।

### ३.४.२ कानून कार्यान्वयन गर्ने निकाय तथा पदाधिकारीहरू र सरोकारवाला संस्थाहरूको क्षमता अभिवृद्धि

स्थानीय तहका जनप्रतिनिधि लगायत सरोकारवालाहरूबीच लैङ्गिकतामा आधारित हिंसा र अन्य हानिकार (बालविवाह, बोक्सी प्रथा, मानव बेचबिखन, दाइजो आदि) अभ्यासहरू विरुद्ध विभिन्न समयमा अन्तरक्रिया गोष्ठी तथा कार्यशाला कार्यक्रम सम्पन्न भएको छ।स्थानीय तहका प्रमुख, उपप्रमुख, सामाजिक समितिका संयोजक र वडाध्यक्षहरूलाई साइबर क्राइम सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ।

### ३.४.३ महिला तथा बालबालिका सेवा केन्द्रहरूको क्षमता विकास

कानूनी विवादमा परेका बालाबालिकाहरूलाई बाल सुधारगृहमा राखी उनीहरूको आचरणमा सुधार ल्याउने उद्देश्यले भक्तपुर, मोरङ्ग, मकवानपुर, कास्की, डोटी, पर्सा, बाँके र रुपन्देही गरी ८ वटा बाल सुधार गृहको स्थापना गरिएको छ।८ वटा मध्ये कास्की, बाँके, भक्तपुर र मोरङ्ग गरी ४ स्थानमा ८ जनाको दरले ३२ जना र मकवानपुर, डोटी, पर्सा, र रुपन्देही गरी ४ वटामा ७ जनाको दरले २८ जना गरी जम्मा ६० जनाको दरबन्दी रहेको छ। यसरी  सञ्चालित बाल सुधारगृहमा कार्यरत कर्मचारी एवं पदाधिकारीहरूलाई बाल अधिकार तथा बाल संवेदनशीलता सम्बन्धी अनुशिक्षण दिइने गरिएको छ।

### ३.४.४ कूटनीतिक निकायहरूको क्षमता विकास

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण लगायत महिला सम्बन्धी हिंसा सम्बोधनका लागि मन्त्रालय तथा विभिन्न तहका कार्यालयहरूमा लैङ्गिक सम्पर्क विन्दुको व्यवस्था गरिएको छायसरी महिलाका सवाल तथा मानव बेचबिखन तथा ओसारपसारको समस्या सम्बोधनका लागि निम्न बमोजिम व्यवस्था गरिएको छ।

(१) प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा सामाजिक विकास तथा रुपान्तरण महाशाखा अन्तर्गत महिला, बालबालिका, जेष्ठ नागरिक, श्रम तथा सामाजिक सुरक्षा शाखा

(२) परराष्ट्र मन्त्रालयमा एकजना लैङ्गिक सम्पर्क व्यक्ति तोकिएको

(३) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिमा परराष्ट्र मन्त्रालयका सहसचिव सदस्य रहने कानूनी ब्यवस्था भएको।

यसै गरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट मानव बेचबिखन लगायत महिला अधिकार सम्बन्धी सञ्चालन हुने विभिन्न किसिमका अभिमुखीकरण, गोष्ठी, तालिमहरूमा लैङ्गिक सम्पर्क व्यक्तिहरूको सहभागिता रहँदै आएको छ। यस कार्यले कुटनीतिक निकायहरूको सम्बन्धित कर्मचारी तथा निकायको क्षमता विकासमा सहयोग पुगिरहेको छ।

### ३.४.५ समन्वय, सहयोग र सहकार्य

आ.व.२०७८/७९ मा मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि भएका समन्वय, सहयोग र सहकार्य सम्बन्धी क्रियाकलापहरूको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ।

### १.४.७ राष्ट्रियस्तरमा सरोकारवालाहरूबीच समन्वय, सहयोग र सहकार्य

मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय समितिको सचिवालय सञ्चालनको जिम्मेवारी मन्त्रालयको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखालाई तोकिएको छ। यस सचिवालयको मुख्य जिम्मेवारी मानव बेचबिखन तथा ओसारपसार विरुद्धका कार्यक्रमहरूमा सबै सरोकारवाला तथा विकास साझेदारहरू बीच समन्वय, सहयोग र सहकार्यको व्यवस्थापन गर्नु रहेको छ। समितिले आफ्नो जिम्मेवारी पूरा गर्ने क्रममा समिति अन्तर्गत आवश्यकता अनुसार विषयगत उपसमितिहरू समेत गठन गरी कार्य सम्पन्न गर्ने गरेको छ। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको लागि नीति तथा योजना तर्जुमा, संघसंस्था समन्वय, बैठक संयोजन र कार्यान्वयनका क्रममा आवश्यक सहयोग गर्न गराउन  उपसमितिहरू गठन भएको पाइन्छ।

### ३.४.७ मानव बेचबिखन तथा ओसारपसारविरुद्ध स्थानीयस्तरमा सबै सरोकारवालाहरूबीच सम्बन्ध र सहकार्य

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण क्षेत्रमा देशभर खासगरी महिला अधिकार, महिला तथा बाल अधिकारकर्मी, महिला समूहहरू, महिला सहकारी र नागरिक समाज जस्ता संस्थाहरू क्रियाशील रहेका छन्। यस आ.व.मा पनि यी संघ संस्थाहरु मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको कार्यमा निरन्तर क्रियाशील छन्। कोभिडका असरका कारण मानव बेचबिखनका घट्नाहरू झन् बढ्न सक्ने स्थितिको आधारमा संस्थागत रुपमा मात्र नभई व्यक्तिगत प्रयासमा समेत मानव बेचबिखन नियन्त्रणबारे सचेतना कार्यक्रम  तथा सन्देशमूलक क्रियाकलापहरू भएका छन्।

यसर्थ सरकारी तथा गैरसरकारी संस्थाहरू बीच आपसी सहयोग, समन्वय र सहकार्य बिना मानव बेचबिखन तथा ओसारपसारको गतिविधि नियन्त्रण सम्भव छैन । त्यसैले मानव बेचबिखन नियन्त्रणकालागि सरकारी तथा गैरसरकारी संस्थाहरूबीच सम्बन्ध सुदृढ अनिवार्य हुन्छ । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सरोकारवालाहरूले विभिन्न समयमा बैठक, सभा, सम्मेलन, अभिमुखीकरण कार्यक्रम, तालिम, प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएका छन्।

आ.व.२०७८/०७९ मा पनि सरोकारवाला संघ संस्थाहरूले आफ्नो सञ्जाल विस्तार गर्दै आपसी सम्बन्ध, सहकार्य र संयुक्त प्रयासमा मानव बेचबिखन तथा ओसारपसार विरुद्धका क्रियाकलापहरूको सञ्चालनमा निरन्तरता दिएको पाइन्छ।

# मानव बेचबिखन नियन्त्रणका समस्या, चुनौती, निष्कर्ष र सुझावहरू

## ४.१ समस्याहरू

विगतमा चेलीबेटी बेचबिखनमा मात्र सीमित रहेको परिभाषा परिस्थितीको परिवर्तनसंगै यसका आयामहरू थपिदै जाँदा मानव बेचबिखन तथा ओसारपसारसम्म पुगेको छ।फलस्वरुप मानव बेचबिखन तथा ओसारपसारको सत्जाल विश्वभर फैलिदै गएकोले यसको नियन्त्रणका लागि नेपालको एकल प्रयासले मात्र असम्भव बन्दै गएको छ। यसको नियन्त्रणका लागि संयुक्त राष्ट्र संघमा आवद्ध सबै राष्ट्रहरूले एकीकृत पहल/योजना तथा कार्यक्रम तय गरी अघि बढेमा मात्र यस अपराधिक कार्यको नियन्त्रण गर्न सकिने देखिएको छ। राज्य पुनर्संरचना गर्दा जिल्ला तहमा रहेका महिला तथा बालबालिका कार्यालयलाई स्थानीय तहमा समायोजन गराई सो कार्यालयले गर्ने कार्यहरु स्थानीय तहहरूबाट गर्ने व्यवस्था मिलाईएकोमा अपेक्षित कामहरू हुन सकेको देखिदैन। स्थानीय तहमा जनशक्तिको अभावका कारण सामाजिक विकास शाखा/उपशाखा/इकाईमा कार्यरत कर्मचारीलाई थप जिम्मेवारी दिंदा मानव बेचबिखनको विषय ओझेलमा परेको छ।

(क) विगतमा यौन व्यवसाय गराउने उद्देश्यका लागि मात्र सीमित रहेको महिला तथा बालिका बेचबिखन कार्य पछिल्लो समयमा मानव शरीरका मृगौला, आँखाका नानी जस्ता अङ्गलाई अवैध ढङ्गले बेच्ने उद्देश्यका लागि पनि बेचिने क्रम बढेको देखिन्छ।

(ख) पीडितसँग कुनै किसिमको कागजपत्र नहुने, यात्राको प्रमाण टिकट समेत नहुने र मानव बेचबिखनमा पर्ने व्यक्तिलाई आफू बेचबिखनमा पर्दैछु भन्ने जानकारी समेत नहुँने गरेकोले अपराधीलाई कानूनको दायरामा ल्याउन प्रयाप्त प्रमाण नहुँदा कारबाही गर्न सकिएको छैन।

(ग) अपरिचित व्यक्तिहरूले विभिन्न आकर्षण देखाई ललाईफकाई गर्ने तथा आफ्नै नातेदारहररुले (दलालको रुपमा) घुमाउन तथा तालिम दिन लैजाने बाहनामा बेचबिखन गर्ने गरेकाले अभियुक्तलाई कानूनको दायरामा ल्याउन यथेष्ठ प्रमाणको अभाव देखिन्छ।

(घ) भारतसँग खुल्ला सिमाना हुनु, सीमा सुरक्षामा प्रभावकारी जाँच नहुनु,, कानूनको प्रभावकारी कार्यान्वयन नहुनु,, अभियुक्तलाई गरिने कारबाही फितलो हुनु, पहुँचको आधारमा कारबाही गरिनु जस्ता गलत प्रवृत्तिले गर्दा भारतको भूमि हुँदै तेस्रो मुलुकसम्म मानव तस्करी रोक्न कठिनाई भएको छ।

(ङ) राज्यले आफ्ना नागरिकलाई सुरक्षित, व्यवस्थित र कानूनी मान्यता प्राप्त कार्यमा मात्र रोजगारीका लागि पठाउन गंभिरतापूर्वक अध्ययन कुटनीतिक प्रयास र श्रम सम्झौता जस्ता पक्षमा ध्यान दिएता पनि श्रम स्वीकृति लिएको देशबाट अन्य देशमा कामदारहरू पुर्याउने गरेको पाइन्छ। यसलाई रोक्न कठिनाई हुने गरेको छ।

(च) ग्रामिण स्तरका विपन्न र निरक्षर महिला तथा किशोरीहरू बेचबिखनमा पर्ने गरेको भएता पनि वर्तमानमा अन्य व्यक्तिहरु पनि बेचबिखनमा पर्दै आएको देखिन्छ। यसलाई नियन्त्रण गर्न निकै कठिनाइ छ।

(छ) म्यारिज ब्यूरोको प्रयोग गरी नेपाली महिलाहरुलाई विदेशीसँग बिहे गराई विदेशमा लगेर बेचबिखन गर्ने गरेको पाइएको छ, यस कार्यलाई रोक्न सकिएको छैन।

(ज) अभियुक्तले विभिन्न सामाजिक सञ्जालको प्रयोग मार्फत साथी बनाउने र विदेशमा पुर्याइ बेचबिखन गर्ने गरिएको पाइएको छ, सोको नियन्त्रण चुनौतिपूर्ण छ।

(झ) विकसित देशहरूमै पनि स्थायी बसोबास अनुमतिपत्र मिलाईदिने नाममा, अमेरिका जस्ता देशमा प्रवेश गर्न शरणार्थीका नाममा तथा विभिन्न सेमिनारहरूमा भाग लिन जाने नाममा महिलाहरू बेचिने जोखिम रहेको प्रहरीको अनुभव छ।

(ञ) आर्थिक लाभ प्रलोभनमा परी अवैधानिक रुपमा वैदेशिक रोजगारीमा जान चाहने महिलाहरूलाई नियन्त्रण गर्न झन् चुनौतिपूर्ण रहेको प्रतिवेदन/तथ्यांकबाट देखिन्छ।

(ट) उद्धार गरिएका व्यक्तिले मुद्धा दायर गरे पनि राजनितिक आस्थाको प्रभावमा अभियुक्तहरू समाजमा स्वतन्त्र हिडिरहेका छन्। उद्धार गरिएकाहरूलाई पुन अपहरण गरी गायव पारिने, अभियुक्तबाट आर्थिक लाभ लिई पीडितले अदालतमा बयान फेर्ने घटनाले पनि अभियुक्तहरू निर्दोष सावित हुँदै आएका छन्।

(ठ) बेचबिखनको घटनामा पीडितका नजिकका व्यक्ति जोडिँदा पीडितले समाजमा पुनर्स्थापना हुन समस्या हुने र मान प्रतिष्ठा घट्ने डरले दोषी विरुद्ध उजुरी नगर्ने तथा विश्वासको भरमा रकम बुझाउने गर्नाले पनि पीडितलाई क्षतिपूर्ति भराउन सकिएको अवस्था छैन।

(ड) मुख्य अभियुक्त विदेशमा बसेर नेपालबाट वैदेशिक रोजगारमा पठाउने भनी अलपत्र पार्ने गरिएकोले मानव बेचबिखन तथा ओसारपसार कार्यलाई नियन्त्रण गर्न कठिनाइ भएको छ।

(ढ) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ को दफा १७ मा क्षतिपूर्ति सम्बन्धी व्यवस्थामा अदालतले कसूरदारलाई गरिएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडि तलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनु पर्नेछ भनी उल्लेख गरिएकोले कामदारले तिरेको रकम बराबरको क्षतिपूर्ति रकम नपाउने हुँदा वैदेशिक रोजगारीको मुद्दामा जाहेरी दर्ता गरे पश्चात पीडित सम्पर्कमा आउन नचाहने गरेको पाइन्छ।

(ण) वैदेशिक रोजगारीमा अलपत्र पारेको भनी दिएको मुद्धाको किनारा लगाउन ढिलो हुने हुँदा पीडित मुद्धा नटुंगिदै पुनः वैदेशिक रोजगारीका लागि विदेश जाँदा मुद्दा प्रभावित हुने गरेको अवस्था छ।

(त) पर्यटक भिषामा विदेशमा लैजाने र गैर कानूनी रुपमा काम गर्ने हुँदा त्यसलाई नियन्त्रण गर्न कठिनाइ हुने गरेको छ।

## ४.२ चुनौतीहरू

**(क) अवधारणागत अस्पष्टताः**

मानिसको बेचबिखन गर्नु कानूनद्वारा दण्डनीय भएता पनि बेचबिखन कार्य नियन्त्रण हुन सकेको छैन। मानव बेचबिखन गर्ने गिरोह अघि र नियन्त्रण कार्य पछि देखिएको छ। मानव बेचबिखनको क्षेत्र समयको गतिसँगै फराकिलो हुँदै गएकोले बेचबिखन तथा ओसारपसारका सबै क्षेत्र समेट्न सकेको छैन। मानव बेचबिखन तथा ओसारपसारको परिभाषालाई समय सापेक्ष परिभाषित गरी सो बमोजिम कानूनमा पनि सशोधन गर्नुपर्ने देखिन्छ।

**(ख) भौगोलिक तथा सामाजिक विविधताः**

नेपाल भौगोलिक एवं साँस्कृतिक विविधता भएको देश हो।नेपाल समुद्र सतहदेखि ५८ मीटरमा रहेको धनुषा जिल्लाको मुसहरनियादेखि विश्वको सबैभन्दा अग्लो ८८४८ मीटरको उचाइसम्म फैलिएको देश हो।यहाँ बसोबास गर्ने विभिन्न

भाषाभाषीहरूको आ-आफ्नै धर्म तथा संस्कृति रहेको छ।विकट क्षेत्रमा बसोबास गर्ने आर्थिक एवं सामाजिक रुपले पिछडिएका समुदायका मानिसहरू शिक्षाको कम पहुँचले गर्दा मानव बेचबिखनका दृष्टिले जोखिममा रहेका छन्।यस क्षेत्रमा बसोबास गर्ने समुदायमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी सचेतना कार्यक्रम, औपचारिक शिक्षा, सीप र आर्थिक उपार्जनका दृष्टिले कमजोर हुँदा मानव बेचबिखन तथा नियन्त्रण कार्य चुनौतिपूर्ण रहेको छ।

**(ग) सचेतनाको कमीः**

मानव बेचबिखनका दृष्टिले संवेदनशिल क्षेत्रमा रहेको समुदायमा अशिक्षा, गरिबी, बेरोजगारी तथा प्राकृतिक प्रकोपजन्य पीडा, न्यून आर्थिक अवसर र विभेदपूर्ण समाजिक व्यवहारले गर्दा जीवन कष्टकर बनाएको छ। जिविकोपार्जनकै लागि अन्य भरपर्दो विकल्प नहुँदा यस्ता समुदायका व्यक्तिहरूमा बाँच्नकै लागि भए पनि मानव बेचबिखन तथा ओसारपसार जस्तो जोखिमयुक्त र निकृष्ट काममा लाग्नु पर्ने बाध्यता रहेको छ। यस्ता क्षेत्रमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि शिक्षा तथा सचेतनाका कार्यक्रमहरू सञ्चालन गर्न चुनौतिपूर्ण रहेको छ।

**(घ) रोजगारी र अवसरको कमीः**

नेपाल कृषि प्रधान देश भनिएता पनि व्यवहारमा परम्परामा आधारित निर्वाहमुखी कृषि प्रणाली रहेको छ। कृषि पेशालाई आधुनिकीकरण गर्न नसक्नु र आय स्रोतको वैकल्पिक व्यवस्था नहुँदा सुनौलो भविष्यको खोजीमा मानिसहरू अवसर खोज्दै विदेशिन वा बसाइसराइ गर्नुपर्ने बाध्यता छ। राम्रो तलव सुविधा उपलब्ध गराउने लोभमा पारी विदेशीसँगको नक्कली विवाह, सांस्कृतिक पर्यटन भ्रमण, वैदेशिक अध्ययन तथा उच्चशिक्षाका नाममा मानव तस्करहरूले प्रश्रय पाइरहेका छन। सरकारी निकायसँग सत्यतथ्य लुकाई दलालको विश्वास गर्दै मानिसहरू वैदेशिक रोजगारीको नाममा श्रम स्वीकृति नलिइ भारतको बाटो हुँदै युरोप, अष्ट्रेलिया, जापान, कोरिया, मलेसिया तथा मध्यपूर्वका साउदी, कतार, दुबई, बहराइन, ओमान, कुवेत लगायतका मुलुकहरूमा जाने क्रमले श्रमशोषण र बेचबिखनको समस्या झनझन जटिल बन्दै गएको छ।

**(ङ) कानूनी सचेतना तथा कार्यान्वयनको कमीः**

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि आवश्यक पर्ने ऐन, नियमावली, आवधिक योजना, कार्यान्वयन योजना, निर्देशिका, कार्यविधि, मापदण्डहरू लागु भई कार्यान्वयनमा रहेका छन्। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि तर्जुमा भएका कतिपय कानूनहरू फितलो सावित भएका छन्। कुनै कानून, नियमावली एवं निर्देशिकाहरू राज्य पुनर्सरचना हुनुभन्दा अगावै निर्माण भएकाले परिमार्जन वा नयाँ निर्माण गर्नुपर्ने अवस्था छ। तर्जुमा गरिएका ऐन, नियमावली, आवधिक योजना, कार्यान्वयन योजना, निर्देशिका, कार्यविधि, मापदण्डहरूका बारेमा जोखिम उन्मुख पक्ष अनभिज्ञ रहेको अवस्था छ। कानूनका बारेमा पीडक जानकार हुने र पीडित पक्ष अनभिज्ञ हुने भएको तथा यथेष्ट प्रमाण जुटाउन नसक्दा पीडकहरुलाई कानूनको दायरामा ल्याउन कठिनाइ रहेको छ।

**(च) एकीकृत तथ्याङ्क तथा सूचनाको कमीः**

मानव बेचबिखन तथा ओसारपसारको अवस्थासँग सम्बन्धित एकिकृत तथ्याङ्क उपलब्ध नहुदा प्रभावकारी तथा कार्यान्वयन योग्य नीति, योजना तथा कार्यक्रमहरु बन्न सकेका छैनन्।जोखिम उन्मूख वर्गको समस्या पहिचान तथा मानव बेचबिखन नियन्त्रण सम्बन्धी योजना निर्माणका लागि आवश्यक सूचना तथा तथ्याङ्कको अभाव रहेको छ। हाल सामाजिक सूचनाहरुलाई ब्यवस्थित गर्न यस मन्त्रालयबाट सामाजिक सुचना ब्यवस्थापन प्रणाली (SIMS) को विकास भई कार्यान्वयनको चरणमा रहेको छ।

**(छ) अध्ययन अनुसन्धानको कमीः**

मानव बेचबिखन तथा ओसारपसारको क्षेत्र तथा स्वरुप व्यापक रुपमा परिवर्तन भैरहेको छ।मानव बेचबिखन तथा ओसारपसारका घटना र यसका प्रकृति, कारण, असर, प्रभाव र निराकरणका उपायहरू सम्बन्धमा विस्तृत अध्ययन अनुसन्धान हुन सकेको छैन। सूचना तथा तथ्याङ्कको लागि सञ्चार माध्यममा आएका विवरण/समाचारमा निर्भर हुनुपर्ने अवस्था रहेको छ।यस क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी निकाय एवम् संघ सस्थाहरूबाट अध्ययन अनुसन्धानको कार्य भएको भएता पनि मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा उल्लेख्य नतिजा प्राप्त हुन नसक्नुले यस क्षेत्रमा अध्ययनको कमि भएको देखिन्छ। भएका अध्ययनको निष्कर्ष तथा सुझावहरूको कार्यान्वयन पक्ष पनि व्यवहारिक हुन सकेको छैन।

## ४.३ संरक्षणसम्बन्धी चुनौति

**(क) परम्परागत सोचः**

मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितलाई उद्धार गरी समुदायमै पुनर्स्थापना गर्दा समाजद्वारा निर्धारित मुल्य मान्यता र सोचका कारण कठिनाइ हुने गरेको छ। कुनै पनि व्यक्ति बेचबिखनबाट पीडित हुनुको पछाडि निजको शिक्षा, कम्जोर आर्थिक अवस्था, घरेलु हिंसा, बालबालिका भए बाबुआमाको माया ममताको अभाव, लैङ्गिक विभेद, प्राकृतिक प्रकोपका कारणले घरबार बिहिन भएको अवस्था जस्ता कारक तत्वहरू जिम्मेवार रहेका हुन्छन। तर समाजले ती कुराहरूलाई वेवास्ता गरी बेचबिखनबाट पिडित व्यक्तिलाई नै दोषी मानी सामाजिक बहिष्करण गर्ने गर्दछ। मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरू प्रति समाजको सकारात्मक दृष्टिकोण नहुँदा पीडित/प्रभावितहरूको संरक्षण कार्यमा समेत समस्या भई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कार्य थप चुनौतिपूर्ण बनेको छ।

**(ख) मूल्य मान्यतामा विविधताः**

नेपाली समाज फरक जातजाति, संस्कृति, मूल्य मान्यतामा आभारित छ।समाजको फरक मूल्य र मान्यताले मानव बेचबिखन तथा ओसारपसार प्रतिको अवधारणामा पनि एकरुपता छैन।मानव बेचबिखन मुद्दाका पीडित/प्रभावित भएको जातिगत विवरणका आधारमा जनजातिहरु सबैभन्दा बढी पीडित/प्रभावित भएको देखिन्छ।

**(ग) पटक पटक बेचिनु पर्ने अवस्थाः**

मानव बेचबिखनका पीडितहरु समाजको नकारात्मक व्यवहारका कारण पुनः बेचिनुपर्ने अवस्था आउन सक्छ। एकपटक बेचिएर घर फर्कदा पीडितलाई समाजमा पुनर्स्थापना गर्न निकै कठिन हुने गरेको छ। बेचबिखनका पीडित/प्रभावितहरूलाई समाजमा पुनर्स्थापना गर्न सामाजिक सुरक्षाको अनुभूति दिलाउन सकिएको हुँदैन। पीडित/प्रभावितहरू समाजमा पुनर्स्थापना हुन नसक्दा कामको खोजीमा शहरमा जाँदा पुनः मानव बेचबिखनबाट पीडित/प्रभावित हुनुपर्ने वा पटकपटक बेचिनुपर्ने विद्यमान अवस्था चुनौतिपूर्ण रहेको छ।

**(घ) प्रविधिको प्रयोगः**

विश्वमा भैरहेको नयाँ/नयाँ प्रविधिको तीव्र गतिको विकासले धेरै सकारात्मक प्रभाव पारेता पनि यसले नकारात्मक प्रभाव पनि पारेको छ। इन्टरनेटको प्रयोगसँगै फेसबुक, ह्वाटसप, भाइबर, इन्स्टाग्राम जस्ता एप्सको सकारात्मक प्रयोग भन्दा नकारात्मक प्रयोग बढी हुँदै गएको छ। यसबाट साइबर अपराधका घटनाहरू बढ्नुका साथै मानव बेचबिखन तथा ओसारपसार कार्यमा समेत प्रयोग भइरहेको छ। पढाइका सम्पूर्ण सामग्रीहरू इन्टरनेटमा पाइने भएकोले अभिभावकले मोवाइल फोन बालबालिकालाई उपलब्ध गराउँदा यसबाट मानव बेचबिखनको दृष्टिले जोखिममा रहेका, खासगरी महिला तथा बालबालिकाहरूलाई बेचिनबाट संरक्षण गर्ने कार्यमा चुनौति थपिन पुगेको छ।

**(ङ) न्यूनतम सजाय र क्षतिपूर्तिः**

मानव बेचबिखनमा संलग्न अभियुक्तहरूको पहिचान तथा कारबाही प्रकृया अगाडि बढाउन निकै जटिल छ। अदालतको फैसलालाई विश्लेषण गर्दा ज्यादै कम अभियुक्तहरू मात्र कारबाहीमा परेको देखिन्छ। अभियुक्तहरूलाई राजनितिक पहुँचका कारण अनेक बाहनामा कम दण्ड जरिवाना लगाइएको देखिन्छ। पीडित/प्रभावितहरूले यथेष्ठ प्रमाण जुटाउन नसक्दा पीडकबाट आवश्यक क्षतिपूर्तिसमेत उपलब्ध गराउन सकिएको छैन। मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूले पाउनुपर्ने क्षतिपूर्ति प्राप्तिका लागि तोकिएको विधि/प्रक्रियामा पीडित/प्रभावितको पहुँच सहज छैन।

**(च) समान संरक्षण मापदण्डको कमीः**

मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको संरक्षणकालागि सञ्चालनमा रहेका पुनर्स्थापना केन्द्रहरू सरकारी र गैर सरकारी गरी दुई प्रकृतिका छन्। सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालनमा रहेका पुनर्स्थापना केन्द्रहरूको कार्यविधि फरक फरक रहेका छन्। पीडित/प्रभावितहरूको अल्पकालिन संरक्षणकालागि स्थापित पुनर्स्थापना केन्द्रहरूको व्यवस्थापन गर्ने निर्देशिका तथा राष्ट्रिय न्यूनतम मापदण्ड निर्माण गरिएता पनि पुनर्स्थापना केन्द्रहरूको सञ्चालन विधिमा विविधता रहेको पाइन्छ। पीडित/प्रभावितहरूले पाउने हेरचाह, सुविधा एवम् संरक्षणको प्रकृतिमा एकरुपता नहुँदा पीडित/प्रभावितहरूको संरक्षणमा समान मापदण्ड प्रयोग हुन सकेको छैन।

**(छ) समन्वय, साझेदारी तथा सहकार्यको कमीः**

विश्वभर सञ्जालको रुपमा फैलिएको बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको उद्धार गरी स्वदेश फिर्ती पश्चात पारिवारिक पुनर्मिलनको व्यवस्थापन कार्य एकल प्रयासबाट मात्र सम्भव छैन। विदेशमा बेचिएर अलपत्र परेका नेपालीहरूको उद्धारका लागि नेपाली राजदुतावास समार्फत सम्बन्धित देशहरू बीच आवश्यक सम्पर्क, समन्वय, सम्झौता तथा सहकार्य गर्नुपर्ने देखिन्छ।समन्वय तथा सहकार्य अन्तर्राष्ट्रियस्तरमा मात्र नभई मानव बेचबिखन विरुद्ध काम गर्ने गैरसरकारी संघसंस्थाहरू बीच पनि हुन जरुरी छ। पीडित/प्रभावितहरूले आवश्यक संरक्षण पाउन नसक्दा मानव बेचबिखनबाट पुनः प्रभावित हुन सक्ने सम्भावना रहेकोले संरक्षणमा सबै क्षेत्रको महत्वपूर्ण भूमिका छ। नेपालमा बहुदलीय व्यवस्था स्थापित भए पश्चात गैरसरकारी संस्थाहरूको स्थापना सँगै मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कार्यले प्राथमिकता पाएको देखिन्छ। नेपालमा मानव बेचबिखन नियन्त्रणको क्षेत्रमा काम गर्ने संस्थाहरू धेरै स्थापना भए पनि ती संस्थाहरूले गर्ने काम एउटै स्थान र एकै प्रकृतिको हुँदा काममा दोहोरोपना पाइन्छ। महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयलाई समन्वयकारी भूमिका दिइएता पनि बजेट अभाव तथा स्थानीय तहसम्म आफ्नै संरचना नहुँदा समन्वयको पाटो कमजोर देखिएको छ। नेपाल प्रहरी र माइती नेपालको सहकार्यमा भारतसँगको सिमानाकामा पूर्वी नेपालको काँकडभित्ता देखि कञ्चनपुरको गड्डाचौकीसम्म १६ वटा नाकामा चौकीहरू राखिएका छन।

**(ज) दीर्घकालीन योजनाको अभावः**

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणकालागि गरिएका क्रियाकलापहरु सामान्यतया पीडित/प्रभावितहरूका लागि तत्कालिन अवस्थामा राहत उपलब्ध गराउने खालका मात्र छन्। सम्पादित कार्यक्रमहरु घटनाको कारण खोजेर त्यसलाई रोक्न भन्दा घटनाको पीडित/प्रभावितलाई उद्धार, संरक्षण र पुनर्स्थापनामा केन्द्रित रहेको देखिन्छ। मानव बेचबिखनबाट पीडित/प्रभावितहरूको संरक्षण, पुनर्स्थापना, पुनएकीकरण र जीविकोपार्जन व्यवस्था समेतको तथ्याङ्कमा आधारित एकीकृत दीर्घकालीन योजनाको अभाव रहेको पाइन्छ। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि तीनै तहलाई जिम्मेवार बनाउने गरी राष्ट्रिय नीति तर्जुमाको प्रक्रियामा छ भने राष्ट्रिय कार्ययोजना २०६८-२०७८ को समय समाप्त भएकोले नयाँ कार्ययोजनाको मस्यौदा तयार भएको छ।

**(झ) पीडित/प्रभावित पहिचान कार्यविधिको अभावः**

सरकारी तथा गैर सरकारी संघ संस्थाले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि विभिन्न गतिविधिहरू गर्दै आएको भएता पनि हालसम्म पीडित/प्रभावित पहिचान कार्यविधि नहुँदा पीडित/प्रभावितको पहिचान गर्न कठिनाई हुने गरेको छ।पीडित/प्रभावितले आफू पीडित भएको जानकारी गराएपछि मात्र घटना सार्वजानिक हुँने गरेको छ।जबसम्म पीडित/प्रभावितको सहि पहिचान हुँन सक्तैन उनीहरुको उद्दार र पुनर्स्थापनामा चुनौति रहन्छ। कतिपय सन्दर्भमा पीडित/प्रभावितको पहिचान हुँन नसक्दा सरोकारवालाहरूलाई काम गर्न कठिनाई हुने र वास्तविक पीडित/प्रभावितहरूले धेरै समस्याहरू झेल्नु परेको अवस्था छ। डान्सबार, मसाज केन्द्रहरूमा १८ वर्षभन्दा मूनिका बालिलकाहरूको प्रयोग हुँदै आएको छ।राज्यले यसलाई मनोरञ्जन क्षेत्र अन्तर्गत राखेको छ।यसलाई पूनर्विचार गर्नुपर्ने देखिन्छ।

## ४.४ कानूनी कारबाही

**(क) कानूनमा परिभाषा अपूर्णः**

बहुक्षेत्रीय, बहुआयामिक क्रियाकलापको रुपमा रहेको मानव बेचबिखन तथा ओसारपसार अन्तर्गत औपचारिक/अनौपचारिक रुपमा भइरहेको यौन पेशा/यौन शोषण, अङ्ग प्रत्यारोपण, भीख मगाउने, सर्कसमा खेलाउने, होटलमा काम गराउने, अवैध रुपमा धर्मपुत्र/पुत्री राख्ने, जोखिमयुक्त काममा लगाउने, घरेलु काममा लगाउने, गैर कानूनी काममा लगाउने, बालश्रम गराउने, उद्योग तथा कलकारखानामा न्यून ज्याला र जोखिमपूर्ण काममा लगाउने, मनोरञ्जन क्षेत्रमा काम गराउने (जस्तै क्याविन, डान्सबार, रेष्टुरेन्ट, मसाज, पार्लर) जस्ता काममा लगाउनु मानव बेचबिखन कार्य हो। मानव बेचबिखन र ओसारपसार नियन्त्रण ऐन, २०६४ को कानूनी परिभाषाले यस्ता सबै विषयहरूलाई समेट्न सकेको छैन। परिणाम स्वरुप मानव बेचबिखनका अपराधीहरू कानूनको दायराबाट सजिलै उम्कने र मानव बेचबिखन नियन्त्रणमा ल्याउन चुनौति आउने देखिन्छ।

**(ख) द्विपक्षीय र बहुपक्षीय सन्धि सम्झौताको अभावः**

नेपाल सरकारले मानवअधिकार सम्बन्धी प्राय सबै खालका अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा सार्कस्तरीय महासन्धि र अनुवन्धनहरू अनुमोदन गरिसकेको छ। यस किसिमका सन्धिहरू कार्यान्वयनमा ल्याउन द्विपक्षीय र बहुपक्षीय पारस्परिक सम्झौता आवश्यक पर्दछ। पारस्परिक सम्झौता र सहयोग बिना यस्ता सन्धि सम्झौताहरू कार्यान्वयन गर्न कठिनाइ हुने गर्दछ। मानव बेचबिखनका कतिपय अपराधीहरू विदेशमा बसी नेपालीहरूलाई बेचबिखनमा पारेको वा पारिएको भए पनि मानव बेचबिखनको अपराधअन्तर्गत कारबाही हुन सकेको अवस्था छैन। कानूनी सहायता तथा सुपुर्दगी सम्बन्धी आवश्यक कारबाहीको अभावमा बेचबिखनबाट पीडित/प्रभावितहरूको उद्धार चुनौतिपूर्ण छ।

**(३) झन्झटिलो प्रक्रिया र द्रुतन्यायको अभावः**

मानव बेचबिखन तथा ओसारपसार विरुद्धको मुद्धा सरकारवादी मुद्दा हो। मानव बेचबिखन तथा ओसारपसारका पीडित/प्रभावितहरू प्राय विपन्न समुदायको हुने भएकोले अदालतसम्म पीडित/प्रभावितहरूको पहुँच कम हुन्छ। मुद्धा दर्ता गर्ने कार्यकालागि यथेष्ठ प्रमाण जुटाउन नसक्दा उजुरी प्रक्रिया सहज, सरल, पीडितमैत्री मानिदैन। मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी अपराध मुद्दामा निरन्तर सुनुवाई एवं तत्काल फैसला गर्नुपर्नेमा व्यवहारमा त्यस्तो भएको पाइदैन। मुद्दाहरू समयमानै फैसला नहुँदा पीडित/प्रभावितहरूले थप पीडा व्यहोर्नु परेको छ भने पीडकहरु कानूनी दायरा भन्दा बाहिर छन्। मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित मुद्धाहरूलाई संक्षिप्त कार्यविधि ऐन २०२८ अपनाएर छिटो छरितो रुपमा न्याय सम्पादन गर्ने प्रावधान भएता पनि व्यवहारमा प्रभावकारी रुपमा लागु भएको पाइदैन।

**(४) पीडक माथिको कारबाहीः**

मानव बेचबिखना तथा ओसारपसार एक संगठित अपराध भएकोले पीडकहरूलाई प्रक्राउ गरी तत्काल कारबाही गर्न सकिएको अवस्था छैन । पीडकहरू प्राय अन्य देशमा फरार रहने, प्रक्राउ परेका पीडकहरू समेत राजनितिक संरक्षणले गर्दा सजिलै उन्मुक्ति हुने घटनाहरूले ठूलो चुनौति खडा गरेको छ।कमजोर, अस्पष्ट र जटिल कानूनी व्यवस्थाका कारण प्रक्राउ परेका पीडक पक्षबाट पीडित/प्रभावितलाई आर्थिक प्रलोभनमा पारी मुद्धा फिर्ता लिन लगाउने, बयान फेर्न लगाउने, पीडक पीडितकै नातेदार हुने हुँदा मुद्धा दायर नगर्ने जस्ता कारणले पीडकले सधैं उन्मुक्ति पाउँदै आएको अवस्था छ । यस्ता घटनाहरूले पीडकहरूले प्रोत्साहन पाइरहेको र पीडित/प्रभावितहरूले थप पिडा भोग्नु परेको अवस्था छ ।

**(५) प्रभावकारी नियमन तथा निरन्तर अनुगमनको कमीः**

मानव बेचबिखन तथा ओसारपसारका घटनाहरू विभिन्न बाहानामा विस्तार भइरहेको अध्ययन, अनुसन्धान तथा अनुगमन प्रतिवेदनले देखाउँदछ । नेपालमा उद्योगका नाममा खोलिएका विदेशी नागरिकसँग विवाह गराइदिने म्यारिज ब्यूरो संस्था, सांस्कृतिक/सांगीतिक कार्यक्रमका नाममा विदेश यात्रा गराउने कम्पनी, वैदेशिक रोजगारका एजेन्सी, शिक्षा आर्जनका नाममा विदेश पठाउने कन्सल्टेन्सी, मनोरञ्जन क्षेत्रका व्यावसायिक उद्योगहरूलाई मानव बेचबिखन कार्यमा संलग्न रहेको आरोप लाग्दै आएको पाइन्छ । यस्ता केही संस्थामाथि कारबाहीसमेत भएको छ । संस्थागत रुपमा मानव बेचबिखन कार्यमा संलग्न संस्थाहरूको अनुगमन गरी दोषी ठहर भएमा कारबाही गर्ने परिपाटीको अभाव छ । यसले गर्दा आन्तरिक एवं वाह्य रोजगारीको नाममा खासगरी श्रमिकहरूको श्रमशोषण तथा यौन शोषण भइरहेको विभिन्न अध्ययन प्रतिवेदनले देखाएको छ।उद्योगसम्बन्धी भएका सरकारी नीति तथा कानूनको पालना भए नभएको समेत प्रभावकारी नियमन तथा अनुगमन गर्न नसक्दा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा चुनौति थपिएको छ ।

## ४.५ क्षमता विकास सम्बन्धी चुनौति

**(क) जीवन उपयोगी शिक्षाको अभावः**

सीपयुक्त शिक्षाको माध्यमबाट मात्र सामाजिक विकृति हटाई समाजलाई सकारात्मक सोंचतर्फ अघि बढाउन मद्दत गर्दछ।सीपयुक्त व्यक्तिहरू रोजगारी वा स्वरोजगारीमा संलग्न रहने हुँदा त्यस क्षेत्रमा मानव बेचबिखनसँग सम्बन्धित पीडकहरू प्रवेश नै गर्न सक्दैनन। विगतको मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको तथ्याङ्क विश्लेषण गर्दा बढी मात्रामा विपन्न र बेरोजगार वर्गका व्यक्तिहरू पीडित भएको देखिन्छ । हालको शिक्षा प्रणालीले दक्ष जनशक्ति उत्पादन गर्न नसक्नु र शिक्षालाई रोजगारसँग जोड्न नसक्नुका कारण पनि मानव बेचबिखन तथा ओसारपसारका घटनाहरु बढेको पाइन्छ ।

**(ख) कमजोर आर्थिक अवस्था र बेरोजगारीः**

मानव बेचबिखन अनुसन्धान ब्यूरोका तथ्यांकका अनुसार मानव बेचबिखन तथा ओसारपसारको क्रियाकलापमा संलग्न र बेचबिखनबाट पीडित/प्रभावित हुने दुवै समूहका व्यक्तिहरू धेरैजसो १९ देखि ४५ वर्षसम्मका उर्जाशील उमेरका, बेरोजगार तथा कमजोर आर्थिक अवस्थाका रहेको देखाउँछ । यो तथ्यांकले वेरोजगारी तथा जीविकोपार्जनको विकल्पको रुपमा मानव बेचबिखन तथा ओसारपसार जस्तो जघन्य अपराधिक घटनामा संलग्न हुन र पीडित/प्रभावित हुन परेको स्थिति देखिन्छ । यसबाट कमजोर आर्थिक अवस्था तथा रोजगारीको अभावमा मानव बेचबिखनको कार्यले प्रश्रय पाइरहेको देखिन्छ ।

**(ग) सुदृढ सूचना तथा तथ्याङ्क प्रणालीको अभावः**

सही सूचना तथा तथ्याङ्कको आधारमा मात्र कुनै पनि क्षेत्रको व्यवहारिक तथा कार्यान्वयन योग्य योजना तर्जुमा गर्न सकिन्छ। मानव बेचबिखन सम्बन्धी क्रियाकलापहरूबाट पीडित/प्रभावितहरूले सूचना बाहिर ल्याएको अवस्थामा मात्र सूचना तथा तथ्याङ्क प्राप्त हुने गरेको छ। वास्तिवक सूचना तथा तथ्याङ्कको अभावमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कार्य प्रभावकारी रुपमा नियन्त्रण हुन सकिरहेको छैन।यसरी वास्तविक सूचना तथा तथ्याङ्कको अभावमा समग्र क्षमता विकासमा चुनौति थपेको देखिन्छ।

**(४) क्षमता विकासको अवसरमा कमीः**

आर्थिक रुपले विपन्न वर्गलाई आधारभूत शिक्षा, ज्ञान र सीप प्रदान गरी व्यवहारिक ज्ञान तथा सीपयुक्त जनशक्ति उत्पादन गर्नु आजको चुनौति हो। जसले गर्दा ज्ञान र सीपको अभावमा व्यक्तिहरु रोजगारको अवसरहरू प्राप्त नहुँदा जीवनयापन गर्न जोखिमयुक्त कामहरू गर्न बाध्य भएको अवस्था छ। यसबाट मानव बेचबिखन तथा ओसारपसार जस्तो अपराधजन्य कार्यमा संलग्न हुने गरेको देखिन्छ। यसरी मानव बेचबिखनजस्तो निकृष्ट कार्य नियन्त्रणकालागि आवश्यक क्षमता विकास तथा रोजगारीका अवसरको कमी एउटा मुख्य चुनौतिको रुपमा देखा परेको छ।

## ४.६ समन्वय, सहयोग र सहकार्य सम्बन्धी चुनौति

**(क) संयुक्त पहलको कमीः**

मानव बेचबिखन तथा ओसारपसार कार्य विश्वव्यापी संगठित अपराध भएकोले यसलाई नियन्त्रण गर्न पनि एकल प्रयासबाट सम्भव देखिदैन। मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको संरक्षण कार्यमा सरकारी निकाय तथा गैरसकारी संघसंस्थाहरूको प्रयास आआफ्नै तवरले गर्दा नियन्त्रण कार्य आशातित रुपमा नतिजा प्राप्त हुन सकेको छैन।

सरोकारवालाहरू बीचको समन्वय, सहयोग र सहकार्य प्रभावकारी हुन नसक्दा मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको संरक्षण कार्य चुनौतिपूर्ण बनेको छ। सरोकारवालाहरूबाट भईरहेको संरक्षणको पहल पनि आ-आफ्नै तरिका तथा फरक मापदण्ड हुँदा, मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको संरक्षणकालागि प्रभावकारी समन्वय, सहयोग, सहकार्य तथा साझेदारीमा संयुक्त पहल हुनु जरुरी देखिन्छ। यसकालागि महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय देखि स्थानीय तहको वडासम्म पहुँच पुग्ने गरी समन्वयात्मक भूमिका निभाउनु पर्ने देखिन्छ।

**(ख) उपयुक्त सहजीकरण व्यवस्थाको अभावः**

नेपालको सीमाना पूर्व, पश्चिम र दक्षिणतर्फ भारत र उत्तरतर्फ चीनजस्तो विशाल देशसँग जोडिएको छ। नेपाल र भारत बीच रहेको खुल्ला सीमानाका कारण स्वतन्त्रपूर्वक आवतजावत गर्न सकिने भएकोले मानव बेचबिखन तथा ओसारपसारको क्रियाकलाप नेपालको लागि चुनौतिपूर्ण रहेको छ। भारतको भूमि प्रयोग गरी विश्वको अन्य मूलुकमा मानव बेचबिखन तथा ओसारपसार कार्य भईरहेकोले यो कार्य मानव बेचबिखन नियन्त्रणका लागि यस विषयसँग सरोकार राख्ने देशहरूका बीचमा परस्पर समन्वय, सहयोग तथा सहकार्यको आवश्यकता देखिन्छ। वाह्य देशमा घटेको मानव बेचबिखन घटनाका पीडित/प्रभावित र अभियुक्तहरूको स्वदेश फिर्ती सम्बन्धित देशहरू बीच समन्वय र सहजीकरणबाट मात्र सम्भव हुन्छ। यसका लागि मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कार्यमा जिम्मेवार सबै सरकारी तथा गैर सरकारी सरोकारवालाहरू बीच समन्वय र सहकार्य हुनु आवश्यक छ। नीतिगत रुपमा समन्वय र सहकार्य हुने व्यवस्था भएता पनि व्यवहारमा यस किसिमको सहज वातावरण सिर्जना हुन नसक्दा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण चुनौतिपूर्ण देखिन्छ।

**(ग) सचेतनामूलक कार्यक्रममा नयाँपनको अभावः**

मानव बेचबिखन तथा ओसारपसारका घटनाहरू घट्ने प्रक्रिया, आयाम, क्षेत्र निरन्तर परिवर्तन हुँदै आएको पाइन्छ।यसको नियन्त्रणका लागि अन्तर्राष्ट्रिय महासन्धि तथा अनुबन्धन स्थापित गरिएका छन्। महासन्धि तथा अनुबन्धन कार्यान्वयनका लागि द्विदेशीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय समन्वय, सहयोग तथा सहकार्यको आवश्यकता हुन्छ। यसको कार्यान्वयनका लागि ऐन कानूनको निर्माण भएता पनि व्यवहारिक पक्ष कमजोर देखिन्छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भइरहेको मानव बेचबिखन तथा ओसारपसारका नयाँ आयामहरू नियन्त्रण गर्न मानव बेचबिखनको नयाँ योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्नु आवश्यक छ।

## ४.७ निष्कर्ष

मानव बेचबिखन तथा ओसारपसार विश्वभर संगठित रुपमा विस्तार भइरहेको बहुआयामिक, अन्तर्देशीय तथा बहुक्षेत्रीय प्रकृतिको घटनाको रुपमा रहेको अपराधिक एवं निकृष्ट कार्य हो। यो अपराधिक कार्य आधुनिक युगमा मानव सभ्यताको विकासको लागि एउटा कठिन चुनौतिको रुपमा रहेको छ। यसको निरोध, नियन्त्रण र निराकरणकालागि नेपालको एकल प्रयासबाट मात्र सम्भव नदेखिएकोले विश्व समुदायको संयुक्त पहल आवश्यक देखिएको छ।

- विगतका दशकमा मानव बेचबिखनका दृष्टिकोणमा नेपाललाई स्रोतमुलुक र भारतलाई गन्तब्य मुलुकमा रहेको मानिने गरिएकोमा हाल स्रोत, ट्रान्जिट तथा गन्तब्य मुलुकको रुपमा समेत परिचित भएको छ।
- नेपाली महिला र बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार एसिया, मध्यपूर्व, अफ्रिका, युरोप र अमेरिका लगायत अन्य मुलुकसम्म पुगेको विषय सरकारी तथा सामाजिक अभियन्ताबाट उद्धार गरिएको तथ्याङ्कबाट समेत पुष्टी भएको छ।
- नेपालका मुख्य शहरहरुलाई ट्रान्जिट बनाउँदै अन्तरराष्ट्रिय बजारसम्म पुर्‍याउन विशेष गरी भारतीय मार्ग प्रयोग भइरहेको देखिन्छ।
- भारतसँगको सीमा नाकामा प्रहरी र माइती नेपालको उपस्थिति देखिएपनि नेपाल भारतबीच खुला सीमानाको कारण मानव बेचबिखन तथा ओसारपसार कार्य बढीरहेको देखिन्छ।
- वैदेशिक रोजगारीमा जाँदा लेनदेनमा कुरा नमिलेपछि मात्र ती मुद्धाहरु मानव बेचबिखन अनुसन्धान ब्यूरोमा आउने गरेको पाइन्छ।
- चरम गरीबीका कारण घरेलु हिंसाबाट पीडित/प्रभावित महिला तथा बालबाबालिकाहरू कृषि, उद्योग, वन, निर्माण, यातायात, मनोरञ्जन, होटेल, पर्यटन आदि क्षेत्रमा औपचारिक अनौपचारिक रुपमा जबरजस्ती श्रम र यौन शोषण जस्ता निकृष्ट काममा संलग्न भएको पाइन्छ।
- नेपाली समाजमा घरेलु तथा महिला हिंसाका घटनाहरू निषेध गरिएता पनि यस्ता मानव तस्करी, मानव दासत्व, मानव बेचबिखन तथा ओसारपसार रोकिएको छैन।
- न्यून आर्थिक/सामाजिक हैसियत भएका परिवारका कम उमेरका महिला, किशोरी, युवा र बालबालिकाहरू बेचबिखनको जोखिममा रहेका हुन्छन्।
- अन्तर्राष्ट्रिय श्रम बजारमा यौन व्यावसायका लागि माग अत्यधिक भएकोले किशोरीहरू, महिला तथा बालिकाहरू आफ्नै परिवार, नातागोता तथा छिमेकी परिचितहरू र आफन्तबाट बेचिने गरेको पीडित/प्रभावितले दिएको निवेदनबाट पुष्टी हुने गरेको छ।

- धन कमाएर समाजमा प्रतिष्ठित भई समाजमा बस्न र परिवारका आधारभूत आवश्यकता पुरा गर्न बैदेशिक रोजगारीको खोजीको क्रममा तस्करहरुको सम्पर्कबाट बेचिन पुग्दछन।
- पीडकहरू पनि शारीरिक परिश्रम नगरी बिना लगानी सजिलै धन कमाउन सकिने प्रलोभनमा मानव बेचबिखन तथा ओसारपसार कार्यमा संलग्न भई दलाल बन्न पुग्दछन्।
- वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरूको सोझोपनको फाइदा उठाउँदै दलालहरू ठगी, ढाँट, छलकपट, मानव तस्करी जस्ता जघन्य अपराधका कार्यहरू गराउन सफल भएको देखिन्छ।
- विदेशी नागरिकता पाउने र त्यसको आधारमा सजिलै रोजगारी प्राप्त हुने प्रलोभनमा परी विदेशी नागरिकसँग विवाह गर्ने मानव बेचबिखनको पीडकहरूको फन्दामा पर्ने नेपालीहरू विदेशी भूमिमा बेचिएको विभिन्न समयमा प्रकाशित तथ्यांकबाट जानकारी हुने गरेको छ।
- मानव बेचबिखनजस्तो जघन्य अपराधमा पनि पैसाको प्रलोभन, आफन्तहरूको भनसुनले मेलमिलाप हुने हुँदा पीडित/प्रभावितहरू मुद्धा मामिलाको झन्झट गर्न चाहदैनन।
- पीडकहरू आफन्तनै हुने हुँदा पनि पीडित/प्रभावितहरूलाई परिवारका सदस्य, आफन्त, समाज, राजनीतिक दलहरूको दबाबका कारण मानव बेचबिखनका, पीडक तथा अपराधीहरूलाई कानूनी दायरामा ल्याउन सकिएको अवस्था छैन।
- मानव बेचबिखनजस्तो फौजदारी अभियोगमा पनि गाउँपालिका/समाजमै रकम लेनदेनमै मुद्धा टुंग्याएका प्रशस्त उदाहरणहरू भेटिन्छन्।
- बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूलाई समाजले हेर्ने दृष्टिकोण सकारात्मक नहुँदा पीडित/प्रभावितहरूलाई समाजले अनेक सामाजिक लाञ्छना लगाउने र सामाजिक बहिष्करण गर्ने गरेको पाइन्छ।
- पीडित/प्रभावितहरू पीडकको धम्कीका कारण समाजमा उचित संरक्षण, सुरक्षा, क्षतिपूर्ति एवम् न्याय प्राप्त गर्न सक्ने स्थिति नहुने महशुस गरी मानव बेचबिखनका धेरै घटनाको अनुसन्धान अभियोजन नै हुँदैनन्।
- पीडकलाई कार्वाही गर्दा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कानूनको सट्टा वैदेशिक कानून अन्तर्गत सामान्य लेनदेन देवानी मुद्दाको रुपमा कारबाही गर्ने अभ्यासले पनि मानव बेचबिखनका घटना दोहोरिरहेको अवस्था देखिन्छ।फलस्वरुप वैदेशिक रोजगारका क्रममा मानव बेचबिखनबाट पीडित/प्रभावित व्यक्तिहरू पुनःपीडित भई थप अन्यायमा परेको देखिन्छ।
- सङ्घीय शासन प्रणाली र नेपालको संविधानमा ब्यवस्था गरिएका प्रावधानहरूको कतिपय सवालमा मेल खाएको अवस्था देखिदैन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ११ मा गाउँपालिका तथा नगरपालिलकाको काम कर्तव्य र अधिकारमा सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक सन्तुलन गुमायका व्यक्तिहरूको पनुर्स्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनगुमन र नियमन, गर्ने जिम्मेवारी तोकेको छ तर मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी कुनै पनि व्यवस्था गरेको छैन।महिला बालबालिका जिल्ला कार्यालय विघटन गरी स्थानीय तह अन्तर्गत समायोजन गरियता पनि स्थानीय तहकै काम कर्तव्य र अधिकार अन्तरगत समावेश नहुँदा यी सवालहरू ओझेलमा परेको देखिन्छ।

- वैदेशिक रोजगारीलाई टेवा पुर्‍याउनकालागि स्थापित अधिकांश वैदेशिक रोजगारका एजेन्सीहरू, सांस्कृतिक/सांगीतिक कार्यक्रमका नाममा विदेश यात्रा गराउने कम्पनीहरू, विदेशी नागरिकसँग विवाह गराइदिने म्यारिज ब्यूरो जस्ता संस्था, मनोरञ्जन क्षेत्रमा कार्यरत विभिन्न किसिमका व्यावसायमूलक संस्थाहरूले सेवाभन्दा बढी नाफा कमाउने मनसाय राख्दा मानव बेचबिखन तथा ओसारपसार जस्ता जघन्य अपराधका घटनाहरू बढिरहेका छन्।
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका क्षेत्रमा अध्ययन अनुसन्धान कार्यकालागि यथेष्ट लगानी नहुँदा सार्क महासन्धि, पार्लेमो प्रोटोकल लगायतका अनुमोदन गरिसकिएका अनुबन्धनहरूको प्रावधान कार्यान्वयनकालागि पनि पारस्परिक कानूनी सहायता, सुपुर्दगी र नेपाली श्रमिकहरूको हितका निम्ति द्विपक्षीय र बहुपक्षीय प्रबन्ध मिलाउन आवश्यक देखिएको छ।
- सरकारले मानव बेचबिखनको नियन्त्रणका क्षेत्रमा कानून निर्माण गर्दै आएता पनि मानव बेचबिखनका स्वरूप र बाटोहरू परिवर्तन हुँदै गएका छन्। यसको नियन्त्रणका लागि सबै सरोकारवाला पक्षहरूसँग वृहत छलफल गरी दीर्घकालिन लक्ष्य सहित कदम चलाउनुपर्ने देखिन्छ। अभियुक्तले अन्तर्राष्ट्रिय सञ्जाल निर्माण गरी बेचबिखन गर्ने गरेको विभिन्न घटना तथा अध्ययनले देखाएको छ।
- सरकारले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा समेटिएको बेचबिखनको परिभाषा मानव बेचबिखनको अन्तर्राष्ट्रिय परिभाषासँग मेल खाएको छैन। यस ऐनमा "मानव बेचबिखन" भन्नाले कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने, कुनै प्रकारको फाइदा लिइ वा नलिई वेश्यावृतिमा लगाउने, प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने र वेश्यागमन गर्ने कार्यलाई बुझाएको छ। यसको परिभाषामा बल प्रदर्शन, जालसाजी वा करकापलाई आधारभूत कसुरको अनिवार्य तत्त्वको रूपमा समावेश गरेको छैन। यस ऐनमा व्यवस्था गरे अनुसार बाध्यात्मक श्रमलाई स्पष्ट रूपमा सम्बोधन गरेको छैन।
- कानूनले "मानव ओसारपसार" लाई वेश्यावृतिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबरजस्ती गरी शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोश पारी, पद वा शक्तिको दुरुपयोग गरी अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, पद वा शक्तिको दुरूपयोग गरी, डर त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसाँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई लिने दिने कार्यलाई बुझाउँछ।
- दलालहरूले श्रम सम्झौता नभएका देशमा मानिसहरू लैजानकालागि सबैभन्दा पहिले दुबईमा पर्यटन भिसामा पुर्‍याउने र त्यहाँबाट रु पाँच लाख सम्म लिएर लिविया, सिरिया र कुवेत लगायतका श्रम स्वीकृति नभएका देशमा पुर्‍याउने गरेको पाइन्छ।

## ४.८ सुझावहरू

संघीय शासन प्रणाली तथा संरचना अनुसार नयाँ नीति, कानून तथा संस्थागत अभ्यासको शुरुवात भइसकेको यस परिप्रेक्ष्यमा मानव बेचबिखन तथा ओसारपसार जस्तो संगठित अपराध नियन्त्रणका लागि दीर्घकालिन कानूनी व्यवस्था लागु गर्दै जान आवश्यक देखिएको छ। नयाँ शासन प्रणाली लागु हुनु पूर्वका साविक मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी नीति,

कानून, नियम, निर्देशिका, कार्ययोजना तथा कार्यक्रमहरूलाई (राज्य पुनर्संरचना अनुसार) प्रभावकारी कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका लागि सम्बन्धित साझेदार तथा सरोकारवालाहरूको भूमिका स्पष्ट रुपमा निर्धारण हुने गरी परिमार्जन गर्नुपर्ने देखिन्छ। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि यस प्रतिवेदन मार्फत तपशिल बमोजिमको सूझावहरू प्रस्तुत गरिएका छन्।

- दोहोरी साँझ, डान्सवार, मसाज सेन्टर जस्ता क्षेत्रलाई मनोरञ्जन क्षेत्र भन्ने गरिएकोले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा असहज भएको देखिन्छ। यस्ता क्षेत्रलाई मानव बेचबिखन तथा ओसारपसारको परिभाषा समावेश गरी नियमन गर्नुपर्ने देखिन्छ।
- मानव बेचबिखन तथा ओसारपसारमा संलग्नताको आरोप लागेका अभियुक्तहरू, कामदार छनौट कर्ताहरू र श्रम बेचबिखनका लागि सब-एजेन्टहरूलाई बेचबिखन कसुरहरू सम्बन्धी अनुसन्धान, अभियोजन र अभियोगहरू लगाई सत्य तथ्य कुरा पत्ता लगाउने।
- संवेदनशिल क्षेत्रहरूका विद्यालय तहका विद्यार्थीलाई श्रव्य र दृश्य सामग्रीहरू मार्फत मानव बेचबिखनको अवस्था, कारण, दलालहरूले अपनाउने तौरतरिका, सम्पर्क स्थानहरू, कानूनी व्यवस्था, वैदेशिक रोजगार, सुरक्षित बसाईसराई र मानव बेचबिखन विरुद्ध विद्यार्थीको भूमिका लगायतको बारेमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।
- वैदेशिक रोजगार ऐन २०६४ को दफा ४३ मा इजाजतपत्र नलिइकन वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमा वा कसैलाई वैदेशिक रोजगारीमा लगाइदिन्छु भनी झुट्टो आश्वासन दिई वा प्रलोभन देखाई वैदेशिक रोजगारीमा लगाइदिने उद्देश्यले कुनै रकम लिएमा वा विदेश पठाएमा त्यसरी लिएको रकम र सो अन्तर्गतको पचास प्रतिशतले हुने हर्जाना वापत असूल गरी त्यस्तो व्यक्तिलाई विदेश जान र आउन लागेको खर्च समेत भराइ निजलाई तीन लाख रुपैयादेखि पाँच लाख रुपैयासम्म जरिवाना र तिन वर्षदेखि सात वर्षसम्म कैद हुनेछ।विदेश पठाई नसेको भए सो सजायको आधा सजाय हुने व्यवस्थाले अभियुक्तलाई उम्कन सजिलो भएको पाइन्छ।यस्ता प्रकृतिका मुद्धाहरू मानव बेचबिखन तथा अनुसन्धान ब्यूरोलाई दिनुपर्दछ।
- सबै पीडित/प्रभावितहरू, विशेष गरी पुरुष तथा किशोरहरू र विदेशमा शोषित कामदारहरूका लागि आश्रय स्थल र स्वदेश फिर्ता लगायत पीडित/प्रभावितको हेरचाह र क्षमता विस्तार गर्ने।
- नीतिको पूर्ण कार्यान्वयन तथा अनुगमनलाई सहज बनाउन वैदेशिक रोजगार विभागमा कार्यरत कर्मचारी, तालिम र स्रोतसाधन बढाउने।
- नेपाली म्यानपावर व्यवसायीहरूले कामदारहरू छनौट वा नियुक्ति शुल्क हटाउन र कुनै पनि छनौट शुल्क रोजगारदातालाई तिराउनका लागि कदम चाल्ने।
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनमा व्यवस्था गरिएका पीडित/साक्षीको सुरक्षा सम्बन्धी प्रावधानहरू लागु गर्ने।
- बालगृह तथा अनाथालयहरूको अनुगमनलाई उल्लेखनीय रूपमा वृद्धि गर्ने र हेरचाह सम्बन्धी सरकारका न्यूनतम मापदण्ड पुरा नगर्नेहरूलाई जवाफदेही बनाउने।
- श्रम निरीक्षकहरूलाई वयस्क मनोरञ्जन क्षेत्रमा हुने श्रम उल्लङ्घनको निगरानी गर्ने अधिकार दिने।

- निति नियमहरू समय सापेक्ष परिमार्जन गर्ने ।
- महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयलाई आवश्यक बजेट र जनशक्तिको व्यवस्था गरी गैर सरकारी संस्था तथा स्थानीय तहसँग समन्वय गरी प्रभावकारी रुपमा काम गर्ने ।
- जोखिम समुदायलाई आय आर्जन हुने खालका काममा सहभागी बनाई उनीहरूको क्षमता अभिवृद्धि गर्नुपर्ने
- महिला वैदेशिक कामदारमाथिका वर्तमान सर्त तथा प्रतिबन्धहरू हटाउने र मानव बेचबिखनबाट नेपाली कामदारहरूलाई संरक्षित गर्ने अधिकारमा आधारित, कार्यान्वयन योग्य सम्झौताहरू निर्माण गर्न गन्तब्य मुलुकका सरकारहरूलाई संलग्न गराउने ।
- श्रम स्वीकृति नलिइ पर्यटक भिसामा कामदारहरु जाने क्रम बढेकोले त्यसको नियन्त्रणका लागि निगरानी बढाउनु पर्ने ।
- राष्ट्रिय कार्ययोजनाको मस्यौदालाई अन्तिम रूप दिइ कार्यान्वयन गर्ने ।
- राज्यविहीन व्यक्तिहरू, अन्तर्राष्ट्रिय रूपमा मान्यताप्राप्त शरणार्थीहरू र शरणको खोजी गरिरहेकाहरूलाई बैद्यता प्रदान गर्ने ताकि उनीहरू काम गर्न, विद्यालय जान र सामाजिक सेवाहरू प्राप्त गर्ने वातावरण सृजना गर्ने ।

**स्थानीय सरकारको भूमिका**

(क) मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले संवेदनशिल स्थानीय तहहरुले सङ्घीय सरकारबाट प्राप्त मार्गदर्शन र नमूना कानूनलाई आधार मानी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी कानून तर्जुमा गर्नुपर्ने ।

(ख) मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले संवेदनशिल क्षेत्रमा स्थानीय तहको मातहतमा रहने गरी स्थानीय संयन्त्र निर्माण गरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कार्य सञ्चालन गर्ने ।

(ग) मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले संवेदनशिल क्षेत्र पहिचान गरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि गैससहसँग समन्वय र सहकार्यमा सचेतनामूलक कार्यक्रम समुदाय स्तरमा सञ्चालन गर्ने ।

(घ) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि स्थानीय भाषामा सन्देशमूलक सडक नाटक, जिंगल टेलिफिल्म, पोस्टर, पम्पलेट, डिजिटल होर्डिङबोर्ड, उत्पादन तथा प्रसारण गर्ने ।

(ङ) वैदेशिक रोजगारीमा जाने युवा वर्गलाई लक्षित गरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

(च) मानव बेचबिखन तथा ओसारपसारका दृष्टकोणबाट संवेदनशिल क्षेत्रका टोल समुदायमा अपरिचित व्यक्तिको आवागमन र अवाञ्छित क्रियाकलापको निगरानी गरी सम्बन्धित प्रहरी कार्यालयमा सूचना दिने कार्यका लागि बाल क्लब लगायतका अन्य सञ्जाललाई सशक्त बनाउने ।

(छ) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी स्थानीय कोष स्थापना गरी प्रभावकारी रुपमा परिचालन गर्ने ।

(ज) स्थानीय तहमा महिला बालबालिका शाखालाई सम्बन्धित कार्यमा क्रियासिल गराउने।

(झ) मानव बेचबिखन नियन्त्रणका लागि अन्तरदेशीय समन्वय र सहकार्य गर्नुपर्ने।

(ञ) महिला विकास कार्यालयको भूमिका स्थानीय तहमा कार्यरत महिला विकास शाखालाई दिइएकोले प्रभावकारी कार्यान्वयनका लागि आवश्यक बजेट तथा जनशक्तिको व्यवस्था गर्न पहल गर्नुपर्ने।

(ट) भारतसँगको खुला सिमानामा सुरक्षा निगरानी प्रभावकारी बनाउनु पर्ने।

(ठ) कानून कार्यान्वयन निकायलाई सबल एवं प्रभावकारी बनाउने।

(ड) राष्ट्रिय समिति र जिल्ला समितिको बैठक निरन्तर रुपमा बस्नु पर्ने।

(ढ) बेचबिखन विरुद्ध कार्यरत अन्तर सरकारी तथा गैरसरकारी निकाय बीच प्रभावकारी समन्वयमा जोड दिने।

(ण) कानून कार्यान्वयन सम्बन्धमा आवधिक अनुगमन तथा मुल्याङ्कन गर्ने प्रणालीको विकास गर्ने।

(त) उद्दार गरिएका पीडित/प्रभावितहरूको पुनर्स्थापना गर्दा रोजगारीको सुनिश्चिततामा ध्यान दिने।

(थ) पीडित/प्रभावितहरूलाई स्वयं जाहेरी दिने उत्प्रेरित गर्नुपर्ने।

(द) मानव बेचबिखनमा संगठित अपराधिक समूहको संलग्नता हुने हुँदा उत्पत्तिको राष्ट्र र गन्तब्यको राष्ट्र बीच नियन्त्रणको लागि पारस्परिक सहयोगको आदान प्रदान गर्ने।

(ध) सम्वेदनशिल समुदायका मानिसहरूलाई वैकल्पिक रोजगारीको अवसर सृजना गरी सीपमूलक तथा स्वरोजगारमूलक तालिमको व्यवस्था गर्ने।

(न) महान्यायाधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदन(२०७७/७८) का अनुसार मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा पर्यटक भिसा र वैदेशिक रोजगारको नाममा हुने मानव तस्करीलाई कसुर कायम हुने गरी कानूनी व्यवस्था गर्नु उपयुक्त हुने।

**(क) निरोध**

मानव बेचबिखन तथा ओसारपसारका सम्बन्धमा मानव बेचबिखन तथा ओसारपसारका घटना क्रियाकलाप रोक्नु, प्रतिबन्ध लगाउनुलाई निरोध भनिएको छ। यसको उद्देश्य मानव बेचबिखनका घटना घट्नै नदिने हो। यस उद्देश्य प्राप्तिका लागि मानव बेचबिखनको दृष्टिले जोखिममा रहेका क्षेत्र, समुदाय तथा समूहको पहिचान गरी सचेतना अभिवृद्धिका साथै सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छायसका लागि तपशिलमा उल्लेखित कार्यक्रमहरू गर्न उपयुक्त हुन्छ।

१) मानव बेचबिखन तथा ओसारपसारविरुद्धको दश वर्षे राष्ट्रिय कार्ययोजना, २०६८ को अवधि समाप्त भैसकेको छ।देशमा नयाँ सङ्घीय शासन प्रणाली लागु भएपश्चात मानव बेचबिखन तथा ओसारपसारविरुद्धको दश वर्षे राष्ट्रिय कार्ययोजनाको मस्यौदा तयार भइसकेको छ।

२) राष्ट्रिय कार्ययोजना, २०६८ को मध्यावधि मूल्याङ्कन प्रतिवेदनले औंल्याएका सुझाव समेतको आधारमा कार्ययोजना तर्जुमा गर्नुपर्ने।

३) विभिन्न समयमा गरिएको अध्ययन अनुसन्धानका तथ्याङ्कले आर्थिक रुपले विपन्न, सामाजिक विभेदमा रहेका, अप्ठ्यारो अवस्थामा जीवन गुजारिरहेका व्यक्तिहरू नै मानव बेचबिखन तथा ओसारपसारबाट

पीडित/प्रभावित हुन पुगेको देखाउँदछ । यी वर्गहरूको पहिचान गरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका विशेष कार्यक्रमहरू सञ्चालन गरर्नुपर्ने हुन्छ ।

४) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका क्षेत्रमा धेरै सरकारी तथा गैर सरकारी संघसंस्थाहरू कार्यरत रहेका छन्।यी संघसंस्थाहरू आ-आफ्नो ढङ्गले आ-आफ्नो क्षेत्रमा क्रियाशिल रहँदा एउटै क्षेत्रमा एउटै विषयमा सरकारी निकाय तथा गैरसरकारी संघसंस्थाहरू कार्यरत हुने सम्भावना हुन्छ । सुगममा धेरै संघ संस्थाहरूले काम गर्ने भएता पनि विकटमा कार्यक्रम नपुगेको अवस्था छ । सबै क्षेत्रका नागरिकहरूमा बेचबिखन विरुद्ध सचेतना बढाउने उद्देश्यमा लागि परेका सबै सरकारी तथा गैरसरकारी निकायहरूले एकीकृत रुपमा क्रियाकलापहरू सञ्चालन गर्न एक आपसमा सम्पर्क, समन्वय, सहयोग तथा सहकार्य गर्नुपर्ने देखिन्छ ।

५) सङ्घीय संरचना अनुसार संविधानमा तीनै तहको सरकारलाई आ-आफ्नै स्वायत्त अधिकार र कर्तव्यको व्यवस्था निर्दिष्ट गरेको छ । संघ, प्रदेश तथा सबै स्थानीय तहरूले आ–आफ्नो क्षेत्रमा मानव तस्करी, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी विषयलाई अनिवार्य रुपमा समावेश गर्नुपर्दछ । लैङ्गिक समानता, घरेलु हिंसा, मानव तस्करी, सुरक्षित आप्रवासनजस्ता विषयहरू समावेश गरी निरन्तर रुपमा मानव बेचबिखन विरुद्ध कार्यक्रम सञ्चालन गरिनु वाञ्छनीय हुन्छ ।

६) मानव बेचबिखन कार्यमा संलग्न अभियुक्तलाई कडा कारबाही गर्न सकिने कानूनको निर्माण गरी मानव बेचबिखन तथा ओसारपसार पूर्ण रुपमा नियन्त्रण गरिनुपर्छ । कानूनको प्रभावकारी कार्यान्वयनका लागि निरन्तर अनुगमन प्रणालीको विकास गरी लागु गर्न जरुरी छ ।

७) मानव बेचबिखनबाट पीडित/प्रभावितहरूलाई पुनःपीडित हुनबाट जोगाउन उनीहरूको समस्याको पहिचान गरी समस्याको सम्बोधन गर्न आवश्यक सहयोग/सहजीकरण गर्नुपर्ने हुन्छ।

८) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सञ्चारका सबै साधनहरूलाई प्रयोग गरी लक्षित वर्गसम्म सूचना प्रवाह गर्ने नीति अवलम्वन गर्नु पर्दछ।मानव बेचबिखन, मानव तस्करी, बालविवाह, दाइजो, घरेलु हिंसा, छुवाछुत जस्ता हिंसा विरुद्ध सचेतना जगाउने कार्यमा प्रत्येक छापा तथा विद्युतीय सञ्चार माध्यमहरूलाई परिचालन गरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको कार्य निरन्तर जारी राख्नु पर्दछ ।

९) मानव बेचबिखन तथा ओसारपसार विरुद्ध आम नागरिकमा व्यापक रुपमा सूचना प्रवाह गर्न स्थानीय तहको वडा स्तरसम्म पुग्ने गरी सूचना प्रवाह गर्नुपर्दछ ।

**(ख) संरक्षण**

मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको पहिचान, उद्धार, स्वदेशी फिर्ती, आवश्यक सेवा सुविधा, परिवार तथा समुदायमा पुनर्मिलन र पुनएकीकरण कार्य गरी संरक्षण प्रदान गर्नका लागि मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजनाको मस्यौदा तयार भई सकेको छ । त्यस मस्यौदामा बदलिंदो राज्यका संरचना अनुसारका जिम्मेवारी रहने गरी राज्यका निकायलाई कार्यान्वयनको जिम्मेवारी दिनुपर्ने हुन्छ ।

१) मानव बेचबिखन तथा ओसारपसार विरुद्ध विद्यमान नीति तथा कानूनहरूलाई वर्तमान संविधानसँग मेल खाने गरी परिमार्जन गर्ने

२) मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको सहज ढङ्गले उद्धार तथा स्वदेश फिर्ती गरी समाजमा पूनर्स्थापना गर्नका लागि पीडित मैत्री मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन तथा नियमावली, निर्देशिका बमोजिमको कार्यविधिहरू निर्माण गर्नु पर्दछ ।

३) मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको उद्धार तथा संरक्षणका क्रममा पूनर्स्थापना केन्द्रमा राख्ने व्यवस्था गर्दा नेपाल सरकारको न्यूनतम मापदण्डमा आधारित रहेर व्यवस्था गर्नुपर्दछ ।

४) मानव बेचबिखनबाट पीडित/प्रभावित व्यक्तिहरूको संरक्षणका लागि सरकारी तथा गैरसरकारी वा निजी क्षेत्रको पहलमा समेत विभिन्न नाममा स्थापना गरिएका पुनर्स्थापना केन्द्र/संरक्षण गृहहरूलाई नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले तयार पारेको “पुनर्स्थापना गृह सञ्चालन निर्देशिका” बमोजिम सञ्चालन गर्नुपर्ने देखिन्छ । “पुनर्स्थापना गृह सञ्चालन निर्देशिका” मा तोकिए अनुसारको गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्न नियमित रुपमा अनुगमन गर्ने प्रणाली निर्माण गरी लागु गर्नु पर्दछ ।

५) मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी अपराधका कारणहरू मध्ये बेरोजगारी एक मुख्य कारणको रुपमा रहेको पाइन्छ।बेचबिखनबाट पीडित/प्रभावितहरूको संरक्षण कार्यलाई सुनिश्चित गर्नका लागि पीडित/प्रभावितहरूलाई रोजगारीको अवसर उपलब्ध गराउनु आवश्यक हुन्छ।मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूका लागि घरेलु तथा साना उद्योग, सीप विकास तालिम केन्द्र, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्र लगायत अन्य विभिन्न निकाय तथा संस्थाहरूबाट सञ्चालन हुने छोटो तथा लामो अवधिका रोजगार प्रवर्द्धन गर्ने खालका तालिमको आयोजना गरी उनीहरूलाई सहभागी गराउनु अत्यावश्यक देखिन्छ ।

६) मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको पारिवारिक पुनर्मिलन र सामाजिक एकीकरणलाई प्राथमिकतामा राखी उनीहरूको पूर्ण र दीर्घकालीन संरक्षण कार्यक्रममा जोड दिनु पर्दछ ।

७) संरक्षण कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्नकालागि आवश्यक पर्ने श्रोत व्यवस्थाका लागि सरकार र निजी क्षेत्र समेतको आपसी समन्वय, सहयोग, सहकार्य तथा साझेदारीमा निजी क्षेत्रलाई सामाजिक दायित्व प्रति सजग हुने गरी जिम्मेवारी पूरा गर्न प्रोत्साहन गर्नुपर्दछ ।

८) श्रम स्वीकृती नै नक्कली बनाइ विदेशमा जाने प्रवृति बढेकोले त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलमा मानव बेचबिखन अनुसन्धान ब्यूरोले कडाइका साथ निगरानी बढाउनु पर्ने ।

९) भैरहवाको गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थलबाट पनि अन्तर्राष्ट्रिय उडान हुने गरेकोले त्यहाँ पनि मानव बेचबिखन अनुसन्धान ब्यूरोको इकाइ स्थापना गर्नुपर्ने ।

**(ग) कानूनी कारबाही**

मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरुद्ध राष्ट्रिय कार्ययोजनाको मस्यौदामा मानव बेचबिखन नियन्त्रणका लागि कानून निर्माण र उपयुक्त न्यायिक प्रणालीको विकास गरी पीडित/प्रभावितका लागि राहत तथा क्षतिपूर्ति द्रुतता र प्रभावकारी न्याय प्रदानको व्यवस्था तथा अभियुक्तहरूलाई दण्ड सजाय जस्ता विषयहरूलाई जोड दिनुपर्नेछ।कानूनी कारबाहीका लागि देहाय बमोजिमका सुझावहरू प्रस्तुत गरिएको छ ।

१) मानव बेचबिखनको जोखिम उन्मुख वर्ग रहेको विभिन्न अध्ययन प्रतिवेदनले देखाउँदछ । कानून सम्बन्धी जानकारी नभएका कारण देखाइ अपराधजन्य घटनाबाट कोही पनि सजायमुक्त हुन सक्दैन । पीडित/प्रभावित पक्षको तुलनामा पीडक पक्षले कानूनबाट बच्ने गरी काम गरेको पाइएकोले अपराधिक घटना

घटाएर पनि बच्न सफल भएको पाइन्छ। यसैले मानव बेचबिखनबाट जोखिमोन्मुख स्थानीय समुदाय र कानून कार्यान्वयन गर्ने निकाय सरोकारवालाहरूलाई मानव बेचबिखन नियन्त्रण सम्बन्धी कानूनबारे शिक्षा, तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी कानूनी प्रावधान बारे सुसूचित बनाउनु पर्ने हुन्छ।

२) श्रम शोषण, यौन शोषण, गैर कानूनी अङ्ग प्रत्यारोपण, दासता, मानव तस्करी जस्ता विविध विषयहरू मानव बेचबिखन तथा ओसारपसारको परिभाषा अन्तर्गत पर्दछन्। तर यी सबै विषयहरूलाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ लगायत अन्य कानूनले समेटेको पाइँदैन। सबै प्रकारका अपराधहरू एउटै कानूनमा उल्लेख नहुँने र मानव बेचबिखन तथा ओसारपसारको कार्य बहुक्षेत्रीय, बहुआयामिक प्रकृतिको हुने हुँदा पीडकहरू विभिन्न बहानामा आफ्नो अपराधको सजायबाट सजिलो उपाय खोजेर उन्मूक्ति पाएको देखिन्छ। त्यसैले मानव बेचबिखन कार्यलाई प्रभावकारी रुपमा नियन्त्रण गर्न सबै कानून र कानून कार्यान्वयन गर्ने निकायहरू बीच समन्वय, सहयोग, सहकार्य, साझेदारी वृद्धि गर्दै जानु पर्ने देखिन्छ।

३) मानव बेचबिखनबाट पीडित/प्रभावितहरूलाई न्याय दिलाउनका लागि पीडितमैत्री कानूनको निर्माण गरी कानून कार्यान्वयन गर्ने निकायहरूमा पनि उनीहरूले पालना गर्नुपर्ने आचारसंहिता बनाई पीडित/ प्रभावित मैत्री वातावरण कायम गर्नुपर्ने देखिन्छ।

४) मानव बेचबिखन तथा ओसारपसारको वास्तविक घटनाहरू पत्ता लगाई यसका पीडकलाई पहिचान गरी फरार पीडकलाई पक्राउ गर्नका लागि कानूनबाटै प्रोत्साहन र सुरक्षाको सुनिश्चितता गर्न सुराकीको व्यवस्था गरिनु पर्दछ। सुराकीको नाम गोप्य रहने र निजले पारिश्रमिक पाउने व्यवस्था गर्नुपर्दछ।

५) कानूनी कुरालाई स्थानीय स्तरदेखि राष्ट्रिय स्तरसम्म सरकारी तथा गैरसरकारी संघसंस्थाहरूले मानव बेचबिखनको नियन्त्रणबारे सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने र अपराध गर्नेलाई कानूनी दायरामा ल्याउन सहयोग गर्ने।

६) मानव बेचबिखन तथा ओसारपसारका घटनामा संलग्न हुने पीडकहरू विरुद्ध मुद्धा चलाउँदा अदालतबाट मानव तस्कर सम्बन्धी मुद्धामा अभियुक्त उम्कीरहेको पाइएकोले मानव तस्कर विरुद्धको ऐन जारी गरी कारबाही गर्नुपर्ने ।

**(घ) क्षमता विकास**

१) नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि विभिन्न प्रकारका कानून निर्माण गरी लागु गरेको स्थिति छ। राज्यले नीति, कानून, कार्यक्रम निर्माण गरेको छ तर सरकारले सरोकारवालाहरू सबैमा यसको जानकारी हुँन सकेको छैन। कानून, कार्ययोजना, मापदण्ड तथा कार्यविधि, दिग्दर्शनहरूको प्रयोगमा सरल र सहज हुने गरी आम सरोकारवालाहरूलाई सुसूचित गराउनु आवश्यक देखिन्छ।

२) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कार्यमा सरकारी निकाय लगायत विभिन्न गैर सरकारी संस्थाहरूका मानव बेचबिखनसँग सम्बन्धित जनशक्ति अर्थात विषय विज्ञहरूको विज्ञता प्रयोगका लागि समय समयमा उनीहरू बीच अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनु पर्दछ।विभिन्न मन्त्रालयमा तोकिएका लैङ्गिक सम्पर्क व्यक्तिहरूका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट सञ्चालन हुने गोष्ठी तथा तालिमलाई सहभागी हुने गरी मानव बेचबिखन नियन्त्रण सम्बन्धी अध्ययन अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमको आवश्यक देखिन्छ।

३) वैदेशिक रोजगारीमा जाने क्रममा रोजगारका आकांक्षीहरू मानव तस्करीमा पर्ने जोखिम बढिरहेको देखिन्छ। यसैले देशभित्र र बाहिर असुरक्षित आप्रवासन नियन्त्रण गर्न मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सुरक्षित आप्रवासनको व्यवस्था गरिनु पर्दछ।

४) मानव बेचबिखन तथा ओसारपसारको कार्य नेपालको सबै क्षेत्रमा हुने गरेकोले यसको नियन्त्रणका लागि संघ, प्रदेश तथा स्थानीय सबै तहको क्रियाशिलता अनिवार्य देखिन्छ । तसर्थ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणकालागि आआफ्नो भूमिकामा कार्यरत विभिन्न स्तरका समूह, समिति, समुदाय लगायत सबै सरकारी तथा गैरसरकारी क्षेत्रका सरोकारवालाहरू बीच लागत बाँडफाँड सहित अन्तरक्रिया, गोष्ठी, अभिमुखीकरण तथा क्षमता अभिवृद्धि तालिम कार्यक्रम आयोजना गर्नुपर्ने देखिन्छ ।

**(ङ) समन्वय, सहयोग र सहकार्य**

१) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको कार्यमा संलग्न सबै सरकारी, गैरसरकारी, निजी क्षेत्र तथा विकास साझेदारहरूले एक आपसमा समन्वय र सहयोग बढाई सहकार्य तथा साझेदारीमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

२) मानव बेचबिखन तथा ओसारपसार विरुद्ध विभिन्न निकायहरूबाट सञ्चालन भएका क्रियाकलापहरूमा रहेको दोहोरोपन हटाउन समाज कल्याण परिषद् तथा अन्य सरोकारवाला निकायले गैरसरकारी संस्थाहरूलाई आयोजना/परियोजनाको सञ्चालन गर्न स्वीकृति प्रदान गर्दा नै सुनिश्चित गर्नुपर्दछ ।

३) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको सवाललाई सरकारी निकायबाट हुने विभिन्न किसिमका तालिम कार्यक्रमहरूमा समायोजन गर्नुपर्दछ । खासगरी नेपाल र भारतबीच सीमा नाकामा हुने गतिविधि समीक्षाका लागि सुरक्षा अधिकारी बीच नियमित रुपमा हुने सबै तहको औपचारिक बैठकमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको सवालमा पनि छलफल गरी तत्काल समस्या समाधान गर्ने प्रणाली लागु गर्नुपर्दछ ।

४) दक्षिण एसियाका मुलुकहरू बीच यौन ब्यवसायका लागि महिला र बालबालिका बेचबिखन विरुद्धको सार्क महासन्धि, २००२ को प्रावधान बमोजिम विभिन्न देशहरू बीच आपसी समन्वय र सम्बन्ध बढाई मानव बेचबिखनबाट पीडित/प्रभावितहरूको स्वदेश फिर्ती, अपराधीहरूको सुपुर्दगी तथा कानूनी सहायता विस्तार गर्दै बेचबिखन नियन्त्रण गर्नुपर्दछ ।

५) घरेलु कामदाहरूको अधिकार सम्बन्धी आई.एल.ओ. महासन्धि, आप्रवासी कामदारहरूको अधिकार सम्बन्धी महासन्धी अनुमोदनका लागि पहल गर्नुपर्दछ ।

६) विभिन्न देशहरूसँग आपसी समन्वय, सहयोग, सहकार्य तथा साझेदारी विस्तार गरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणकालागि खास गरी वैदेशिक रोजगारीमा जाने महिलाहरूको सुरक्षित आप्रवाशनका लागि गन्तब्य मुलुकहरूसँग द्विपक्षीय र बहुपक्षीय सम्झौता गर्नुपर्दछ ।

**(च) मध्यावधी मूल्याङ्कन प्रतिवेदनको सुझाव कार्यान्वयन**

मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना (२०६८/२०७८) को कार्यान्वयन स्थितिको **"मध्यावधि मूल्याङ्कन" २०७४** मै गरी सकिएको छ । यसको आधारमा महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजनाको मस्यौदा तयारी अवस्थामा रहेको छ । **"मध्यावधि मूल्याङ्कन प्रतिवेदन"** र राज्य पूनर्स्थापनाको आधारमा नयाँ सङ्घीय शासन प्रणाली अनुसार केन्द्र, प्रदेश तथा स्थानीय गरी तीनै तहलाई स्पष्ट जिम्मेवारी किटानी गरी कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची १

## ठाकूरबाबा नगरपालिका, बर्दियामा गरिएको छलफल

यस नगरपालिकामा मानव बेचबिखन तथा ओसारपसारका दृष्टिकोणबाट संवेदनशिल नगरपालिका पर्दछ। यस नगरपालिकाका सबै वडाहरूमा मुक्त कमैयाहरूको वस्ती रहेको छ। यस वस्तीलाई मानव बेचबिखनका दृष्टिकोणबाट संवेदनशिल मानिएको छ।यस वस्तीमा बाल बिवाहको प्रचलन रहेको सम्बन्धित वडाका वडाध्यक्षहरू बताउँछन। गत वर्ष वडा नं. ९ बेतिनीका ४ जना किशोरीहरूलाई विवाह गर्ने वाहनामा दलालले काठमाण्डौंसम्म पुर्‍याइएकोमा उद्धार गरिएको थियो। स्थानीय पाठ्यक्रम २०७८ अनुसार स्थानीय सवाल र पहिचानहरू भन्ने शीर्षकमा महिला हिंसा/लैङ्गिक हिंसाका विषयमा अध्यापन गराइदै आएको पाइएको छ।बालक्लबहरूको गठन गरी सचेतनामुलक कार्यक्रमहरू सञ्चालन गरिदै आइएको अवस्था छ।

गत वर्ष सम्पन्न गरिएका कार्यक्रमहरू

| क्र.सं. | क्रियाकलाप | बजेट रु |
|---|---|---|
| १ | लैङ्गिक हिंसा निवारण कोष | १००००० |
| २ | अनाथ तथा जोखिममा रहेका बालबालिकाको लागि सामाजिक सुरक्षा कोष | १००००० |
| ३ | बाल अधिकार समिति/बाल क्लबको बैठक व्यवस्थापन तथा चौमासिक अन्तरक्रिया | ५०००० |
| ४ | अपाङ्गता परिचय पत्र वितरण | १००००० |
| ५ | मनोसामाजिक परामर्श तथा व्यक्तित्व विकास तालिम | १५०००० |
| ६ | बालविवाह लागु औषध दुर्व्यशनी लैङ्गिक हिंसाविरुद्ध सामुदायिक प्रहरी साझेदारी | १००००० |
| ७ | शन्देसमुलक सुचना प्रशारण | ५०००० |

*स्रोतः ठाकुरबाबा नगरपालिकाको कार्यालय सैनावार बर्दिया*

# अनुसूची २

## समाज कल्याण परिषद्को प्रतिवेदन

- आ.व.२०७८/७९मा स्वीकृत भएका मानव बेचबिखनको क्षेत्रमा सञ्चालित गैर सरकारी संघ संस्थाको परियोजनाहरूको विवरण

| क्र.सं. | गैर सरकारी संस्थाको नाम | परियोजनाको नाम | परियोजना सञ्चालन भएको जिल्ला | परियोजनाको क्षेत्र |
|---|---|---|---|---|
| 1 | 3 Angels Nepal Kaski | Anit Human Trafficking Project | Kaski | Child Home/Trafficking |
| 2 | 3 Angels Nepal Kaski | cfTdlge{/tfsf] nflu s[lif{ sfo{qmd | Chitwan | Child Home/Trafficking |
| 3 | Aashish Social Service Nepal Rupandehi | Human Transformation Project | Parsa, Nawalparasi, Chitwan ,Rupandehi and Sarlahi | Women/Vocational training / Trafficking |
| 4 | Alliance Against Trafficking in Women and Children in Nepal Kathmandu | Amplifying Voice for Dignified Life and Decent Work | Kathmandu | Human Trafficking |
| 5 | Arko Pana Nepal Lalitpur | Prevention of women, adolescent and children working in entertainment by helping, raising awareness and providing training | Lalitpur | Women/GBV/Trafficking |
| 6 | Asha Nepal Lalitpur | Providing Education to orphan Children and rescue and rehabilitate sexually exploited women and women sold to red light area of India | Lalitpur | Child Home /Children/ Trafficking |
| 7 | Ashish Social Service Nepal Rupandehi | Human Transformation and Covid 19 Relief Project | Parsa, Nawalparasi, Chitwan and Rupandehi | Trafficking / GBV/Covid-19 |
| 8 | Change Action Nepal Lalitpur | Empowering the girls through Education To Stop Human Trafficking | Sindhupalchok | Young Girls/Education/ Human<br><br>Trafficking |
| 9 | Cheli Nepal Chitwan. | CHELI Empowerment and Transformation Project | Chitwan | Women and Children/ Trafficking |
| 10 | Chhori Lalitpur. | SAFE | Kathmandu, Lalitpur and Nuwakot | Shelter/Empowerment/ Relief/Trafficking |
| 11 | Chhori Lalitpur. | Protection of AES workers In Workplace and Reintegrated Them for Alternative Livelihood in Nepal (PARIW ARTAN) | Kathmandu | Girls and Women/Shelter/ Relief Support/Trafficking |
| 12 | For The One Kathmandu | Next Step Living (NSL) | Lalitpur | Women/Children/ Trafficking |
| 13 | Future Generation Nepal Kathmandu | 1. Reintegration Project 2.Transitional Care Project 3. Prevention Project 4. Scholarship Project | Kathmandu, Kalikiot and Humla | Children/Transit Home/ Human<br><br>Trafficking |

| क्र.सं. | गैर सरकारी संस्थाको नाम | परियोजनाको नाम | परियोजना सञ्चालन भएको जिल्ला | परियोजनाको क्षेत्र |
|---|---|---|---|---|
| 14 | Higher Ground Community Development Nepal Lalitpur | Empowerment, Training and Development Program (ETDP) | Lalitpur and Kathmandu | Women Empower/ Trafficking/Education/ Livelihood |
| 15 | Kin Nepal Lalitpur. | Combating Trafficking in Persons | Jhapa, Morang, Parsa, Chitwan, Parasi, Rupandehi, Kapilvastu, Banke, Kanchanpur, Lalitpur, Parasi | Women/Girls/Human Trafficking |
| 16 | Kin Nepal Lalitpur. | Combating Trafficking in Persons | Jhapa, Morang, Parsa, Chitwan, Parasi, Rupandehi, Kapilvastu, Banke, Kanchanpur, Lalitpur, Dhanusa | Women and Girls/ Trafficking |
| 17 | Maiti Nepal Kathmandu. | Interventional Measures to Combating Unsafe Migration and Human Trafficking in Nepalgung, Banke District of Nepal | Banke | Women/Human Trafficking/ GBV/Transit Home/Women Right |
| 18 | Maiti Nepal Kathmandu. | Empowering Girls and Women through comprehensive rehabilitation services and sustainable livelihood | Kathmandu | Girls and Women/ Trafficking |
| 19 | Maiti Nepal Kathmandu. | Operating Transit Homes to Combat Trafficking of Women and Children at Maheshpur and Birjunj, Nepal | Parsa and Nawalparasi | Girls and Women/ Trafficking/Transit Home |
| 20 | Maiti Nepal Kathmandu. | i) Medical and Surgical care for the children of Child Protection Home at Maiti Nepal ii) Ensuring inclusive and equitable quality education at Teresa Academy | Kathmandu | Girls and Women/ Trafficking/Transit Home |
| 21 | Maiti Nepal Kathmandu. | i) Child Protection Centre Support ii) Trandsit Home Sarlahi iii) Center office Program and Admin Support | Kathmandu, Sarlahi, | Women/Human Trafficking/ Transit Shelter/GBV |
| 22 | Maiti Nepal Kathmandu. | Education Support Program | Kathmandu | Women/Human Trafficking/ Education |
| 23 | Maiti Nepal Kathmandu. | Education Support Program | Kathmandu | Education/Trafficking |
| 24 | Maiti Nepal Kathmandu. | Transit Home Dhanusa | Dhanusa | Women and Children / Trafficking |
| 25 | Maiti Nepal Kathmandu. | Operating Transit Home to Prevent Cross border Trafficking at Nepal India border | Morang, Jhapa, Rupandehi, Bardiya, Kanchanpur, Kathmandu and Chitwan | Women and Children / Trafficking /GBV |
| 26 | Maiti Nepal Kathmandu. | Information and Vigilance Center and Transit Center | Kathmandu | Education/Trafficking |
| 27 | Maiti Nepal Kathmandu. | Empowering girls and women through comprehensive rehabilitation services and sustainable livelihood | Kathmandu | Human Trafficking |

| क्र.सं. | गैर सरकारी संस्थाको नाम | परियोजनाको नाम | परियोजना सञ्चालन भएको जिल्ला | परियोजनाको क्षेत्र |
|---|---|---|---|---|
| 28 | Maiti Nepal Kathmandu. | Prevention and Protection against Human Trafficking | Parsa | Human Trafficking |
| 29 | Maiti Nepal Kathmandu. | Border Measure for Combating Trafficking in Person and Support the Survivors through Life Skill development in Ilam, Sunsari, Kavrepalanchok, Rasuwa, Dhangadi and Services to Mother and Babies at Risk in Kathmandu | Ilam, Sunsari, Kavrepalanchok, Kathmandu, Dhanusha, Kailali and Rasuwa | Human Trafficking /GBV |
| 30 | Maiti Nepal Kathmandu. | Interventional Measurement to Combating Unsafe Migration and Human Trafficking in Nepalgunj Banke i) Interventional Measurement to Combating Unsafe Migration and Human Trafficking in Gaushala Kathmandu | Kathmandu and Banke | Human Trafficking |
| 31 | Maiti Nepal Kathmandu. | 1. Human Trafficking Prevention Program 2022, Hetauda Makwanpur District 2. Information and Vigilance Centre and Transit Home Thankot, Kathmandu 3. Prevention and Protection against human trafficking at Mahespur Nepal | Kathmandu, Makwanpur and Nawalparasi | Women and Children/ Trafficking |
| 32 | New Light Nepal Sarlahi | Anti Trafficking Training | Sarlahi | Women and Chilsdren/ Trafficking |
| 33 | Peace Rehabilitation Center Lalitpur | Holistic Development of Women/Girls | Lalitpur, Kapilvastu, Banke, Dang, Kailali and Kanchanpur | Women/ Children/ Human Trafficking |
| 34 | Purple Foundation Kathmandu | safe and respectfulworkplace: my pride and right | Kathmandu nad Kaskit | Trafficking/AES Workers |
| 35 | Sahasi Mahala Nepal Kathmandu | Prevention and Combating Against Human Trafficking | Kathmandu, Jhapa, Kanchanpur | Women/ Trafficking |
| 36 | Samrakshak Samuha Nepal Kathmandu | School For Justic (SFJ) | Kathmandu. | Women/Education/ Rehabilitation /Trafficking |
| 37 | Shakti Samuha Kathmandu. | Rescue and Shelter Pokhara 2021 | Kaski | Shelter Home (Human Trafficking, Safe Migration, GBV, Women Right, Counseling) |
| 38 | Shakti Samuha Kathmandu. | Rescue and Shelter Pokhara 2021 | Kaski | Shelter Home (Human Trafficking, Safe Migration, GBV, Women Right, Counseling) |

| क्र.सं. | गैर सरकारी संस्थाको नाम | परियोजनाको नाम | परियोजना सञ्चालन भएको जिल्ला | परियोजनाको क्षेत्र |
|---|---|---|---|---|
| 39 | Shakti Samuha Kathmandu. | PATH- Protection against hunman trafficking survivors in Nepal | Banke | Shelter Home (Human Trafficking, Safe Migration, GBV, Women Right, Counseling) |
| 40 | Shanti Foundation Kathmandu | Hamro Sawal Hamro Netritwa | Makwanpur | Women/Children/ Trafficking/GBV |
| 41 | Share and Care Nepal Lalitpur | DIGNITY-II Project | Nuwakot | Human Trafficking/ Livelihood/Women Empowerment |
| 42 | Starlight Foundation Lalitpur | Freedom Project | Lalitpur and Kathmandu | Women and Children/ Human Trafficking |
| 43 | Starlight Foundation Lalitpur | Community Health and Development Program | Gorkha, Kathmandu and Lalitpur | Women and Children/ Human Trafficking / Education |
| 44 | Sustainable Development Foundation Nepal Lalitpur | Improving Lives of Orphans and Survivors of Girls/Women Trafficking An Integrated Approach | Lalitpur | Child Home/Children/ Trafficking |
| 45 | Tiny Hands Nepal Kathmandu | Tiny Hands Nepal Project | Jhapa, Nawalpur, Saptari, Morang, Sarlahi, Siraha, Rautahat, Parsa, Dhanusha, Makwanpur, Parasi, Rupandehi, Kapilvastu, Banke, Bardiya, Chitwan, Kailali, Bara, Kanchanpur, Mahottari, Sunsari, Kaski, Kathmandu and Laitpur | Child Home/Women/ Children/Trafficking |
| 46 | World Mission Outreach Organization Bhaktapur | a) Ani Trafficking Boarder Monitoring Project B) Scholarship and Educational support Partnership Program | Jhapa, Morang and Bhaktapur | Trafficking/ Education |

# अनुसूची ३

## आवाज नेपाल गैर सरकारी संस्थाहरूद्वारा मानव बेचविखन तथा ओसारपसार नियन्त्रणका क्षेत्रमा आ.व. २०७८/७९ मा सम्पादन भएका कार्यहरुको प्रगति

ठेगानाः बिरेन्द्रनगर सुर्खेत

सम्पर्क व्यक्तिः इरादा पराजुली गौतम

सम्पर्क नं. ९८५१०६२१२

| क्रियाकलाप | लाभान्वित सङ्ख्या | कार्यक्षेत्र | | उपलब्धि |
|---|---|---|---|---|
| | | जिल्ला | स्थानीय तह | |
